(अनुष्टुप् छन्द)

## गङ्गालाल

म मेची हुँ वा कोशी, महाकाली र गण्डकी
हिन्द हूँ अथवा सिन्धु, प्रशान्त हूँ मिसिसिपी
अर्थात् म झुल्कँदो चन्द्र- ज्योति भै पिल्पिलाउँदै
अँध्यारो खाक पारेर न्यानो घाम उदाउँदै ।-
मानौं हूँ देशको दर्द जीर्ण- शीर्ण बनाउने
माथा सगर झैं अग्लो राष्ट्र माथि उठाउने
मुटु हूँ ढुक्ढुकी लाखाँ- बुकुरा घच्घच्याउने
थापी म प्राणको बाजी आगो भैकन दन्कने ।
म ज्वालामुखी हूँ, या त भूईंचालो डगाउने
बगाई पसिना- धारा मरु- भूमि पटाउने
रोपी गुरांशका बीऊ हिमाली भेक छाउने
म आफ्नै देशको नौलो इतिहास बनाउने ।
म आगो बल्नसक्ने छु, खरानी उड्नसक्तिनँ
म सागर- नदी बग्छु, खहरे कुद्न सक्तिनँ
म मेरो देश रोएको अगाडि हेर्न सक्तिनँ
हातमा हत्कडी बाँधी दास भै ज्युन सक्तिनँ ।
म नालापानिमा लड्ने युद्धका वीर- वीरको
खलङ्गा- कांगडा, टिष्टा बगेका रक्त- सिन्धुको
आस्था विश्वासको रोप्दै बिरुवा लेक- बेंसिमा
म नाचेको घना अग्लो म हाँसेको हिमालमा ।
टाकुरामा सधैं फुल्छु बनी गुरांश- वैभव
देशको माटोमा ज्योत्स्ना छरेर शीत- शैशव
उदाउँछु जहाँ पूर्व लालिमा नित्य छाउँछु
म विश्व- भातृत्व निम्ति देश- भक्ति सिकाउँछु ।
म जान्दिनँ निहुरीन शिर मेरो हिमाल छ
कडोर जनता मैले बोकेको छातीभित्र छ
बैरीसामु बनी वज्र अरिङ्गालसरी भई



म फाँसीमा बरु चढ्छु देशको अलङ्कार भै ।
मृत्युलाई नस्वीकारी मान्छे नै मान्छे बन्छ कां ?
नचढी फाँसिमा वीर देश नै देश बन्छ कां ?
रोई भत्किन्न पर्खाल अन्याय असत्यको
बाँधेर हात आउन्न दिन स्वच्छ स्वतन्त्रको ।
त्यसैले, म आफ्नी आमाको छाती प्रेमले नै रसाउँदै
रसिला प्रीतका गीत छरेर जीत गाउँदै ।-
हो, मृत्यु त अनिवार्य- अपरिहार्य नै छ त्यो
त्यसैले मर्न जान्नु छ मेटी अँध्यारो विश्वको
हो, मान्छेका निम्ति नै मृत्यु हुनुपर्छ लडाइँमा
रातो रगतले कोर्ने सुनौला इतिहासमा ।

(अनुष्टुप् छन्द)

## ढाक्रे

तप्प- तप्प चुही बग्छन् जिउमा पसिनाहरू
थाप्लो किच्चिइन्छ मानौं झर्दामा असिनाहरू
मेघको शैलमा ओढी डाँडा- काँडा चहार्दछौं
फुस्रेको नून खेपेर जिन्दगी यो गुजार्दछौं ।
सानैदेखि यही ढाकर् - भारी बोकी सधैंभरी
लेक- बेंसी रसाउँछौं सुसेली जिन्दगीभरी
कैल्हे तमोर- अरुन्मा, कैल्हे ती खहरेबिच
सधैं कुस्ती चलिर’न्छ जाडो या गर्मीका बिच ।
भारीले साहुका थिच्दा फुट्छन् यी जिउका नसा
धाँजा फाटेर पैंताला चिरिन्छन् जिन्दगी- दशा
चाहे हिउँद- बर्सात, चाहे औंसी र पूर्णिमा
सिङ्गै जीवन गुड्दैछन् ढाक्रेका बैंसका जहाँ ।
सिलाबर्को कसौंडीमा ढिंडो पाक्छ अलिकति
ताप्केमा छड्कँदा गुन्द्रुक् भोक भाग्छ यताउति
मरुञ्जेली छ यो ढाकर् थोरै विश्रामखातिर

भालेका डाकमा ब्यूँभी लाग्नुपर्छ तीरै- तिर ।
बगाउँदा पसिनाका धारा औ रक्त- पोखरी
भन् हाम्रै जिन्दगी रुन्छन् साहुका रिनमा परी
ब्याज- स्याज सधैं बढ्छन् भारी जत्ति बोके पनि
छोरा- छोरी सधैं रुन्छन् दशैं तिहारमा पनि ।
आंग छोप्ने नभै टालो जिउ डढ्दछ घामले
ओत लाग्ने नभै ठाउँ चुट्छन् बेस्कन पानिले
बाबु- बाजे बिते यस्तै, पुर्खा बिते यसैगरी
थोरै मानिस सप्रिए, हामी बिग्रचौं जुनीभरी ।
जोतिएर गधाका भैं नाम्लाको बरियो भिरी
पाठशाला भयो ढाकर् तोक्मा- खकन पाठ छन्
कथा पढ्छौं, ब्यथा भुल्छौं च्युरीबास उकालिका
धारापानी र साँगुरी, लेगुवा, हिम- तीरका ।
समस्याका यिनै सातु खाजा छन् जो अलिकति
घडेरी डिक लेखेको बाहेक छैन सम्पति
लाला- बालाहरू बस्छन् गोठाला साहुका घर
बगाई पसिना भोकै- नाङ्गै छन् विचरा तर ।
उनै साहु सधैं गर्छन् हामीमाथि अनादर
काला शोषण मात्रै छन् बाँचेका जिन्दगीभर
रेटेर हाड- सारङ्गी शान्तिका धून बज्दछन्
पिएर पसिना हाम्रै शान्तिका यज्ञ चल्दछन् ।
सहँदै कष्टका काँढा यो हालत हुँदै गयो
फेरिएनन् कठै दिन ! रात भन् अन्धकार भो
एक भै लाग्नु पर्थ्यो कि ढाक्रेका जित गाउन
अथवा विश्वका मान्छे सुतेका घच्घच्याउन ।

(जनसंवाद साप्ताहिक २०४३)

(अनुष्टुप् छन्द)

## महाकवि देवकोटाप्रति

तिमी आयौ, कहाँ आयौ ? हरायौ अथवा गयौ



मऱ्यौ आफैं नजानेर ? मारियौ कुन्नि के भयौ
शून्यबाट उठी शून्य ! चिता- शून्य भई गयौ !
बाँच्यौ आखिर शून्यै भै, शून्यतामै तिमी मऱ्यौ !
बुभ्यो कस्ले यहाँ तिम्रो भाषाको गरिमा कहाँ ?
पढ्यो कस्ले लिई चाख काव्यको महिमा यहाँ ?
रह्यौ ज्यूँदो छँदा भोकै, समस्याबीचमा डुबी
मऱ्यौ उल्टै, भयो मृत्यु पुरस्कारै लिएसरी ।
पूजे पत्थर मान्छेले भावना नपूजे पनि
कुँदे मूर्ति बनाएर वेदना नबुझे पनि
दुई शब्द अहा नाम ! लेखियो एक स्तम्भमा
तर काम सबै उल्टो देखियो व्यवहारमा ।
खटी ट्युसनमा ब्यस्त मास्टरी श्रम बेस्सरी
किताब काव्यका नाना बनायौ जिन्दगीभरी !
संघ- संस्थातिरै त्यत्रो थियो जीवन- अर्पण
सङ्घर्षमा बित्यो धेरै जिन्दगी नै समर्पण ।
अनिकाल- महामारीबीच हिजो तिमी गयौ
आज फेरि अहा ! कस्तो ? किंवदन्ती बनीरह्यौ
परम्परा छ मान्छेले गर्भमै मर्नुपर्दछ
बाँच्यो यदि भने उस्ले जहरै प्युनुपर्दछ ।
गर्छ को कविको यहाँ श्रद्धाले दृढ- आदर ?
कवि बन्नु त मानौं हो अभिशाप अझैतक !
उपहास भयौ उल्टै चेतनाका महाकवि
पुछ्ता मानिसका आँसू गयौ आफैं तिमी सुकी ।
श्रद्धा- निन्दा दुवै हुन्छन् जिन्दगीमा बराबर
तर तिम्रो भयो ऐले न त निन्दा, न आदर
तिमी जाँदा सबै मेरो देशको रुप नै गयो
मुटुको कलिलो पाटो चोइटिँदै दुखीरह्यो ।
बाँच्न खोज्यौ, नजानेरै अमूल्य जिन्दगी गयौ

फर्केनौ पुनरावृत्ति विरानोसरी पो भयौ
तपस्या जस्तरी मर्छन् मूल्यहीन भएपछि
व्यर्थ जस्तो, भयो कस्तो तिमी नै नरहेपछि ।
प्रतिभाका तिमी खानी, दानी कुबेरका सरी
कला- कोकिलका कण्ठ, कलाकार थरी- थरी
सम्झिएर तिमीलाई काव्य- पङ्ति चढाउँछु
अनुयायी सकूँ बन्न ! लक्ष्य आफ्नो बढाउँछु ।

नेपालभूमि साप्ताहिक २०४७, सांस्कृतिक संघमा वाचित

(मुक्तक)

## "स्वप्न साकार पारौं"

नेता- जेता प्रथम- गणको स्वार्थलाई सिंगारौं
नाता- गोता सबतिर भरी देशलाई बिगारौं
बेची आफ्नैपन पनि प्रजातन्त्रलाई घिसारौं
नेता बन्ने यहि छ पहिलो "स्वप्न साकार पारौं" ।

(मुक्तक)

## सुकुम्बासी

जन्म्यौं हामी मुलुक त्यसमा झोपडी छैन बास
पोख्छौं राता रगत- पसिना खानमा छैन गाँस
रित्तो, सानो घर- कुटि कुनै छैन यो कन्दरामा
मान्छे हौं रे ! हुन त,पशु झैं रोइ मर्छौं धरामा ।

(उत्साह त्रैमासिक, २०४४ माघ)



(अनुष्टुप् छन्द)

## नारायणगोपालप्रति

यहाँ फूलहरू झर्छन् कोपिला नफुटीकन
यहाँ घामहरू डुब्छन् औंसी नै नटुटीकन
यहाँ लासहरू हाँस्छन् देश रित्तो बनाउँदै
यहाँ मान्छेहरू मर्छन् गर्तमा छट्पटाउँदै ।
कविता शब्दमा रुन्छन्, भाषामा जन- जीवन
वेशमा देश शेषिन्छ जिन्दगी नबनीकन
काँढाहरू सधैं घोच्छन् खुकुरी धार लाग्दछ
नझुक्ने सिर्जना निम्ति फलामे बार लाग्दछ ।
लोभका खटिरा हुन्छन्, मोहका धमिराहरू
ईर्ष्यामा बदला लिन्छन् मारिन्छन् कमिलाहरू
माटोमै फल्दछन् विष, गुफामा काल बस्तछन्
छातीमा पीर पारेर गलामा डाँस डस्तछन् ।
नझुक्ता पनि के भो र ! झुकेकै श्रेष्ठ बन्दछन्
नजन्मे पनि जन्मेको घोषणा गर्न पुग्दछन्
पैसामा- पदमा मात्रै प्रशंसाहरू आउँछन्
अकालै सृष्टिका नौला पालुवाहरू मर्दछन् ।
यहाँ मान्छेहरू खान्छन् ढुङ्गाका चिउरा सधैं
नखानेहरू मासिन्छन्- भासिन्छन् भासमा कतै
स्रष्टा- सृष्टिहरू मर्छन्, दृष्टिमा शूल चढ्दछ
पानीका दहमा गोही लुकाई शिर बस्तछ ।
आँखामा वेदना रुन्छन्, भाषामा कविताहरू
न्याउली गीतमा रुन्छन्, गुफामा चेतनाहरू
आँसुमा बग्दछिन् गङ्गा, पीडामा क्षीर- सागर
सभ्यता जेलमा सड्छन्, चुलिन्छन् शठ- पामर ।
विकृति स्वीकृति बन्छन् संस्कृति नभएपछि
माहुरी बोटमा घुम्नन् परागै नरहेपछि

कसाही गर्दछन् न्याय गधाका पाउमा झुकी
यमराज यहीं रम्छन् फूलका रसमा डुबी ।
यहाँ मर्छन्, सबै मर्छन्, जो मान्छे बाँच्नुपर्दथ्यो
यहाँ झर्छन्, सबै झर्छन्, जो फुल्दै हाँस्नुपर्दथ्यो
हाँसे झैं टाकुरामाथि वैशाखी फुल्नुपर्दथ्यो
करोडौं मुटुको रानो भएरै खुल्नुपर्दथ्यो ।
तर, सुल्टो भयो उल्टो, गतिमा अवरोध भो
झरे आशा निराशामा खरानी अवशेष भो
सपना मात्र छन् आज विपना कसरी गयो ?
देशको बैंसको छाती किन बाँझै बनीरह्यो ?

**२०४७ चैत्र, समीक्षा साप्ताहिक**

(अनुष्टुप् छन्द)

## प्रण-वाचा सधैं गर !

पुग्छ आयु सबै मर्छन्, मर्छ मानिस नै पनि
बाँच्न खोज्ने झनै मर्छन्, मरेका ब्युँतिए पनि
सूर्य- ताराहरू खस्छन्, शून्य बन्छन् चराचर
छैन केही तथा कोही सृष्टिमा अजरामर ।
प्राण- प्राणीहरू मर्छन्, मर्छ माटो सुकी कण
कल्प- आयु भई बाँच्ने झर्छ नक्षत्रकै गण
मर्छ मान्छे, कुनै बाँच्छ लाख वर्षतकै पनि
गर्छ रक्षा भने लोक छर्छ आलोक नै पनि ।
मर्छ यौटा पिई रक्सी, अर्को सङ्ग्राममा परी
ज्युँछ यौटा बनी मुर्दा, बाँच्छ अर्को सधैंभरी
कोही बाँच्दा त्यसै मर्छन् खाक मर्दा विलाउँछन्
कोही मर्दा झनै बाँच्छन्, जस्तो वृक्ष पलाउँछन् ।
मर्न जान्नेहरू बाँच्छन्, हाँस्छ जस्तो हिमाल त्यो
बाँच्न खोज्ने सधैं जान्छन् भासिए झैं नदी उँधो
रच्छ षड्यन्त्रको पासो बाँच्न आफू उतातिर



मर्छ आफैं अरू मार्ने, झुक्छ लाछी हुने शिर ।
फूल झर्दा धरा रुन्छन् शूल हाँस्छन् मरी-मरी
बल्छ फेरि चिता आगो पाप डढ्छन् थरी-थरी
दुःख पर्दा सबै भाग्छन् अपवाद भई खडा
गर्छ रोध- प्रतिरोध वीर मात्रै यदाकदा ।
गर्छ यौटा कडा दुःख, खान्छ अर्को बसी- बसी
बन्छ यौटा बलीदान, बाँच्छ अर्को पशुसरी
सोच्छ यौटा सधैं देश, लुट्छ अर्को सबै धन
कारणै हो ठुलो- सानो बन्ने मानिसको मन ।
देश बोक्नेहरू हाँस्छन् तोप सम्मुखमा परी
वीर बन्नेहरू बाँच्छन् सूर्य- चन्द्र रहेसरी
मर्नु आखिर नै पर्छ भने वीर भई मर !
सच्चा शहीद झैं बाँच्ने प्रण- वाचा बरु गर ।

**राष्ट्रिय युवा महोत्सव २०५४ मा प्रथम पुरस्कार प्राप्त**

(मुक्तक)

## देशको घाउ

छातीभित्रै अति सकसले देशको दुख्छ घाउ
बाँधी मैले सहनु कसरी ? मूक भै हात-पाउ
लड्दै मर्छू बरु समरमा देशको पुछ्न आँसु
दिन्थें कैल्हे पर- जनकनै लुछ्नलाई म मासु !

(वेदना त्रैमासिक २०४४)

(अनुष्टुप् छन्द)

## पारिजातप्रति

झऱ्यो फूल भई म्लान सुकेरै दाउरासरी
मऱ्यो वैशाखको माटो नफक्री हिउँदे झरी
उड्यो आकाशमा आँसु कालो बादल भो घना
ढाक्यो समस्त छातीमा अन्धकार हिमालमा ।
नजानेरै भयो मृत्यु, जानेरै अथवा भयो ?
सारा संसारको सामु एक तारा रुँदै गयो
हुरीजस्तै उड्यो चोला वेदनाले गली- गली
फुल्नु पर्ने झऱ्यो फूल मध्य वैशाखको कलि ।
बल्नु थोरै थियो बाँकी भर्भराई हिमालमा
लेख्नु थियो अझै बाँकी देशलाई निधारमा
खुल्न छाडी गयौ घाम अस्ताएर निमेषमा
मानौं निस्तब्धताभित्र देश बाँझै बन्यो यहाँ ।
गधाको पाउमा झुक्ता स्यालले स्थान पाउँथ्यो
भेडाको हूलमा एक्लो स्वाभिमान कराउँथ्यो
कसाही मुटुले सिङ्गो घुम्ने मेच घुमाउँथ्यो
देश- भक्तहरू रुन्थे आँसु छाती भिजाउँथ्यो ।
अलग्गै फुल्दथ्यौ यौटा पारिजात कता- कता
न डुल्थे भ्रम्मरा कैल्ये, न त मौरी यता- उता
सुनसान थियो जस्तो पर्दाभित्र र बाहिर
कुँजिंदा कविता बन्थ्यो उपन्यास वृहत्तर ।
फूल शिरीषको फुल्थ्यो, उपन्यास थरी- थरी
तोरीबारी सधैं हाँस्थ्यो अनिंदो पहाडै सरी
नजन्माको पनि छोरा, साल्मीको आँसुको कथा
थिए पुस्तकमा सारा नेपाली जनका व्यथा ।



नझुकेरै अरुसामु वैली- वैली झऱ्यौ तिमी
दृढ छाती लिई माथि फैली- फैली बढ्यौ तिमी
त्यस्तो निर्मलता फेरि न 'भूतो वा भविष्यति'
वर्तमान बित्यो यस्तै भयो फेरि अनिश्चित ।
पारिजात जियौ एक्लै, गयौ एक्लै कतातिर ?
सुटुक्कै चोरिएजस्तो भयौ आज यतातिर !
हल्ली- खल्ली कतै छैन हिउँ बग्दा हिमालको
न त रोए कुनै पाखा, न त टुक्रे कुनै मुटु !
पारिजात गयौ आज फुल्न- फल्न नपाउँदै
फक्रियौ दुःखका माझ अश्रुधारा बगाउँदै
कोटि- कोटि तिमीलाई गर्छु श्रद्धा म अर्पित
भाषा- साहित्यकी रत्न गरें भाव समर्पित ।

(कविता, त्रैमासिक २०५० असोज)

(अनुष्टुप् छन्द)

## समप्रति

देवकोटा, सम, भीम, लेखनाथ शिरोमणि
कवि चार भए श्रेष्ठ, रविजस्ता रजोमणि
भानुभक्त यसै ब्यास, मोतीराम प्रकाशक
कवितामा भयो क्रान्ति हल्ली- खल्ली कलातक ।
देवकोटा बने ठुला कविमध्ये महाकवि
लेखनाथ भए पैल्हो रविमध्ये शिरोमणि
बालकृष्ण कलाकृष्ण नाट्य- सम्राट नै भए
भीमनिधि भने उल्टो सबै बन्दा पछाडिए ।
कवितामा यिनी पोख्त बालकृष्ण भनेपछि
अनुष्टुपै थियो छन्द भाव पोख्न भएजति
"शेर" काटी भए खाँटी "सम" साहित्यमा नयाँ
आधुनिक हुँदा शैली गहिराई विचारमा ।
सुस्त-सुस्त मिठो बोल्थे, कण्ठ खोल्थे गमी-गमी

अर्थ लाग्ने दुवै तर्फ शब्द लिन्थे चुमी-चुमी
कैल्हे पश्चिमका जस्ता आस्थामा पूर्वका तर
कालिदास थियो कण्ठै, नक्कली शेक्सपीयर ।
कुरा राम्रा तथा चाम्रा अभिव्यक्ति घुमाउरा
छक्क पर्थे सधैं मान्छे काव्य कण्ठै सुनाउँदा
दुरुस्तै पात्रले जस्तो भाव- भङ्गी गरी- गरी
मञ्च पाए रमाएर दृश्य दिन्थे थरी- थरी ।
जित्न सक्तैनथ्यो कोही न त सक्ने भए पछि
तर्कशास्त्री बनेका छन् अद्वितीय अझै पनि
उपमाका धनी त्यस्तै दार्शनिक थरी- थरी
नतमस्तक झैं बन्थे देवकोटा- हरू पनि ।
समता भावले हेर्थे कविको व्यवहारमा
राष्ट्रवादी थियो सोच नवीनता विचारमा
हुरुक्कै बन्दथे, गर्थे भाषामा पूर्ण बन्दना
नेपाली वीरजातिको थियो चित्र- चरित्रमा ।
माघ चौबिसको याम जयन्ती समको दिन
नेपाली नाट्य-आकाश उघ्रेको छयाङ्ग यो क्षण
झुकाई माथमा हात गरी राखुँ कि बन्दना !
“विभूति” राष्ट्रका हाम्रा समलाई सुसम्झना ।
(राष्ट्रपुकार सा.२०५२।१०।२४, लेखनाथ सदनमा वाचित)

(**मुक्तक**)

लुते- लुम्रे- झुम्रे जनहरु बनाई पशुसरि
म खाऊँ, मोटाऊँ सकल जनता शोषण गरी
चलोस् मेरो मात्रै हुकुम बलियो गाउँ- घरमा
बढोस् गुण्डागर्दी “अतिवरद होस् राष्ट्रभरमा ।
(**समस्या पूर्ति, लेखनाथ सदन**)



# पुष्पलालप्रति

(अनुष्टुप् छन्द)

चुँडेर मुटुको टुक्रा तिमीलाई चढाउँ कि !
गाँसी म फूलको माला मूर्तिमा पहिराउँ कि !
आँसु- रगतको भेल बगेको पो सुनाउँ कि !
सम्झनाको बटारेर फुस्रो पिण्ड लडाउँ कि !
मेची- काली रसाएर दुःख- दर्द सुनाउँ कि !
खुम्चयाएर गिरि अग्लो पीर मन्को बुझाउँ कि !
हिमाली भेकमा फुल्ने रातो फूल चढाउँ कि !
श्रद्धाखातिर भेडाको सानो हूल बढाउँ कि !
धोका- षड्यन्त्रको जाली इतिहास सुझाउँ कि !
कप्टी- पामरको लाछी भाषा- वेश बुझाउँ कि !
कुल्चेको सपना तिम्रो सँगालेर पठाउँ कि !
करोडौं मुटुमा दर्द दुःखेको छ बताउँ कि !
पाखण्डीहरूको माझ श्रद्धाभाव बढाउँ कि !
सर्प- बिच्छी र गोहीका काँढाबीच सजाउँ कि !
देश- द्रोहीहरू रम्छन्, त्यही बाटो हिंडाउँ कि !
तिम्रो ओजस्वी मूर्तिमा सम्झौता भो बताउँ कि !
वीरका सपनामाथि बञ्चरा पो चलाउँ कि !
काटी सिद्धान्तका हाँगा- जरा जम्मै जलाउँ कि !
जङ्गली भेषमा स्याल- जिन्दावाद लगाउँ कि !
अपमान गरी तिम्रै श्रद्धाञ्जली चढाउँ कि !
भोको पेट हुँदा साथ नगरा पो बजाउँ कि !
नाङ्गो आंग छँदा छाती रुप ताछी सजाउँ कि !
सुकाइ अथवा बेचुँ सुकुटी यो बजारमा ?
जहाँ ब्यापार चम्किन्छन् अनौठा दरबारमा ।
प्यालामा पसिना घोली फ्रीजभित्र सजाउँ कि !
गञ्जीमा क्रुस झैं टाँगी तिमीलाई बिकाउँ कि !
स्याल- ब्वाँसाहरू माझ जिन्दावाद लगाउँ कि !

ठोकी संसदमा ताली खैंजडी पो बजाउँ कि !
कसोरी देशको दुःख तिमीमाझ पुऱ्याउँ म ?
कसोरी युगको पीर तिमीलाई बुझाउँ म ?
यहाँ लाखजना हाँस्ता करोड रुन्छ धर्धरी
सर्पको मुखमा पर्दा भ्यागुतो मर्छ जस्तरी ।
के यस्तै सपना फुल्थे फक्रिन्थे विपना नयाँ ?
के यस्तै जिन्दगी चल्ला ? युग- युगान्तरै यहाँ ?
के भनेर यहाँ बाँधु श्रद्धाको शब्द- गुम्फन ?
नपोखूँ अथवा पोखूँ ? मूर्तिबाटै तिमी भन !
बताउँ कसरी मैले ? बन्दी छौ तिमी खोरमा
ताछिएको निन्याउरो देखिन्छौ अनुहारमा
तैपनि मुटुको न्यानो श्रद्धाभाव चढाउँछु
तिम्रो समाधिमा यौटा रातो फूल चढाउँछु ।

(पुष्पलाल जयन्ती २०५१ मा सान्त्वना, रचना २०४७)

(अनुष्टुप् छन्द)

## एक मजदूरको कथा

घण्टौं मेसिनमा काम गरेर बित्दछन् जुनी
लुछिन्छन् कपडा बन्छन् जिउ चिल्था व्यथा बनी
परन्तु दर्दले कैल्हे छाड्दैनन् जिन्दगीभर
समस्या घरको चर्को गरीबी बीच आखिर ।
पेट भर्ने सधैं धौ धौ आंग ढाक्ने छ लालसा
बासको छ उसै चिन्ता गरी काम यताउता
बुढ्यौलीमा कहाँ हुन्थ्यो थोरै क्यै धन-सञ्चित
दुःखमाथि सधैं दुःख सुक्खबाट छु बञ्चित ।

जोतिएर सधैंजस्तो घोप्टो- नेप्टो परी- परी
गर्नुपर्छ सधैं काम दिन- रात थरी- थरी



थोरै फुर्सदमा केही गरुँला भन्नु भन्नु के छ र !
सधैं येही सधैं तेही अरु नै के पो हुन्छ र !
गालीका तालमा ताली बर्सिन्छन् मानखातिर
पिसिन्छु मसलाजस्तो घोटिन्छु सरी पत्थर
हाड- छाला रही बाँकी नसा प्रष्ट शरीरमा
कारखाना चलेको छ, बिकेको छ बजारमा ।
मेरै यी श्रमले बन्छन् ढोका- झ्याल थरी- थरी
गजूरै होस् बडा अग्लो घरै होस् झुल्कने परी
इस्पातिला हतियार, फलामे उद्योगी कला
शस्त्रास्त्रै हुन् लडाञीका वैरी जित्ने ठुला- ठुला ।
घाम- पानी, हुरी- हावा, धरा काँपोस् भूकम्पले
खट्नुपर्छ कमै ज्याला पाएसम्म शरीरले
उता मालिक चैं राम्रो सुक्खमा अलमस्त छन्
दशा मेरा भने उस्तै जिन्दगी अस्त- व्यस्त छन् ।
कि भाग्य हो यसै दोषी कर्म खोटी चिरन्तन !
अन्याय यो कठै ! झेल्ने मेरो मात्रै भयो किन ?
के ईश्वर सधैं गर्छन् पक्षपातै दुःखीतिर ?
भने उठ्छु भई सोझो बनाई अब ता शिर ।

(मई दिवस २०४८)

(अनुष्टुप् छन्द) **बेइमानी नेता**

नेता छन् टोलमा यौटा देखिने अखबारमा
कामका नाममा सिन्को नभाँच्ने व्यवहारमा
लोभी छन् त्यत्तिकै धूर्त खान पाए रमाउने
प्रशंसा गर्दछन् जस्ले त्यसैलाई समाउने।
कुराले पर्वतै हाँक्ने गफाडी गुरु झैं अति
नीतिमा हलुका त्यस्तै बोल्ने प्वाक्क भएजति
घरै छ टोलमा जङ्गी श्रीमती दरबारमा
आफू भने सधैं मस्त, मक्ख छन् अखबारमा।
अरुको नाक काटेर गर्व गर्न रुचाउने
फुटाइ समूह आफैं एकता गर्न आउने
न मान्छे साथमा राम्रा, न त पार्टी ठुलो पनि
यिनीलाई सबै भन्छन् नेता हुन् टुकुचे भनी।
अगाडि दाँतका पङ्क्ति नमिलेको मुहार नै
बोल्दा जिब्रो उछिट्टिन्छ, खल्बाटे अनुहार नै
पुड्को- पुड्को तथा कालो ज्यापूको वेश झैं गरी
ठाँट्टिएर यिनी हिंड्दा मान्छे हाँस्छन् मरी- मरी।
खुब खान्छन् छोयला र ठर्रा साँझ परेपछि
बन्छ भट्टी सधैं उन्कै पेवा आफ्नै भएसरी
खुब मात्छन् पिई छ्याङ बोक्नैपर्छ पुऱ्याउन
मान खोज्छन् झिकी शान अरुलाई गिराउन।
कैल्हेकाहीं यिनी जान्छन् सुटुक्क दरबारमा
कैल्हे यिनी सभा- गोष्ठी, पुग्दछन् अखबारमा
हल्लाका भरमा गर्छन् राजनीति सधैंभरी
हाँस्न पाए सधैं हाँस्छन् टोल नै थर्कने गरी।
यिन्को आनी तथा बानी दुष्टता छ स्वभावमा
भौंतारिंदै खुबै हिंड्छन् हुने नेता विचारमा
झिंगे पार्टी चलाएर गफ चुट्छन् ठुला- ठुला



यिनीलाई सबै भन्छन् नेता हुन् टुकुचे भनी।
आदर्शका कुरा गर्न छैन अर्को बराबर
राजनीति चलेको छ, बनुन् आफैं शठामर
खोल- खास्टो भिरेका छन् मार्क्स- माओ भनीकन
पैसा पाएजति खान्छन् स्यालजस्तो बनीकन।
आफूलाई सधैं ठान्छन् व्यक्तित्वमा वरिष्ठता
व्यवहार भने गर्छन् सबैभन्दा कनिष्ठता
बेइज्जति गरेका छन् नीति वा राजको पनि
सबै भन्छन् यिनैलाई नेता हुन् टुकुचे भनी।
(२०४२ माघ)

(अनुष्टुप् छन्द) **नारी- १**

म जून, घाम हूँ नौलो, प्रातःकी मिर्मिरे म हूँ
म ज्योति टल्कने मोती, रातकी पिल्पिले म हूँ
मेघ- आकाश, हूँ वायु, परमाणु- अणु म हूँ
चैतन्य, ज्ञान- विज्ञान, सिर्जना या कला म हूँ।
मेची हूँ अथवा काली, हिमाली भेकमा म हूँ
तराई, फाँट हूँ बस्ती, चुरे वा दूनमा म हूँ
अन्तरिक्षतिरै हूँ या हिन्दकी सतहै म हूँ
जाडो हूँ लेक- बेंसी हूँ गर्मी हूँ यामिनी म हूँ।
फूल हूँ, मूल हूँ गङ्गा, पानी हूँ क्षीर- सागर
म शोभा घरकी रत्न, धराकी धरणी- धर
म खोला- नदी हूँ सारा वेगले दौडने म हूँ
टिष्टा हूँ कांगडा- किल्ला युगकी विजयी म हूँ।
म दुःखी, दर्दमा आँसु, हाँसोमा कर्कशा म हूँ
गोठाली हूँ तथा भान्से, दासतामा दशा म हूँ
बेचिने, मारिने, टुट्ने, निशानी बैंसकी म हूँ
आमा हूँ स्नेहकी खानी, मायाकी प्रतिमूर्ति हूँ।
म रण्डी अथवा बोक्सी, मिल्केकी मर्दना म हूँ

काली हूँ कलिली, ध्वाँसी, गोरी हूँ अदना म हूँ
पत्नी हूँ अथवा रानी, विरानी वनमा म हूँ
बैगुनी, गुनकी खानी, मायावी मनमा म हूँ ।
प्यासी हूँ प्रेममा दासी, प्रवासी, प्रयासी म हूँ
बुहारी, भाउजू, नन्द, आमाजू, श्रीमती म हूँ
म आमा अथवा छोरी सहस्रा नामकी म हूँ
म माया अथवा हेला, वासना कामकी म हूँ ।
कुन्ती हूँ, द्रौपदी, भद्रा, सती हूँ, सावित्री म हूँ
मैत्रेयी, गार्गी हुँ लक्ष्मी, पार्वती, सरस्वति हूँ
चण्डी हूँ देवि हूँ काली, योगिनी शैल- पुत्रि हूँ
सीता हूँ सविता जे हूँ आमा हूँ धर्ती- पुत्रि हूँ ।
गाली हूँ सुक्खमा ताली, हँसिली- रसिली म हूँ
लाली हूँ देशकी शोभा हिमाली भेककी म हूँ
शक्ति हूँ अथवा भक्ति, आँसू हूँ खुसी नै म हूँ
घरै होस्, वन होस् चाहे भोडामा सँगिनी म हूँ ।
वीर हूँ, धीर हूँ, ज्ञानी- अज्ञानी, पट- मूर्ख हूँ
धातुको मूल्यमा बिक्ने, सुन हूँ या फलाम हूँ
माया हूँ, ममता- स्नेह व्यक्तिने त्राण नै म हूँ
म माता- जन्मदाता हूँ मान्छेकी प्राण नै म हूँ ।

(क्षेत्रीय कविसम्मेलन, आरुबारी २०४२ मा सान्त्वना) २०४८ मंसिर, चर्चा सा)



## छोरी

(अनुष्टुप् छन्द)

चाहे हूँ पूर्वमा मेची, महाकाली किनारमा
सिन्धु हूँ सभ्यता बिन्दु, घाम खेल्ने निधारमा
डाँडामा, लेक- बेंसीमा, बस्तीमा, फाँटमा म हूँ
चौराली, दूर- पाखामा, गाइने गीतमा म हूँ ।
आमाका मुटुका थोपा धमनी काखको चुमी
छातीमा स्नेहले राख्ता दूध- धारा पिई रमी
जन्मेंथें जुन माटोमा गुमाएँ आज त्यो पनि
खेलेंथें जुन बाटोमा हराएँ छैन क्यै पनि ।
कलिलो घाम चाटेर उषाकाल भई बढें
बगैंचाभित्र खेलेर लहरा रुखका चढें
अन्न- पात भई जात, कोपिला फूलका फुलें
व्योममा शशिका तुल्य पालुवा वनमा खुलें ।
घामका रापमा ताप, धराप, शिर थाप्दथे
गाईका साथमा गीत, वन- पाखा उराल्दथे
चुल्होमा बल्दथ्यो आगो, आगोमा भात पाक्दथ्यो
पूजामा, मठमा, कुद्दा अनन्तै रात थाक्दथ्यो ।
खेत- बारी चहारेर कोदाली म चलाउँथें
आमाका साथमा लागी भात- भान्सा सघाउँथें
धाराको जलमा तिर्खा मिटाएर पटाउँथें
भाँडा- कुँडा सफा राखी, चूल्हा-चौका बनाउँथें ।
पहरा- कन्दरा, भीर पुगेर घाँस काट्दथें
मकैका घान मर्काई जाँतोमा घून छाँट्दथें
ढिकीमा धानको राश रातीमा कुट्न पर्दथ्यो
निफन्दै नाङ्लोमा प्रायः चामलै फल्नु पर्दथ्यो ।
म पाउँथें लुगा- फाटा आमाबाटै जडाउरी
फेरिन्थे क्यै दशैं आए घरेलु वस्त्र- कीमती
दाजु- भाइहरू पढ्दा म ता आँसु बगाउँथें

अँध्यारो जिन्दगी लाग्थ्यो, मीठो मानी अघाउँथें।
आँधी- बतास वैरिन्थ्यो, पानीमा रुझ्नु पर्दथ्यो
ठेट्ना मात्र मकै मेरा निमित्त भाग लाग्दथ्यो
छोरीको जातले मात्र घर यो सब बिर्सिनु
जन्मेको ठाउँ छाडेर अर्काको पुनः सिर्जिनु ?
आमाले छातिबाटै यो झिकेर प्राण भर्दिनु
पराई घरमा खेदी प्राणको हुर्मती लिनु
छोराले पढ्न पाउनु, सम्पत्ति खान पाउनु
छोरीले चैं भने बाँच्न अर्काकै मुख ताकनु ?
झरेका भ्रुण हौं उस्तै आमाका पेटबाट नै
हुर्केका प्राण हौं एकै आमाका दूधबाट नै
खै मेरो देश माटोमा ? न यताको उता भएँ
अरुको दास भै ज्यूने छोरीको जिन्दगी लिएँ ?
२०४४ फागुन

(अनुष्टुप् छन्द)

## आमा

चिरेर पेटका नाली भ्रुणको जन्म दिन्छु म
चुसाई स्तनका धारा काखको स्नेह दिन्छु म
छोरा हुन् अथवा छोरी दुवैमा सम- भाव छ
दुवैमा एउटै दृष्टि, सृष्टिको मूल- मन्त्र छ।
चाहे हुन् पश्चिम- पूर्व, नक्साभित्र भूगोलको
चाहे हुन् झोपडी- झोडा, खोंचमा हुन् पहाडको
जहाँका हुन् सबै छोरा मेरा निम्ति समान छन्
जो आज धरती- माटो पसिनाले भिजाउँछन्।
कमारी हैन म दासी, सृष्टिकी मूल- शक्ति हुँ
अनादि- कालकी देवी, मान्छेको भाव- भक्ति हुँ

भेद लिन्नँ कसैमाथि त्यसैले म समान छु
सुक्ख- दुक्ख दुवै खप्न सक्ने क्षमतावान छु।



मातृत्वको बुभुक्षा छ मभित्र एक सुन्दर
फुल्दछन् पालुवा जस्तै वासना ली निरन्तर
रित्ता छैनन् दुवै कोख आफैंमा भरिपूर्ण छु
आमा भै लाखका निम्ति काखले परिपूर्ण छु।
(गोरखापत्र, २०४३।११।२३)

## नारी दिवस !

अँध्यारा रातका बीच बाँचेका महिलाहरू !
छौं आधा जनमा संख्या रहेका अदनाहरू !
सारा सन्तानका निम्ति प्राणाहूति गरीकन
भर्दछौं ज्यानमा प्राण सित्तैं आफू मरीकन।
बाँच्दछौं विश्वका निम्ति पढाइ पाठ भक्तिको
हाँस्दछौं वंशका निम्ति देवी झैं आदि- शक्तिको
फैलेको वीरता हाम्रो इतिहास नयाँ बनी
सिंगाछौं सृष्टिलाई नै पारी उज्यालो जीवनी।
तर, कस्तो भयो उल्टो कमारी तुल्य पो भयौं
लोग्ने जाति-हरू हेप्छन् सहने हामी नै भयौं
लुटिने पेटका निम्ति बेचिने पर- देशमा
स्वाभिमान गुमाएको कैदी झैं बित्छ जीवन।
बाँच्नै पर्दछ चाटेर जूठोमा असरल्ल भै
हाँस्नै पर्दछ रोएर गालीका बीचमा सधैं
कठोर श्रम खर्चेर दयामा बाँच्नु पर्दछ
अर्काको भविष्य निम्ति जिन्दगी साँच्नु पर्दछ।

किन गर्छौ उसै हेला लगाईकन फत्तुर ?
के हामी सभ्यता तिम्रो मातृत्व पनि हैन र !
हेपेर हामीलाई नै “नारी पर्व” मनाउछौ ?
पिएर पसिना हाम्रै फोस्रा तर्क लडाउँछौ ?

(नेपाली आवाज २०४४)

(अनुष्टुप् छन्द)

## आमा- २

निशाभित्र उषाजस्तो उज्यालो पिल्पिलाउँदै
वेदना- दर्दका बीच आँसुमा टिल्पिलाउँदै
जून्कीरी झैं भई बल्छु रातमा झुपडी भरी
उज्यालो घाम पोतिन्छु कुना वा कन्दरा भरी ।

सन्तापका सही ताप प्यारा सन्तानखातिर
पूर्व- पश्चिममा ढाकी बढें फैली सबैतिर
भई आमा पिएँ वीष मीठो मानेर अम्मृत
हुर्काएँ काखका नानी सम्झौता गरी सम्मत ।

सारा ब्रह्माण्डमा सृष्टि भरिंदा जन- सम्पदा
माया सागर झैं बन्दै अग्लियो विश्वमै उँचा
सिकाएँ देश- भक्तिको मैले नै पाठ सर्वदा
गरे मानिसले मेरै इतिहास धुजा- मुजा ।

कुनै सानो हुँदा भूल, शूल बन्छन् शरीरमा
वेदना बोल्दछन् डस्छन् रसिला अनुहारमा
मेरै रगत- आँसुले, पीडाले बग्छ सागर
तैपनि जिन्दगी मेरै खोक्रो बन्छ निरन्तर ।



मजस्तै नारिका पेट चिरेर मार्क्स जन्मिए
बुद्ध, लेनिन र गान्धी मबाटै हुर्कंदै गए
भए ज्ञानी तथा दानी कुनै मूर्ख पनि भए
आमाको ममतामाथि तैपनि कुल्चिंदै रहे ।

कविमा रवि झैं निस्के अनगिन्ती प्रभाहरू
ऋषिदेखि भए राजा, राजादेखि प्रजाहरू
ज्ञान- विज्ञान फैलेर नर- नारी बनी रहे
ग्रह जस्तो घुमेका छन् घुम्ने मान्छेहरू भए ।

म विना बन्दथ्यो के र ! असम्भव सबै कुरा !
दाल- भातै कहाँ पाक्थ्यो, के मर्थे पेटका किरा
न हुन्थ्यो बन्द- बेपारै, घरबार रमाइलो
दिन- रात न ता बन्थ्यो पृथिवी नै घमाइलो ।

मबाटै जन्मने मान्छे, विश्वका ए ! महान हो !
मेरो मातृत्वको स्वत्व बुझिदेऊ सपूत हो !
हेपिएका, दबिएका नारी एक भई उठौं !
स्वतन्त्र जिन्दगी निम्ति क्रान्तिको मार्गमा जुटौं ।

(२०४६ नेपाली आवाज)

(अनुष्टुप् छन्द)

## युवा

हुरीका बीचमा हाँसी जुगका गीत गाउँछु
घामका रापमा मानौं शान्तिको शीत छाउँछु
भलै सही गुमोस् ज्यान देशकै लागि दिन्छु म
थोत्रो समाजको यौटा अस्तित्व फेर्न खोज्छु म ।

भोको पेट रहोस् चाहे आंग ढाक्ने नहोस् कुनै
तथापि देशका लागि मर्छु- बाँच्छु सधैं- सधैं
तरबार बनोस् धार, फलामे बार होस् कुनै
तेर्सियुन् मार्गमा काँढा हटाइदिन्छु ती सबै ।

लिंदै लिन्नँ कदा पक्ष अन्याय र असत्यको
संसारैभरि फैलिन्छु घाम जस्तो उज्यालिंदो

अँध्यारो खाक पार्ने छु दिव्य- ज्योति बनीकन
मनाउँला युवा- वर्ष उन्मुक्ति भाव लीकन।
घाउतुल्य दुःखेको छ देशको दुःखको ब्यथा
पीडातुल्य बनेको छ छातीभित्र दशा नसा
राष्ट्र- राष्ट्र- हरूबीच असमान भयो किन ?
उठेको छ भई आगो स्वतन्त्र विश्व यो हुन।
सारा मानिसका बीच प्रेम- भाव बढाउँदै
शान्तिको पक्षमा डट्छौं नयाँ उच्च विचारले
चाहे छेक्न नआउन् के युगका अस्थिपञ्जर
चुँडाइ दिने छू काला- फलामे नेल- जञ्जिर।

(युवा वर्ष २०४१, नेपाली आवाज )

## मण्डेला

बोथा भाग ! छिटो भाग ! युगले आज भन्दछ
छोड सत्ता तथा स्वार्थ विश्व यो घोष गर्दछ
मान्छेका खूनमा खेल्ने तानाशाहहरू सबै
बाँचेनन्, बाँच्न सक्तैनन् शेष बाँकी नभै कुनै।
जहाँ न्याय दबाइन्छ मण्डेला त्यहीं आउँछ
जहाँ आउँछ मण्डेला त्यहीं मान्छे जगाउँछ
जगाउँछ जहाँ मान्छे त्यहीं सङ्घर्ष चल्दछ
सङ्घर्षबाट जन्मेको मण्डेला प्राण बन्दछ।
प्रत्येक फूलमा फुल्छन् मण्डेला पात- पातमा
हरेक युगमा खुल्छन् मण्डेला जात- जातमा
स्वाधीन- प्रेमले जाग्छन् मण्डेला देश- देशमा
सङ्ग्राम साथमा उठ्छन् मण्डेला रात- रातमा।
वीरताको कथाभित्र घाम खुल्छन् प्रभातमा
अन्धकार छिटै भाग्छन् दासता मध्य रातमा
रक्त- सञ्चारले डुल्छन् मण्डेला-हरू विश्वमा
मुटुमा धमनी बन्छन्, ज्वाला झैं हर नेत्रमा।



बस्दैनन् हात बाँधेर आजको युगमा कुनै
सहँदैनन् निहूरेर मान्छेले दासता सबै
जागेको छ यहाँ मान्छे अन्धकार हटाउन
स्वाधीन राज्यको स्वच्छ बस्ती दिव्य बसाउन।

(पुनर्जागरण सा. २०४६)

(अनुष्टुप् छन्द)

## अन्तर्राष्ट्रिय शान्ति वर्ष

कताबाट गरुँ मन्ले शान्तिलाई म स्वागत !
आँसु नै आँसुले आज गरिराखुँ कि स्वागत !
हाँसै- हाँसो भरिएको अट्टहास चढाउँ कि !
नङ्ग्रा- दाऱ्हा फिंजाएर शान्ति-वर्ष मनाउँ कि !
कोही भन्छन् यहाँ आयो, शान्तिको वर्ष यो नयाँ
पात- पात चहारेर वसन्ती फूल भो नयाँ
छर्दै विज्ञानको ज्योति देशभित्रै पसी सक्यो
भन्छन् मानिस छातीमा गाढा भई बसी सक्यो।
रित्तो आंग तथा भोको पेट बाँकी छँदा- छँदै
खाली हात लिई आइस् शान्ति आज जता-ततै
त्यसैले कसरी आज शान्ति- वर्ष मनाउँ म ?
झन् स्वागतै गरुँ केले शान्ति-वर्ष तँलाई म ?
क्षेप्यास्त्रबाट पिल्सेका हाड- खोर चढाउँ कि !
बाँकी रगत- आँसूका पीडा- घाउ चढाउँ कि !
डाँडाबाट उकालेर लेक- बेंसी डुलाउँ कि !
तिरस्कार भई ज्यूने जिन्दगी यो चढाउँ कि !
उनेर हाडका माला मान्छेका पहिराउँ कि !
परमाणु- अणु भट्टी विश्व- व्यापि गराउँ कि !
रेटेर हाड- सारङ्गी नली- हाड बजाउँ कि !
आगो मसान बालेर “शान्ति- यज्ञ” गराउँ कि !

अस्त्रको होडबाजीमा आगो थप्न लगाउँ कि !
भोक- रोग सँगै जल्ने बली मान्छे चढाउँ कि !
साना राष्ट्र सताएर भष्मीभूत बनाउँ कि !
पसिना अरुकै चाटी "शान्ति- वर्ष" मनाउँ कि !
आयो- आयो सबै भन्छन् "शान्ति- वर्ष" हिमालमा
जागृतिको लिई आयो नयाँ भाव विशालमा
तर, शान्ति तँ आउँदा युद्ध बोकी नआउनू
वैशाखे पातमा लेखी "शान्ति- वर्ष" तँ आउनू ।
धनी- गरीबको भेद लिई कैल्यै नआउनू
पीडा बाँचेर मृत्युमा जयध्वनि नगाउनू
हिन्दू- मुस्लिम- पञ्जाबी सम्प्रदाय नल्याउनू
बरु बुद्ध भई हाम्रा देशभित्र तँ आउनू ।
शस्त्रास्त्र होडबाजीको ध्येय बोकी नआउनू
उच्च वार्ता निःशस्त्रीको सही खापेर आउनू
स्वाधीन राष्ट्रको बेग्लो पहिचान दिलाउनू
हैन भने कबै मेरो राष्ट्रमा तँ नआउनू ।

**(अन्तर्राष्ट्रिय शान्ति वर्ष, चारुमती क्लबमा वाचित, जनसम्बाद सा. २०४२)**

(अनुष्टुप् छन्द)

## नयाँ वर्ष

सधैं रित्तो बनाएर जान्छ- आउँछ वर्ष यो
फेरिन्छन् पालुवा राम्रा फेरि वैलेर झर्छ त्यो
सृष्टि- दृष्टि दुवै बन्छन् दोहोरिन्छन् कथा उही
पुनः बन्छन् पुराना झैं घुम्छ चक्र व्यथा त्यही ।
नसामा चढदछन् रङ्ग पोतिएर हिमालमा
शिखामा बल्दछन् ज्योति मोतीतुल्य प्रभातमा
पुरानो मेटिंदै जाँदा नयाँ अर्को पलाउँछ
वर्षामा खहरे कुद्छन्, जस्तो भूकम्प आउँछ ।



रमाइला कथा हाल्छन् जङ्गली जीव- जन्तुले
वासन्ती बागमा गीत गाउँछन् मस्त तन्तुले
वसन्तका मुना राम्रा, वैली झर्छन् शिशिरमा
बैंसमा नै धरा बन्छन् बृद्धजस्तो अखिलमा ।
गति हो पृथिवी घुम्नु, ग्रह घुम्छन् खगोलमा
कर्तब्यमा सबै चल्छन्, ब्रह्माण्ड यो निखिलमा
वर्षाका रसिला पात हिउँदे याममा सुकी
मर्दामा जन्मने अर्को सृष्टिको हो परम्परा ।
हामी भने सधैं ज्यूँछौं भ्रान्तिका भ्रम्मरा सरी
कैल्हे विस्मातमा रुन्छौं, हाँस्छौं हर्ष भए सरी
आफैंलाई निखारेर इन्द्रेनी झर्दछे तल
जस्तो सागरको पानी भई बग्छन् सधैं भल ।
पुराना झर्कंदै बन्छन् फेरि नौला प्रथाहरू
अहा ! भन्छौं नयाँ वर्ष बोकी पीर ब्यथाहरू
व्योममा पोखिंदा रङ्ग मस्किन्छे जस्तरी उषा
धर्ती हुन्छिन् कतै फुङ्ग, कतै बन्छिन् रजस्वला ।
नयाँ वर्ष, नयाँ हर्ष, नयाँ भाव- विचारले
महत्ता पाउँछन् धेरै नयाँ राम्रा प्रचारले
लेखिन्छन् जीवनी- गाथा, गाइन्छन् गीतका ध्वनि
नयाँमा चिटिक्कै बन्छिन् सृष्टिमा अबनी पनि ।
सबै आउन्, सबै गाउन्, गीत होस् नव-वर्षको
उमङ्ग फैलिंदै जाओस् जय- गान सहर्षको
जुटुन् निर्माणमा मान्छे नयाँ- वर्ष हवस् नयाँ
आविष्कार- चमत्कार नयाँ होस् गर्छु कामना ।

(नेपालभूमि, २०४४ असोज)

(अनुष्टुप् छन्द)

## गणेशमान सिंहप्रति

गणेश, गणका ईश, गणराज, गणाधिप,
सर्वमान्य, महामान्य, लोकमान्य- विराजित,
गजदन्त, गजस्तम्भ, गजराज, गजानन,
प्रजापत्य, प्रजावत्स, मान- सिंह, जनार्दन, ।

लौहस्तम्भ, रजो- कुम्भ, धन- धान्य, धनाधिप,
क्रान्तिकारी शिरोबिन्दु, दया- सिन्धु, तथागत,
काजीमान यथा ज्ञानमान सिंह कुलोद्भव,
सिंह, श्रेष्ठ तथा पुत्र, प्रजातन्त्र- पितामह ।

प्रदीप, पितरौ- पितृ प्रकाश, मङ्गला-पति,
रीता, कान्ता, मीता सिंह सूता श्रेष्ठ कलावती,
सर्वगुण सु- सम्पन्न पुत्र- पुत्री, धनेश्वर-
कुपात्र, कृपणोनास्ति, सर्वश्रेष्ठ महेश्वर ।

पशुपति, स्वयम्भूव पूर्वापरौ दिशाम्पति
बाग- विष्णुमती, कान्ति- मध्यमा अमरावती,
क्षेत्रपाटी निवासीय, भवदीय विराजित
सर्वपूज्य छयालीस निर्दलीय पराजित ।

कांग्रेस दलस्य नेता त्रयमध्ये वृहस्पति
लोक- नायक हे पूज्य ! नेपालेश प्रजापति
कम्निष्टारि, महायोद्धा, राणातन्त्र विनाशक
माङ्गल्य, दीर्घ- कामस्तु, बयासीय- प्रकाशक ।

(पुनर्जागरण साप्ताहिक, २०५२।६।३१।३)

**( गणेशमान सिंहको ८२ औं जन्मोत्सवको अवसरमा)**



अनुष्टुप् छन्द)

## मान्छे

मान्छे जन्मन्छ माटोमा, हाँसो बोकी मुहारमा
मान्छे झुल्कन्छ मोती भै देशको अनुहारमा
मान्छे मुस्कान फक्रिन्छ कोपिला फूलका सरी
मान्छे बन्ने छ मान्छे झैं सृष्टिमा मूलका सरी ।

मान्छे ब्युँझन्छ मान्छे भै चेतना चुलिएपछि
मान्छे होमिन्छ आगोमा पीडामा डामिएपछि
शस्त्रास्त्र- हरू क्यै हैनन् भूकम्पै पनि के छ र !
हाँक्छ सङ्ग्राम मान्छे नै स्वतन्त्र बन्न आखिर ।

ज्वाला दन्काउँदै मान्छे, स्वर विद्रोहको झिकी
देश आजादीको निम्ति बढ्छ व्यग्र लिंदै अघि
फुट्छ आवाज बाजा झैं दबिंदा अङ्ग- अङ्गमा
काँपोस् सृष्टि बरु मान्छे दबिंदैन अकार्थमा ।

मान्छे आफैं छ शक्तिको स्रोत जस्तो भयङ्कर
उल्का- पिण्ड, धूम- केतु, शनि- सूर्य परस्पर
चलाउँदै बडा यान खगोलैतक पुग्दछ
गोल- भूगोल छोएर वेग आकाश मार्दछ ।

माहुरीको महै मान्छे चाका हो पसीना- कण
माधुर्य गुणको मान्छे भाषा हो शब्द- गुञ्जन
अव्यक्त- व्यक्त हो सारा मान्छे हो सर्व ईश्वर
मान्छेविना कहाँ चल्थ्यो सृष्टिको सार सुन्दर ।

मान्छे आगो र पानी हो, खानी हो ज्ञानपुञ्ज हो
मान्छे जीवन धागो हो प्राणीमा सर्वश्रेष्ठ हो
मान्छे वीर तथा धीर, हुरी- आँधी, प्रकाश हो
मान्छे संसारको सार, चेतनाको विकास हो ।

व्रह्मा मानिस विष्णु हो, मान्छे नै हो महेश्वर
मान्छे छैन कहाँ हुन्थ्यो जीवितै आज ईश्वर ?
परमात्मा, महाआत्मा, परम् तत्व हो मानिस

जीव सूक्ष्म तथा स्थूल, स्वर्ग- नर्क हो मानिस ।
हारे संसारमा जन्मी- नजन्मी भुसुनाहरू
चौरासी लाखमा मान्छे जुनिमा श्रेष्ठ भो अरु
बनेकै छ सधैं राम्रो मान्छेको इतिहासमा
व्रह्माको सृष्टिमा अर्कै विश्वकर्मा भए जहाँ ।
यस्तो मानिसको कस्तो देखियो भूलको कथा
स्वयम् आफैं बन्यो मान्छे मूर्खताको ठुलो व्यथा
दुरुपयोगमा मान्छे किन आज गिऱ्यो तल ?
आफ्नै लास घिसारेर पियो क्या दूषिका जल ?

**(समीक्षा सा. २०४७|१|१४)**



(शार्दूलविक्रीडित छन्द)

## बाँझो नचिर्नु किन ?

मेरो प्राज्ञ छ बन्द यो शिविरमा आँखा दुबै मौन छन्
बन्दी झैं पनि छैन बन्द म कतै सारा कुरा बन्द छन्
मेरो जीवन बन्द भै हृदय नै चल्दैन यो बन्द छ
मेरो सिर्जन छैन बन्द तर यो व्रह्माण्ड नै बन्द छ ।
लाग्दा सूर्य बिहानमा मिरमिरे फाटेर नै के भयो ?
फेरी जीवन अन्धकार छ भने बाँचेर नै के भयो ?
मान्छेबीच हुँदैन मानवपना मान्छे भई के भयो ?
छैनन् शान्ति कतै अशान्तिबीचमा के अर्थ बाँच्नु रह्यो ?
कल्ले छेकिरहेछ मार्ग पहिलो झुल्को नयाँ घामको ?
कस्ले रोकिरहेछ मिर्मिर- प्रभा नौलो हुने याम यो ?
खण्डै- खण्ड चिरा परेर मन यो बन्दैछ लाटो तन
मुर्दातुल्य छ सृष्टि नै यदि भने बाँझो नचिर्नू किन ?

**(जनआन्दोलन २०४६)**

(शार्दूल विक्रीडित छन्द)

## वर्षा

पृथ्वीबाट उडेर बादल चढी फर्कन्छु पृथ्वीतिर
पानीबाट बनेर बाफ रसिलो बर्सिन्छु भै निर्झर
उर्ले झैं खहरे खडा- खड गरी पङ्खा फिंजाएसरी
गाना रङ्गिन गाउँछु बरबरी आँधी उठे झैं गरी ।
नीला सागरबाट उठ्छु कुहिरो, आकाशका मार्गमा
बन्दै बादल, आउँछु घर- घरै आषाढका रातमा
डाँडा- पर्वतबीच घर्षण हुँदा झन् वाफले पग्लिँदा
रोई झर्दछु हाचिंदै तल- तलै चीसो हवा वेगिंदा ।

कैले निर्मल शीतका लहरमा गै खस्छु उद्यानमा
कैले स्वर्णिम- रातका प्रहरमा गै बस्छु एकान्तमा
रोई दर्दर दर्किएर जलको फ्याँकी कणा फैलँदा
यो संसार रमाउँदै खुस हुने मैले धरा ओर्लंदा ।
मेरा स्रोत नदी- तलाउ, वन छन्, खोलाहरू मूल छन्
बारीमा लहलाउँदा कुसुमका बुट्टा हुने फूल छन्
मेरै यो प्रतिबिम्ब ली जगतको फैलन्छ वक्षस्थल
मेरै आकृतिले गराउँछ सधैं संसारमा खल्बल ।
छन् सारा हरिया, पहाड भरिला, चाँदी खुलेका तह
मेरा सुन्दर सीपका रहर हुन् गैऱ्हा नदीका दह
नौला निर्मित यन्त्र झैं फरफरी घुम्दै तथा आउँदै
वर्षा निर्मल बग्दछू धरणिका सन्ताप पन्छाउँदै ।

(रेडियो नेपालबाट २०४७।६।२२ मा वाचित)

(शार्दूलविक्रीडित छन्द)

## नेपाल यो दुःख्तछ !

मेची दुःख्छ शरीरमा दनदनी आगो लगाएसरी
कालीको तट दुःख्छ भेल- भलले माटो बगाएसरी
कोशी दुःख्तछ आँसु झैं विरहमा बग्छिन् रुँदै गण्डकी
माटो दुःख्छ समस्त वीरहरुको देशै हुँदा बन्धकी ।
गाऊँ दुःख्छ,समाज दुःख्छ जब यो बस्ती सबै दुःख्तछ
डाँडा- पर्वत दुःख्छ यो सगरको माथा ठुलो दुःख्तछ
पानी- जङ्गल दुःख्छ यो हृदयमा नाला- नदी दुःख्तछ
दुःख्ने बाहेक छैन यो बखतमा सारा कुरा दुःख्तछ ।
लाठी दुःख्तछ, बूठ वक्षस्थलमा बर्साइँदा दुःख्तछ
गोली- बारुद दुःख्छ झन् डमडमी पड्काइँदा दुःख्तछ



सत्ता दुःख्छ नयाँ समीकरणको षड्यन्त्र त्यो दुःख्तछ
हत्या- लूट, विशेष दुःख्छ महँगी आतङ्क यो दुःख्तछ ।
साहूको रिन चर्किएर मुटुमा, छाती सधैं दुःख्तछ
चर्को शोषणमा परेर जिउनेको बाध्यता दुःख्तछ
दूधे बालकको भविष्य अरुले खोसेसरी दुःख्तछ
बेचिन्छन् घरबाट स्त्रीहरु भने मातृत्व नै दुःख्तछ ।
आमाका स्तन दुःख्तछन्, रगतका फाल्साहरू दुःख्तछन्
बाबाको अनुहार दुःख्छ पसिना, आँसूहरू दुःख्तछन्
दाजू- भाइ तथा दिदी र बहिनीको भाग्य नै दुःख्तछ
के दुःख्तैन यहाँ समग्र रुपमा यो देश नै दुःख्तछ ।
नेताको व्यवहार दुःख्छ, दलको डम्फू बडो दुःख्तछ
शान्ति क्षेत्र अशान्तिको घर हुँदा सिद्धान्त नै दुःख्तछ
देख्ता मानिसको स्वभाव सहने त्यो मौनता दुःख्तछ
खाँदा तस्करले विशाल मुलुकै नेपाल यो दुःख्तछ ।
भाषा-संस्कृति दुःख्छ, वेश र कला-साहित्य जो दुःख्तछ
कुल्चेको अरुले सहेर जिउने संस्कार त्यो दुःख्तछ
रित्तो मन्दिर दुःख्छ मूर्ति नहुँदा शिल्पी- कला दुःख्तछ
नेपालीपन गाइँदैन जब ता कोटी गला दुख्तछ ।
सीमा वाद- विवाद दुःख्छ, जनता होच्याइँदा दुःख्तछ
सन्धी- सर्पन दुःख्छ, स्तम्भहरु नै भत्काइँदा दुःख्तछ
सामन्ती व्यवहार दुःख्छ, अरुको साम्राज्य झन् दुःख्तछ
जम्मै जीवन दुःख्छ, देश लुटिंदा स्वाधीनता दुःख्तछ ।
टिष्टा दुःख्छ, विशाल देश नहुँदा त्यो कांगडा दुःख्तछ
झण्डा दुःख्तछ, राष्ट्र- राष्ट्रियपना झन् मेटिंदा दुःख्तछ
प्रायः छन् दल जो दलाल अरुको दुर्गन्ध त्यो दुःख्तछ
सानो राष्ट्र सताउने नियतको विस्तार नै दुःख्तछ ।

(समकालीन सा. २०५३, नेपाल सांस्कृतिक संघमा वाचित कविता)

(शार्दूलविक्रीडित छन्द)

## देश

मान्छे हो ! मुटुभित्र छाम कसरी ज्यूँदै मरेको म छु ?
हाहाकार जिएर यो बखतमा गिर्दै झरेको म छु !
पग्लन्छन् पसिना हिमाल तर यो आँसू बगेको म छु
ब्वाँसाबाट चिथोरिँदै धुकधुकी बाँकी रहेको म छु ।
पानी- जङ्गलहीन भै बगरमा बाँझो पडेको म छु
मानौं जीर्ण- विदीर्ण भै गजुर यो ढल्दै लडेको म छु
छातीमा घनघोर दुःख, मनमा पीडा पिएको म छु
धोकाभित्र परी बडो सकसमा आधा जिएको म छु ।
छोराको अवसानमा हरघडी शोकी रहेको म छु
छोरीको बलजफ्तमा दिन- दिनै क्रोधी बनेको म छु
मान्छेका घर- दुःखमा, विरहमा मुर्दा भएको म छु
लुट्नेको दलबाट बच्न नसकी गुम्दै गएको म छु ।
ताना- तान भएर छिन्न नसकी त्यान्द्रो अडेको म छु
घोट्दा पत्थर झैं खिएर अहिले डल्लो परेको म छु
कुल्ची जीवन शत्रुले शिर नुही थेप्चो परेको म छु
खन्दा पर्वत दुष्टले तल- तलै खुम्ची झरेको म छु ।
स्वार्थी जाल र झेल, खेलहरुमा मर्दै गरेको म छु
एक्लो मूढ वसन्तका वनभरी फुल्दै झरेको म छु
काकाकूल कराउँछन् बगरमा जस्तै रहेको म छु
बाँकी छैन कुनै परन्तु जिउ नै चोक्टा भएको म छु ।
यत्रो विश्व हुँदा र देश नहुँदा गुम्दा सबै सक्किंदा
के हेर्छौ रमिता बनाइ दुनियाँ ? छानो त्यसै मक्किंदा
रित्तो राष्ट्र र राष्ट्रवाद (?)त्यसमा सस्तो हुँदा भाषण
ज्यूँदो लास बनेर तुच्छहरुको खप्छौ कि यो शासन !

(युग सम्वाद सा. २०४९ पुस, लेखनाथ सदनमा वाचित)

## कामना



चट्कुन् चट्चट चर्र चर्र चिरिँदै आकाश कालो खसोस्
यो अन्याय कडा खडा धरणिको आएर आँधी लगोस्
भत्कुन् दुःख दिने बडा महल ती चट्यांग बज्री ढलोस्
यो धर्तीभरि फैलिने घरिघरी साम्राज्य साँच्चै डगोस् ।
काला पत्थर पड्कियुन् पटपटी आगो बलोस् धप्धपी
हावा जोड चलोस् बनुन् थरहरी वर्षा झरोस् गड्गडी
गुञ्जोस् शोषित मन्त्र कानहरुमा हुङ्कार गर्दै भनोस्
जागुन् जग्मग चेतना घरघरै, तर्बार लेख्ने बनोस् ।
लेखुन् मानिस गीत यो कलमले हाली रगत्को मसी
मुट्ठी लाख उचालियुन्, मगज होस्, मान्छे बनुन् तेजसी
नौलो देश हवस् र विश्वभरमा छाओस् उज्यालो पना
यो साहित्य फुलोस् फलोस् अझ बनोस् सम्वृद्ध उद्यानमा ।

(योजना सा. २०४५)

(शार्दूलविक्रीडित छन्द) **गाउँलाई सम्झँदा**

टाढाबाट मलाइ लाग्छ घरको प्यारो, मिठो सम्झना
आँखाभित्र घुमेर पस्छ दिलमा एकान्तको कल्पना
छोऊँ- छोउँ मलाइ लाग्छ दुनियाँ आनन्द आलिङ्गन
रोए झैं वन लाग्दछन्, विरहले पाखा उरालीकन ।
ती सेता गिरि- शैलका शिखरमा, शैलेन्द्रका उत्तर
बाल्छिन् चम्चम ज्योतिमा सुनहला लाली- उषा मिर्मिर
धोई गाजल मेघको वरिपरी छाया सुनौला छँटा
सेतो देवल घुम्छ भित्र मनमा बारीभरी सन्नटा ।
गङ्गा एक सुसाउँदै सलसली बग्दै ममा आउँछ
झर्छन् शीत बनेर आँसु जलमा, बोकी घडा ल्याउँछ
खोलाभित्र पुगेर न्यानो दहमा आनन्दले न्वाउँछ
रोई न्याहुल छातिमा धरधरी आँसू अझै आउँछ ।
झुल्के घाम सिरानमा जब नयाँ आनन्दले लाग्दछ
बोल्छन् चिर्बिर पन्छिले मन उतै डाँडातिरै लाग्दछ
बोकी ल्याउँछ दूर- दूर रसिला वास्ना हिलेका कलि
आफैंलाइ सताइदिन्छ दुखले छाती- हियारा जली ।
पोखूँ चित्त कटक्क हुन्छ, कसरी फर्केर जाउँ त्यता ?
बिर्सिद्यूँ पनि लाज लाग्छ मनमा, कक्रेर बस्छू म ता
भन्छन् भेट हुंदा सँगातिहरुले "रोई रहेछन् घर"
काला बादल च्याउँछन् घर- घरै दुष्कामका खातिर ।
पर्खी प्रात- प्रभातको मिरमिरे भेटूँ उज्यालो भनी
डाँडा- खोंच सुसाउँदै छ दुखले पानी- पसिना गनी
खोला मात्र सुसाउँदैन तम वा रोई अरूणै पनि
मैरै किञ्चित सम्झनाहरु लिंदै साँची रह्यो रे ! जुनि ।
रित्ता लेक र गाइ- गोठहरुको लाग्छन् त्यहाँ लाम रे !
पाखा- जङ्गलभित्र चैतसरिको बल्छन् त्यहाँ घाम रे !
हावा- बादल झर्दछन् र कुहिरो चढ्छन् अरे साँझमा !



सन्ध्या झुल्दछ देव- मन्दिर तथा पूर्णेन्दुको माझमा ।
चल्छन् मानिसका विरुद्ध, धनका हुन्छन् त्यहाँ हैकम
बाठा माथि पुगेर फेरि तलका डस्छन् अरूका मन
बेच्दा हुन् कति छाति आज युवती बाँचने नभै साधन
छोरो मर्दछ लाहुरे बनि अझै पासो परी दिन्दिन ।
साहू छन् धन- मान, इज्जत हुने, लाटा मरे भीरमा
जस्को सम्पति छैन बस्नु उसले पर्ने भयो पीरमा
जिम्मावाल, थरी, पुरेत, मुखिया, बाँकी रजौटाहरू
यिन्कै शोषणबाट मुक्त नभई पाक्दै छ गाऊँ अरू ।
अड्डा छन् घुसखोर, न्याय मिचने दारिद्र्यका केवल
रुन्छन् मानिस सुन्दछू बसि यहीं देख्छू बढेका छल
थुप्रै गाउँ पऱ्यो, मऱ्यो विकटले पस्दै डढेलो गयो
छाडेको घर- गाउँ सम्झि मनमा शीशा फुटे झैं भयो ।
रित्तै छन् घर, अन्न- वस्त्र नहुँदा, नानीहरू भोकले
रुन्छन् मानिस दुःखमा धर- धरी डस्दा सधैं शोकले
हैजा छन् घर- गाउँभित्र सुकिला तिन्कै छ उत्पादन
मान्छे शोक पिएर मर्छ विचरा ! हेर्थ्यो कउन् दुर्दिन ?
देख्तैछू वनभित्र बाघ अहिले गर्जेर पस्दै छ रे !
सारा मिर्ग खिंचेर बाहु- बलले मारेर खाँदै छ र !
लेखी साध्य हुँदैन वर्णन गरी गाऊँ मरेको कथा
छिः छिः काँतर झैं बनेर अहिले टाढा पुगें छू म ता !
देला शक्ति र को ? उठेर उसले बुझ्ला सबै यी कथा
ब्यूँझेला अनि आँसु पुछ्न दुनियाँ फोर्दै पुरानो ब्यथा
बाँधी हात सहेर बस्न मनले मान्दैन मेरो कबै
फर्की आउँछु, गाउँका जन मिली उठ्दै गरे है सबै !

(गोधूलि, २०५२ असोज, रचना २०४५)

(शार्दूलविक्रीडित छन्द)

## नयाँ वर्ष

रित्ता बादलमा भरेर जलका घोप्ट्याउँदै छू घडा
खस्रा पात- पहेंलिंदा तरु- लता फेर्दै म छू पालुवा
आँधी- चैत, खडेरि- धुस्कन कडा गाल्दै- पगाल्दै छु म
बारीमा लहलाउँदा कुसुमका बुट्टा सँगाल्दै छु म।
सेता उत्तरमा हिमाल जति छन् पग्लेर झर्दै छु म
औंसीसाथ जुधेर पर्वतमुनी बल्दै उज्यालो छु म
धर्तीलाइ सुहाउँदो कुसुमले सौन्दर्य भर्दै छु म
चारैतर्फ उज्यालिंदो मिरमिरे लाली समेट्दै छु म।
अग्ला पर्वत- लेकमा सुरसिलो सौगात टक्रन्छु म
माला- हार लगाउँदै वन- वनै उम्मेद फक्रन्छु म
बाँझा छन् जति खेत- चौर हरिया भर्दो छु बान्की सदा
गोलो यो पृथिवी घुमाउँछु सधैं वासन्तिका फर्कदा।
चोसो चट्ट बनाइ सुन्दर धरा खुल्दो छु पूर्वाकृति
तारा- जून अनेक लाग्दछु अहा ! बोक्तै उज्यालो रवि
गर्भैबाट सिहार गर्दछु सधैं नौला हुने सिर्जना
पैल्हो प्रात- प्रभात खुल्दछु म नै राम्रो "नयाँ वर्ष"मा।
पीडा- ताप, धराप- रापबिचमा आगो बनी पस्छु म
रोगीलाइ सुगन्ध अम्मृत सरी वर्षातमा बस्छु म
पासो, काल जहाँ छ जीर्ण युगको कात्रो त्यसैको म छू
सारा पाप पखाल्दिने मनुजको सञ्जीवनी झैं म छू।

(समष्टि त्रैमासिक, २०४४ चैत्र)



(शार्दूलविक्रीडित छन्द)

## वि. पी. लाई चिठी

ए वी. पी. सुन हे समग्र दिलले उल्ट्यो पुरानो कथा
नेपाली मनमा अगाध गहिरो आँसू जमेको व्यथा
छातीमा मुटु दुःख्छ छैन महिमा तिम्रो यहाँ गौरब
मानौं चौबिस भाद्रको स्मरण नै भो ब्यर्थजस्तै सब।
भन्थ्यौ रे ! अघि पन्ध्र वर्षजतिमा यो देश पार्ने उँचा
गर्थ्यौ रे ! मनले उसै समयमा धेरै प्रतिज्ञा ठुला
तिम्रा भाव र भावनाहरू झनै सङ्कल्प नौला थिए
त्यो जानीकन दुष्टले समयमै बाधा अनेकौं दिए।
मान्छेलाइ सुखी बनाउन दुखी बाटो हिंडेका थियौ
नेपाली जन- क्रान्तिमा विजयको उत्कर्ष नौलो दियौ
लेख्यौ राजनयी र दर्शन ठुला साहित्य नौला विधा
खुर्पाको बिंडतुल्य पो हुन गयौ यै भो नजाती कुरा।
ल्याएथ्यौ पहिलो, विचार गहिरो नौलो प्रजातन्त्रको
गाएथ्यौ जन- गीत, देशभरि नै स्वाधीन स्वच्छन्दको
त्यस्तै विश्व- समाजवाद पहिलो सिद्धान्त तिम्रो थियो
तिम्रो आर्थिक-साम्यवाद अहिले खोक्रो भई मिल्कियो।
हेरौं हेर्न सकिन्न, वर्णन गरौं भत्कन्छ सारा मन
मान्छेको यतिको विजोग कहिले होला ? तिमी नै भन !
तिम्रो नाम जपेर बेस्कन यहाँ दुर्नाम गर्नेहरू
देखिन्छन् सुकिला ठुला महलमा नेता बनेका बरु।
सत्ता भो बहिरो, नसुन्छ दुनियाँ रोए- कराए पनि
फिक्री छैन कुनै न लाज उसमा निष्ठा हराए पनि
नेता भैकन छैन नैतिक यहाँ खान्छन्, हसुर्छन् यिनी
तिम्रो नाम विषे नकाम हुन गो वी. पी.कहाँ छौ तिमी ?

जग्गामा, घरमा, बजारहरुमा, सारा कुरामा निजी

धन्कै भो महिमा बढ्यो नि महँगी, फैल्यो विदेशी पुँजी
नेपाली जनता बने पशु तथा स्वत्वै हराएसरी
तिम्रो राष्ट्रिय धारणा पनि गयो, माटै बिराएसरी ।
यस्तो यो अनिकालले मन कतै थाम्नै नसक्ने भयो
हाहाकार, अभावले हिमचुली चढ्दै उकालो गयो
हाम्रो नैतिक मूल्य मेटिन गयो, सस्तो भयो जिन्दगी
तिम्रो सालिकको अनादर गरे जस्तो भयो ढल्छ कि !
सम्झेनन् तर वर्ष- वर्ष गरि लौ तिम्रो जयन्ती गयो
भन्छन् राष्ट्रिय चाड, तैपनि सधैं सङ्कल्प फोस्रै रह्यो
बिर्से झैं महसूस हुन्छ मनमा केले गरौं सम्झना ?
वी. पी. लाइ भनी समादर हुने मैले गरें वन्दना !

(राष्ट्रपुकार, साप्ताहिक २०५१।७।३०)

(शार्दूलविक्रीडित छन्द)

## हाम्रो आर्षभूमि !

हाम्रो देवल विश्व- शान्ति पथको निर्वाणको यो घर
भत्किन्थ्यो किन युद्धबाट सजिलै नाघेर विश्वस्तर !
हाम्रो आर्यपना, सनातन तथा जाज्वल्य ज्योतिः छुने
छन् ती शङ्कर- पार्वती मनभरी आएर आभा दिने ।
हामी हिन्दु र सिन्धु हौं जगतका नौला- उज्याला कला
हामी स्वर्गीय धामका विषयमा खुल्ने कला हौं गला
सारा आर्य- अनार्य धर्म बिचमा साझा छ यो देवल
हाम्रा देव र देवताहरु सधैं छन् विश्वमै निर्मल ।
हाम्रो गान- बजान, बज्छ डमरू साहित्य- सङ्गीतको
हाम्रो वेद- विधान उच्चस्तरको मानिन्छ संसारको
हाम्रा मन्त्रहरू समस्त जनको रक्षाविषे तत्पर
हामी शान्ति र क्रान्तिमा अवनिका खम्बा न हौं आखिर ।
हाम्रो देश छ श्रेष्ठ विश्वभरिको उँच्चा हुँदा संस्कृति



आएनन् मनभित्र द्वेष कहिल्यै काला कुरा विकृति
जे होस् जीवन बढ्दछन् शिखरमा कैलाशका मास्तिर
हाम्रो आर्य-थला विराट बिजुली बाल्छन् अँध्यारातिर ।
यस्तो पावन-पुण्य- भूमि छ भने को बन्छ जाली- छली ?
सारा सत्य उठेर बज्रिन सके दुष्कृत्य जान्छन् ढली
मर्छन् रोग, निरोध गर्छ बुटिले श्रीखण्डले लेपन
गर्छन् धर्म- विरोध, शोधहरुले पार्छन् सयौं कम्पन ।
हाम्रै तीर्थ र धामका नजिकमा छन् सौम्य वन्यस्थली
छन् ओंकार- प्रकार, भित्र- तहमा आकाशका मञ्जरी
यौटै शङ्कर देव- दानवविषे औदार्यका द्योतक
हामी छौं जसबाट शान्ति-पथमा लाग्ने स्वयम् प्रेरक ।
हाम्रा सम्पति छन् विशाल वनमा भू-गर्भका वक्षमा
हामी छौं धन- धान्य युक्त र सधैं सत्कार्यका पक्षमा
बाँच्छौं धर्म र कर्मले, वचनले सेवी सबैको बनी
राख्छौं रक्षित यो हिमालमुनिको हो देश साझा भनी ।

(आर्ष वाङ्मय, २०४६ पुस)

(मुक्तक)

## जनता रुँदैछन् बरा !

राजा छन् दरबारमा वरिपरी चम्चाहरू शासक
रानी छन् खुशमा तथापि अवला छन् स्वार्थमा बन्धक
पार्टी छन् अखबारमा, हर- घडी वक्ताहरू बेसुरा
नेता छन् घरबारमा कि झगडा, मान्छे रुँदैछन् बरा !

(रङ्गमञ्च पाक्षिक २०४९)

(शार्दूलविक्रीडित छन्द) **बिर्स्यौ मलाई किन ?**

लाग्यो चैत उराँठिलो वन भयो झर्दा सबै पालुवा
बारी- खेत डढे, सुके जब नदी छोपी उठे बालुवा
आयो जोड हुरी भयो थरहरी काँपे धरा रन्थनी
फर्केनौ तर प्राण आजतक, के बिर्स्यौ मलाई पनि ?
बर्खा याम बित्यो हिलो र कुहिरो, जाडो बढ्यो ह्यूँदमा
रोई तीज गयो, तिहार सकियो, यो आँसुको बूँदमा
पाकेनन् फल- फूल टन्न, रसिला बन्दा बगैंचा- वन
फर्केनौ तर प्राण आजतक, के बिर्स्यौ मलाई भन !
टाढा छौ अति नै, भनौं नजिक छौ, छैनौ भनौ के भनौ !
पत्तै छैन भनौ तथापि घरको सम्चार के यो भनौ
फाटी हिर्दय रुन्छ यो घरिघरी, मुर्दा भयो जीवनी
यत्रो दुर्दिन भित्रियो तर शखे ! बिर्स्यौ मलाई पनि ।
धेरै वर्ष भयो तथापि घरमा सम्चार क्यै पाइनँ
बस्छौ दूर कहाँ- कहाँ मुलुकमा ? आधार क्यै पाइनँ
यौटा जीवन आँसुको भल बन्यो, आधा गयो जीवनी
अर्को प्राण कहाँ ? चिरी मुटु यहाँ बिर्स्यौ मलाई पनि ?
कोशी दूर सुसाउँछे अलिकता बोल्दै मसीनो स्वर
काली दुःख बिसाउँछे गहभरी बाढी धमीलो तर
बस्तीमा अनिकाल रुन्छ दिनहूँ झन् गाउँमा क्रन्दन
आधा ज्यान- परान बाँकि हुन गो, बिर्स्यौ मलाई किन ?
बोल्दैनन् किन कोयली- वनचरी एकान्त सङ्घारमा ?
खोल्दैनन् किन गौंथली हृदयको गाना-बजाना नयाँ ?
नाच्दैनन् किन साँझमा मुजुरले पङ्खा फिंजाईकन ?
एक्लो जीवन रुन्छ यो विरहमा, बिर्स्यौ मलाई किन ?
बस्ता माइतमा अनेक थरिका गर्छन् छिमेकी कुरा



जाऊँ झन् घरमा भने सबजना रेट्छन् लगाई छुरा
भन्छन् देवर- नन्दले थरिथरी, सासू कुरौटे बनी
यस्तो आपतमा म छू तर शखे ! बिर्स्यौ मलाई पनि ?
दिन्छन् दुःख र यातना दिन- दिनै छोरो हरायो भनी
क्यारी चित्त बुझाउँ बुझ्छ कसले ? मेरै हराए पनि
नारी जीवन यो रहेछ अबला धिक्कार कस्तो जुनि ?
लोग्ने जाति भएर निष्ठुर बनी बिर्स्यौ मलाई पनि ?
लेखी पत्र पठाउँ बादलतिरै, देखिन्न खै बादल ?
हावासाथ पठाउँ मन्द सब भो बर्सिन्न वर्षा- जल
डाँडामाथि उडेर जान्छ कुहिरो फाटी तुवाँलो बनी
यो संसार उजाड-शून्य मरु भो ! बिर्स्यौ मलाई पनि ?

(कलश, त्रैमासिक २०६०, भानु-मोतीमा प्रकाशित २०६२)

## मुक्तक

पृथ्वी फर्कन्छ के मान्छे ? चन्द्रलोक पुगेपछि
के मान्छे ओर्ल्हन मान्ला अग्लो शैल चुमेपछि ?
जस्तो सागर ती बग्छन् नफर्की कहिल्यै पनि
मान्छे रोबोट झैं बस्छ अन्तरिक्षभरी घुमी । (२०४८)

**युवा हुन् देशका स्तम्भ.......**

युवा हुन् देशका स्तम्भ, युवा नै देश- रक्षक
युवाले विश्व बोक्नेछन् काँधमा आखिरीतक
युवा नभै कहाँ बन्थ्यो सृष्टिमा दृष्टि सुन्दर ?
युवाबाहेक कल्पौं यो सभ्यता अस्थिपञ्जर !
(समस्यापूर्ति २०४६, मोती जयन्ती)

(शार्दूलविक्रीडित छन्द) **हे देवकोटा तिमी !**

मैह्ना कार्तिक जन्म हो शरदको, लक्ष्मी पुजाको दिन
चारैतर्फ हुँदा बडो भिलिमिली टल्कन्थ्यो आभा- कण
औंसीतुल्य थिएन रे ! सघनमा हाँसेसरी चन्द्रमा
खुल्थ्यो शैल हिमाल प्रात- पखमा झैं त्यो सफा रातमा ।
पन्छी चिर्बिर गाउँथे वन- वनै, नाला- नदी कुद्दथे
छाँगामा छहरा उठेर लहरा हाँगाविषे झुल्दथे
नाच्थे ताल नयाँ भिकी मुजुरले पङ्खा फिंजाईकन
हाँस्थ्यो बादलमा बसेर बिजुली वर्षा लुकाईकन ।
भैलेनीहरु च्याउँथे घर- घरै नाच्दै जुहारी गरी
द्यौसी रे !-हरु गाउँथे अझ गला सोरेर च्यूँडोभरी
आशीर्वाद सदा दिएर घरमा यात्रीहरू पस्दथे
“जङ्गी सेल” पकाइ मस्त महिला जाग्राम नै बस्दथे ।
नाच्थे मादल तालमा स्वर भिकी गाना नयाँ गाउँथे
बोल्थे बोल विचित्रले तर अहा ! भाषा मिठो भ्याउरे
गर्थे छुन्मुन छन्दमा मद पिएजस्तो कुरा मन्थन
छर्थे प्रेम कपोतका सरि मिठा जोडी हुँदा रम्भम ।
औंसी रात चिरेर पूर्ण दिनको झुल्केर बल्दा रवि
खेल्यौ काव्यविषे बढ्यौ शिखरमा संसार हाँक्ने कवि
सक्थ्यो जित्न कहाँ ? महापुरुषको स्पर्धा गरी सम्मुख
नेपाली प्रतिभा विराट, युगका लक्ष्मीप्रसादैतक !
आयौ स्वर्गसमान यो धरणिमा हे ! देवकोटा तिमी !
हुर्क्यौ जीवन- कालमा थरि-थरी बोल्दै हजारौं ध्वनि
झेल्यौ दुःख र पीरमा, विरहमा बाँचेर आफू गयौ
नेपाली जन- काव्यका शिखर हे ! मर्दै- नमर्ने भयौ ।



पढ्छौं आज कथा “मुना-मदन”को “शाकुन्तला”को व्यथा
“पृथ्वीराज चुहान” वा “प्रमिथसै” झन् “कुञ्जिनी”को कुरा
“लूनी, म्हेंन्दु, सुलोचना, कृषक-बाला” वा “भिखारी” पनि
“लक्ष्मी- गीत, महाप्रताप” अथवा “संयोगिता” जीवनी ।
“चम्पा”वा“सुनको बिहान,पुतली,म्याक्बेथ, झञ्झा” सुरा
“मैना, सुन्दर, गाइने, कुसुम” झैं फुल्छन् “वसन्ती” कुरा
नामै मात्र सयौं कृतिहरु जहाँ पाइन्छ तिम्रो पनि
थाक्छन् वर्णन गर्न व्यास नसकी लाचार छाया बनी ।
तिम्रो आर्थिक जिन्दगी बनिरह्यो धूलोसरी जर्जर
गर्दै “ट्यूसन” “मास्टरी” अनि उता भाषानुवादैतिर
डोका तीन किताब पाठ्यक्रमका लागी भनी लेखिए
कैयौं पुस्तक फ्याँकिए घर- घरै, थोरै यहाँ देखिए ।
भाषा- सागरमा छचल्किन गई नाघेर विश्व- स्तर
हामीबाट गयौ पचास नहुँदै हे ! काव्यका भाष्कर !
तिम्रो जन्म भएछ सार्थक कुरा नेपाललाई पनि
बाँच्यौ आखिर ज्योति भै जगतमा हे ! देवकोटा तिमी !

(देवकोटा जयन्ती २०६१, नेपाल सांस्कृतिक संघमा वाचित)

(शार्दूलविक्रीडित छन्द) **मोतीराम भट्टप्रति**

मोती थ्यौ धनका विशाल मनका साहित्यका प्रेरक
भाषाका नव-रत्न, पूर्ण कविताका काव्यका नायक
नेपाली पन भै अनन्त वनका डाँडा- हराका धरा
जस्को नाम लिंदा समेत चुचुरा झुक्छन् भुरे टाकुरा ।
तिम्रो मङ्गल गाउँछन् वन- चरी एकान्तमा कोकिल
डाक्छन् शब्द दिंदै महा- समरको बैशाखमा न्याहुल
भाषा- वेश सजाउँछन् हृदयले डाँडा र पाखा- वन
तिम्रै जीवनबाट चल्छ मुटु यो छाती तथा स्पन्दन ।

भानूको गरिमा, चिनाइ महिमा, छापेर रामायण
लेख्यौ नव्य-विधा कथा गजलको पोख्यौ उज्यालो कण
सेवा- भाव लिएर विश्व- पथमा भाषा बढायौ अघि
नेपाली जन- काव्यका विषयमा पैल्हो उदायौ रवि ।
छोटो जीवन- कालमा पनि गऱ्यौ ठूलो यहाँ साधना
बाँच्यौ यौवन- कालमा, अझ रह्यौ सम्पूर्ण आकाशमा
तारामा पनि शुक्र झैं चहकिलो नक्षत्र हौ गोलमा
पृथ्वी हौ, अनगीन मानिस जहाँ प्यूँछन् सुधा झोलमा ।
तिम्रो सार्थक जन्म यो धरणिमा पाएर हामीहरू
लेख्दैछौं कविता अनेक थरिका भाका बनाई तरु
भन्छन् भन्न त विश्वमा कविहरू हुन्छन् अभागीसरी
बाँच्छन् जो अविराम जीवन सधैं आगो खन्याएसरी ।
सम्झन्नन् दुनियाँ विवेक नहुँदा कुन् हो ठूलो गौरब ?
मिल्कन्छन् वनका कुनातिर सधैं सौगन्धका सौरभ
हे भाषा प्रतिमूर्ति ! देशभरिका आँखा उज्याला तिमी-
लाई दिन्छु, चढाउँछु म त सधैं श्रद्धा र श्रद्धाञ्जली !

(मोती जयन्ती, युगसम्बाद २०५१, भदौ)

## (मुक्तक) विचित्रता

नीलो आकाश उघ्रेर जब घाम उदाउँछ
पूर्णिमा झुल्दछन् डाली चिडिया चिर्बिराउँछ
मान्छे सोच्दछ संसारै मेरै हो दिव्य- सुन्दर
छैन केही कसैको यो सोचाइ मात्र अन्तर ।

(२०४७ माघ)



## (शार्दूलविक्रीडित छन्द) शहीद

मान्छे मर्दछ फाँसिमा बरु चढी मर्दैन सिद्धान्त रे !
गोली थाप्दछ छातिमा रहरले लत्रेर बाँच्दैन रे !
काला जेल, फलाम- नेल उसका शिक्षा हुने यन्त्रणा
जो स्वीकार गरेर मर्छ नझुकी त्यै श्रेष्ठ हो भावना ।
आगो झैं छ कडा भने जहरले गालेर गल्दैन रे !
अग्लो पर्वत झैं छ सालिक खडा ढालेर ढल्दैन रे !
पानी झैं छ सफा भने गगनको खग्रास नै गर्छ के ?
आँधीतुल्य छ मानिसै यदि भने रोकेर रोकिन्छ के ?
सारा शस्त्र र अस्त्रले समरको रुक्दैन बाटो अरे !
जो जो भाव कुँद्यो विचार गहिरो मारेर मर्दैन रे !
ढल्दा एक हजार फल्छ, सजिलै चैतन्य भत्कन्न रे !
रातो रक्त बगाउने शहिद त्यो मर्दैन- मर्दैन रे !

(नयाँ युगका कविता २०५०)

## (शार्दूलविक्रीडित छन्द) नारी- १

नारी जाति भई समस्त युगको संरक्षणै पाइनँ
आमा भै शिशुको समेत ममता मैले लिनै पाइनँ
नारी धन्य ! भनेर शब्द दुइटा सुन्नै अहा ! पाइनँ
लाखौं सुक्खहरू थिए कि जगमा मैले त खै पाइनँ ।
भान्से भै कतिको मनोरम खुसी पार्ने त नारी म हूँ
झुत्री भैकन दौडिने वरिपरी हावा- सरीकी म हूँ
झिल्के सारि लगाइ मस्त नखरा पारी रहेकी म हूँ
बेश्या भै कति ता ठुला महलमा धाई रहेकी म हूँ ।
दाऊरा, वन- घाँस धाइ, घरको हेर्चाह गर्ने म हूँ
जूठो साफ गरी रिझाइ पतिको दासी बनेकी म हूँ
लोग्नेको घरमा बुहार्तन सही गाली पिएकी म हूँ
अत्याचार ठुला परुन् शिर सधैं थापी जिएकी म हूँ ।

लट्टा केस लिएर हिंड्दछु सदा, बोक्सी भनेकी म हूँ
दाऱ्हा कट्ट किटेर इज्जत गुमी पातर् बनेकी म हूँ
हेलामा जगतै रमाउँछु घुमी रण्डी सरीकी बनी
आमा हूँ तर त्यो परेर करमा दुत्कार भो जीवनी ।

काली- मैलि बनेर बागबिचमा कुट्टै गरेकी म हूँ
खल्खल्ती पसिना चुहाइ वनमा गाई सहेली म हूँ
ठूलाका घरमा तथा महलमा दासी भएकी म हूँ
मान्छे भै अरु देशमा खरिदको लागी गएकी म हूँ ।

नाताबाट लखेटिई पर भई आँसू पिएकी म हूँ
गाई झैं अनि द्रब्यका सरि कठै ! दानै दिएकी म हूँ
पाल्तू भै पशु झैं बनाइ दिनहूँ जूठो पिएकी म हूँ
केहीमात्र दिएर त्यो बलजफत् सास्ती जिएकी म हूँ ।

पुर्खाकी अझ हूँ सपूत जगकी, यो देशकी भक्त हूँ
नाला- पानि समेत् डगाइ लडने आधारकी रक्त हूँ
गैऱ्हो ताल- समुद्रका लहरमा आँधी उठेकी म हूँ
मान्छेभित्र करोडको हृदयमा आभा जडेकी म हूँ ।

बस्ती- गाउँ, पहाडका झुपडिमा लिप्-पोत गर्ने म हूँ
सन्ध्यामा घरमा समान बिजुली बत्ती उज्याली म हूँ
माटोभित्र सुगन्ध फूल- फलले शोभा दिएकी म हूँ
नारी भै नरको र सृष्टितकको जिम्मा लिएकी म हूँ ।

पढ्नै- लेख्न नपाउने घर- ब्यथा सम्झी रहेकी म हूँ
रानीतुल्य म हूँ , तथापि नझुकी ज्यूने गरेकी म हूँ
ढिक्कातुल्य फलामकी चहकिली संसारकी गोल हूँ
नारी एक भएर लड्न बढने आह्वानकी भेल हूँ ।

(युगधारा (रातो) २०४० फागुन, ८ मार्च)



(शार्दूलविक्रीडित छन्द)

## नारी- २

हाम्रै स्वर्ण- प्रभातमा शिखरको लाली फुलेको छ रे !
चारैतर्फ सुगन्ध- मन्द गतिको हावा डुलेको छ रे !
कैल्हे आउँछ मिर्मिरेसँग नयाँ उल्लासको याम रे !
कैल्हे बल्दछ ज्योति भै तिमिरमा आकाशको घाम रे !

एकै मानिसमा सबै फरक, त्यो काम्-काजमा भेद रे !
नारीलाइ भने कडा छ दिइने हो "वेदको दण्ड" रे !
मान्छे भै पर-जातिका नियममा हाम्ले हुनैपर्छ रे !
पैसामा, बलमा, परेर करमा मर्नू सधैं पर्छ रे !

भन्छन् "माइत बस्नु हुन्न यसले, बिग्रन्छ यस्को मति"
ठान्छन् "पढ्न हुँदैन स्त्रीहरु पढे नासिन्छ धर्मै जति"
हेप्छन् मानिस नै अनादर गरी, लाई कुरा फत्तुर
लाछी, बुद्धि, विवेकहीन, अबला, गाली दिंदा पातर ।

हामीलाइ रुवाइ हुन्छ कतिको वीरत्वको साधना
हाम्रै इज्जत बेचि रण्डि- घरमा मेट्छन् सधैं तिर्सना
अड्डा- कानुन छन् सधैं पुरुषमा, रित्तो छ हाम्रो हक
हाम्रो ताप तथापि हेर्छ कसले ? जाँदा सबै हुर्मत ।

गर्नै पर्दछ काम- काज घरको, साऱ्है नसक्ता पनि
बेरामी अथवा सपूत- कुलको सन्तान जन्मे पनि
खप्नै पर्दछ पीर- भार कहिल्यै गाऱ्हो नमानी कति
खानै पर्दछ सास्ति ती घरविषे लोग्नेहरूकै अति ।

गाली, धम्कि र छेड- छाड गतिला सम्मनका खातिर
आँसू प्यूनु सिवाय छैन अरु ता थेप्चो बनाई शिर
लात्ती, लट्ठि र ताडनाहरु खुबै मिल्छन् ठुला रीसमा
मारिन्छौं कति ताल- जाल बुनिई षड्यन्त्रको खेलमा ।

कैयौं शीत र बाफ वा बरफमा जुत्ता समेत् हुन्न रे !
थाङ्ग्रे वस्त्र लगाउनू छ त्यसले जाडो नि छेकिन्न रे !

चर्को घाम, बतासमा अझ ठुलो आँधी र त्यो वृष्टिमा
पैंताला चिरिने ति घाम अथवा लूको कडा वाफमा ।
नारीमाथि छँदैछ शोषण यहाँ ती वर्ग र भेदका
पाकेका मनभित्र घाउहरु छन् नारीहरूका ज्यथा
पढ्दैनन् तर मानिसै दुख- कथा आमाहरूको ब्यथा
हात्मा नेल- चुरा समान उरमा पोते बनेको दशा ।
बाँच्नै पर्दछ जिन्दगी यदि भने आऊ जुटौं एक भै !
फेरौं यो, अविराम भेद नहुने बाटो हिडौं लाख भै !
भत्काऊँ सब यो कुरीतिहरुको पर्खाल तोडीकन
सम्याऊँ असमान खाडल, बनोस् स्वाधीनता जीवन ।
(युगधारा (रातो), २०४१ फागुन, ८ मार्च)

(शार्दूलविक्रीडित छन्द)

## शहीद २

सिक्री हात धरेर जीवन दिने आफू चितामा चढी
आफैंलाइ मिटाइ स्वार्थ नलिने ज्यानै गए तापनि
काला कर्तुतका विरुद्ध बलियो ढोका फलामे तिमी
माटोमै पनि देवदारु तरु झैं फुल्छौ र फल्छौ तिमी ।
जङ्गी त्यो तलबार, अस्त्र खुकुरी, पारो- खुँडाको तिमी
बैरीलाइ सखाप पार्न लगिने क्षेप्यास्त्र जस्तै तिमी
आगो गोल- खरानि भष्म गरि त्यो ज्वाला उठेका तिमी
लाखौं मानिसका निमित्त सहजै मर्ने र बाँच्ने तिमी ।
अन्धालाइ हिंडाउने मगजले आँखा उज्याला तिमी
द्रोहीलाइ लडाउने समरमा आँधी र ब्याधी तिमी
धर्तीका अनमोल रत्न अथवा सौभाग्य हौ रे तिमी
बाल्दैछौ नव- ज्योति, बादलविषे वर्षा झरेका तिमी ।
खोला भैं सलसल्ल, कल्कल गरी बग्छौ समुद्रैतक
पौल्छौ ताप, धराप- पाप जगको आकाशमा भै खग
मान्छेलाइ चपाउने दनुजको दाह्रा उखेल्ने तिमी
हाँस्छौ ढाइ करोडको हृदयमा, संसार ढाक्ने तिमी ।



बाँझो खन्न रुचाउने धरणिको औजार बन्छौ तिमी
फाँड्ने जङ्गलबीचका कलुषता खुर्पा फलामे तिमी
औंसीलाइ उघारि धप्धप हुने त्यो सूर्य- चन्द्रै तिमी
बस्तीभित्र चियाइ मिर्मिर- प्रभा लाली मुसार्ने तिमी ।
मान्छेमाथि चलाउने हुकुम त्यो मान्दै- नमान्ने तिमी
मान्छेको अधिकार निर्मूल हुने बाटो नहिंड्ने तिमी
मान्छेलाइ स्वतन्त्रता पथविषे उत्कर्ष गर्ने तिमी
मान्छे दास बनाउने नियमको विद्रोह गर्ने तिमी ।
फारी बादल मेघको वरिपरी भै दीप्त आकाशमा
छर्दै पुञ्ज- प्रकाश विश्वभरको स्वाधीन सङ्ग्राममा
मेचीबाट झरेर कालीतटमा बाल्छौ शिखा निर्झरी
नेपाली जन- मुक्तिका शहिद भै बाँच्छौ हजारौं जुनि ।
छोटो जीवन- कालमै अमरता पाएर सञ्जीवनी
यो संसार डगाउने गडगडी तिम्रो भयो जीवनी
त्यस्तो जीवन- प्रेरणा- पथ हुने अर्को यहाँ के छ र ?
श्रद्धाबाट शहीद भै जगतमा बाँच्छौ तिमी आखिर !
(टङ्कार कविता उत्सव २०४३, शहीद दिवसमा प्रथम)

(शार्दूलविक्रीडित छन्द)

## भूकम्पले ताडित !

सुन्गाभा फूल फुल्दथे रहरिला चढ्दै नयाँ पालुवा
कोशी निर्मल बग्दथ्यो चलमली छोपी सधैं बालुवा
चौतारी-वन धाउँथे र बटुवा बस्थे सियाँलै मुनि
हेर्दा सुन्दर देव- मन्दिरतिरै झुल्थे बगैंचा पनि ।
पानी- घाट, जँघार, फाँट हरिया, छाँगा- हरा सुन्दर
बेहानीपख सूर्य झुल्किन गए हाँस्थे धरा उत्तर
वास्नादार सुगन्धका रस लिंदै डुल्थे अरे ! माहुरी
यस्तो सौम्य- सफा र ग्राम- नगरी भत्केछ ऐले लडी ।
पाखा- जङ्गलबीच सुन्दर- घना, साना घरै झोपडी
क्वैली बास बसेर बास्छ वनमा सम्साँझमा झ्याम्किरी

बुन्दै तान बजान- गान चिडिया उड्छन् नयाँ यानमा
वासन्ती फल- फूल फुल्दछ  नयाँ  एकान्त उद्यानमा ।
यस्ता सुन्दर, मस्त, ब्यस्त भरिला बस्ती सबै नाङ्गिए
त्यो बेला जब कम्प जोड हुन गो खाँबा टुटी बाङ्गिए
अर्माली अनि  बार्दलीहरु लडे, ढोका घज्याम्मै  झऱ्यो
भैंचालो यसरी  गयो दश- दिशा  ढाकी  मसानै भयो ।
मीठा  स्वप्न, प्रगाढ नींद बिचमा  मान्छे परेका थिए
निद्रामै  कति ता  लडेर  घरले  थिच्दा  मरेका थिए
गाई- गोठ, चरा किचेर बचरा  माऱ्यो पला- सासमा
वाक्यै फुट्न सकेन हाय विचरा ! दुर्दान्त भो  लासमा ।
छोरा थे  परदेशमा  र  घरमा  बाबू  मऱ्यो  दुःखमा
आमा आज मरिन्, रुँदै धुरु- धुरू छोरी रहिन् शोकमा
ठूलो सङकटमा  विजोग  थपिंदा ज्वाला बले झैं भयो
हाः हाः त्रस्त बनाइ ग्रस्त अहिले भू- कम्प  ठूलो गयो ।
ऐलेको नव- वर्ष,  हर्ष  मनमा  बाँकी  नभै  गैदियो
के भो चाड दशैं- तिहार पनि त्यो खल्लो बनी वैरियो
के लेखौं ? त्यसको बयान म गरूँ ! लत्रन्छ मेरो  शिर
सम्झौं चित्त कटक्क हुन्छ मनमा घोपिन्छ तातो  भिर ।
त्यस्तो निष्ठुर  रात- काल कसरी  भित्रेछ  नेपालमा ?
दुःखीले कति वर्ष बाँच्नु छ  अझै पिल्सेर  अन्यायमा ?
जो आयो  सहयोग  राष्ट्रहरुको  कस्को पऱ्यो हातमा ?
यस्तो  सङ्कट वैरिंदा  हृदयले  सुन्ने छ  को देशमा ?
हाम्रा दाजु  र भाइ, बा  र बहिनी, आमाहरू  जो मरे
बाँचेका  पनि  यो विशेष  स्थितिमा  जञ्जालभित्रै परे
तिन्लाई  कविता  समर्पण   गरी  सम्वेदना  लेखियो
राखें  आदर- भाव, आजतकको  श्रद्धाञ्जली  यै  भयो ।

(धरानमा भूकम्प, रचना २०४५ असोज १)



(शार्दूलविक्रीडित छन्द)

# भानुभक्तलाई चिठी

ए भानू ! भन के म लेखुँ कविता कान्तीपुरीको कथा !
तिम्रो  त्यो महिमा, घटेर  गरिमा, हाम्रो  बनेको दशा
भाषा- वेश कहाँ ? छ सालिक यहाँ मैलो, पुरानो बनी
मिल्क्यौ  निर्जनतुल्य  भै,  शहरमा  हातैविना  तैपनि ।-
बोलौं बोल्न हुँदैन सत्य  अहिले बोलेर नै  हुन्छ के ?
लेखौं लेख्न हुँदैन  व्यर्थ त्यसले  आएर पो ठुङ्छ हे !
केही काम  गरेर  राष्ट्र बलियो  पार्ने जमाना  गयो
भाषा-भेष मऱ्यो, समस्त  मुटुको रानो विरानो भयो ।
रम्घामै पनि छैन  भानु- महिमा  उग्लेर  जाँदैछ रे !
त्यो तिम्रो  तनहूँ  डढेर  दिनहूँ उड्दै खरानी  छ रे !
वर्षामा पनि छैन  भेल गतिलो  बाढी त्यहाँ  गण्डकी
तिम्रा ती कविता  घुमेर रमिता हेर्छन्  कुनामा  बसी ।
बालाजी वन शून्य झन् बनिसक्यो पानीविनाको भई
धारा बाइस  ठप्प छन्  वरिपरी  छैनन् बगैंचा कहीं
नाम्को सुन्दर नाम कान्तिपुर यो तिम्ले दिएका थियौ
भत्क्यो यो अलकापुरी नगरि नै  हाँसो तिमी पो भयौ !
बाटो छैन सफा र सुग्घर, यहाँ पानी  कहाँ  पाउनू ?
बाँच्ने  स्रोतसमेत  छैन  घरमा, केले लुगा  लाउनू ?
सारा छन् महँगा  बजारभरि नै  सस्तो जमाना  गयो
तिम्रो  कान्तिपुरी  मरेर  नगरी   प्राणैविनाको  भयो ।
पानी, जङ्गल, झार-पात हरिया वैली, सुकी खङ्ग्रिए
बारी-खेत सधैं विना- जल हुँदा सुक्खा  भई जिङ्ग्रिए
उब्जा घट्नगयो र मानिस बढ्यो,झन्झन् बढ्यो झन् बढ्यो
तिम्रो  कान्तिपुरी  सुगन्धपुरको  दुर्गन्ध  मात्रै  रह्यो ।

साँचो न्याय मर्‍यो जतातिर गयो घुस्को जमाना भयो
निर्धाले पनि बाँच्छु भन्नु यहि नै आश्चर्य आठौं भयो
मान्छे बेच्नु र मार्नु, पार्नु झगडा सामान्य बन्दै गयो
तिम्रो कान्तिपुरी बनी यमपुरी दुर्दान्त हाम्रो भयो ।
लाम्खुट्टे, उपियाँ डसेर रुपियाँ झार्छन् र खान्छन् बसी
लेख्छन् दुर्जनका निमित्त कविता कालो खरानी घसी
बेच्छन् बेच्नु परे दिमाग अथवा छाती यहाँ सुन्दरी
तिम्रो कान्तिपुरी रहेन अलका- इन्द्रावतीकी सरी ।
गन्धै- गन्ध छ यो सफा शहरमा दुर्गन्धको राज छ
यी सारा सुकिला ठुला महलमा अन्यायको बास छ
पैसामै कति बिक्दछन् रुप यहाँ सारा बनाइ मुजा
यो कान्तीपुरमा बडो गजब भो देख्तै पनि क्या मजा !
फालेका अनगिन्ति छन् शहरमा हड्डी पुरस्कारका
भागी छन् कवि नै विशेष कविता तिन्का तिरस्कारका
जात्रा धेर छ गाइ- माइहरुको यात्राविनाको उँभो
तिम्रो कान्तिपुरी रुँदै मरि- मरी भत्की झरेको उँधो ।
भाषा शुद्ध नभै अशुद्ध हुन गो मान्छेहरूको मन
मात्रै देश छ शेष, नाम रहँदो रम्घा- चुँदीको वन
यस्तै हाल छ, छैन चाल गतिलो सम्चार राम्रो यहाँ
भानू ! कान्तिपुरी नआउनु तिमी फर्केर जञ्जालमा ।
(राष्ट्रपुकार सा., रङ्गमञ्च पाक्षिक २०५१, वाङ्मय २०५४ र तनहूँ ग्रन्थ २०५७)

मुक्तक)

## यो देश हाम्रो भनी

खाऊँ, मोज गरूँ लुटेर, जनता रोई- कराई रहुन्
आफू मात्र ठुलो बनूँ जगतमा, लाटा भुसुक्कै मरुन्
पारौं भ्रष्ट हुने समाज अहिले यो देश बिग्रोस् पनि
नेता भैकन गिद्ध झैं लुछिरहूँ, “यो देश हाम्रो भनी”
(समस्यापर्ति, लेखनाथ सदन २०५०)



(शार्दूलविक्रीडित छन्द)

## खै के भो कविता ?

छैनन् छन्द- मिठास, शुभ्र-कविता मस्तिष्क हल्लाउने
छैनन् राग- पराग, गन्ध मसिनो पीयूष बर्साउने
पानी झैं सलसल्ल- कल्कल गरी बग्दैन धारा बनी
खै के भो कविता ? छुँदैन अहिले व्यक्तित्वको जीवनी ।
लेख्छन् लेखक नै नबुझ्छ दुनियाँ साहित्य बेछन्दको
आफैं अर्थ खुलाइ हिंड्छ बबुरो ! मान्दैन कोही निको
भाषा- भेष दगुर्छ बेस्कन कता, के अर्थ त्यस्को हुने ?
खै छैनन् किन आज- भोलि कविता सत्मार्ग देखाउने ?
बिग्रेको किन आज- भोलि कविता आस्वाद- बेस्वाद भै
जे-जस्तो मन लाग्छ लेख्छ कविता क्यै भाव-भङ्गी नभै
वाँच्तामा पनि मोल- तोल कविता बन्दैन तीखो-खर्‍हो
मान्छेको जन- भावभित्र कविता घुस्तैन साँच्चै बरो !
हुन्नन् तर्क- वितर्क, कथ्यपरता आख्यान गर्ने कला
ठाडै लेख्छ विरोधमा अरुविषे ड्याकेर घाँटी- गला
लिन्छन् पक्ष- विपक्ष स्वार्थवशमा ती शब्दले चाकरी
जस्तो नाच्तछ भालुले चटकमा, पाक्ता ठुलै नोकरी ।
जस्को शक्ति छ भक्तिका उपरमा चर्चा उसैको हुने
छैनन् लायक पढ्न तैपनि उही गर्बेर अग्लो हुने
फोस्रा शब्द उनेर पङ्क्ति रचना गर्छन् तथा भर्दछन्
राम्रा सक्षम- व्यक्ति चैं पर कतै बेफ्वाँमै मर्दछन् ।
(त्रि-रत्न, त्रिचन्द्रको मुखपत्र, २०४५)

(मुक्तक)

## मान्छेहरू अब जाग

रोगी झैं किन दीन- हीनसरि भै रुन्छौ पखेरामुनि ?
धर्छौ के शिरमा अनेक थरिको सिक्री फलामे पनि
बाधा- बिघ्न सहेर बाँचिरहने कस्तो मरेको जुनि ?
मान्छे हो अब लाग सत्य-पथमा गर्नेछु केही भनी । (२०४४ चैत्र)

(शार्दूलविक्रीडित छन्द) **मजदूर**

तारा मण्डल देखिने झुपडिमा डेरा छिंडीको मुनि
कैल्यै घाम नआउने हिउँदको चीसो बरफ् झैं बनी
पानी आउँछ सिम्सिमे जमिनको जाडो हुँदै बेस्सरी
लाग्छन् मच्छड झन् अनेकथरिका बाजा बजे झैं गरी ।
होचो साँघुरिंदो छ द्वार त्यसमा ढोका तगारोसरी
हावा पस्न नपाउने वरिपरी दुर्गन्ध पेटीभरी
जङ्गी चोक अगाडि भुन्भुन गरी माखा सदा भन्कने
बाँकी रात बिताउनै पर रहोस् दिन्मै अँध्यारो हुने ।
बस्छन् चारजना जहान घरमा धन्दा अनेकौं गरी
खाँदा- खाँद गरेर रात पनि त्यो बित्छन् गुँडुल्की परी
धूवाँ बादल झैं प्रकाश मधुरो छाया बनी उड्दछ
त्यस्तैमा अनगिन्ति भोकहरुको ज्वाला बली निभ्दछ ।
टाढा पर्दछ बास, गाउँ नजिकै हुन्नन् कुनै साधन
पीठो पाक्छ मिठो तथापि अरु क्यै मिल्दैन है व्यञ्जन
रुन्छन् भोक र प्यासले दिन- दिनै छोरा र छोरीहरू
हुन्नन् लाउन वस्त्रसम्म गतिलो चिल्थै बनुन् ती बरु ।
बाबू पिट्छ फलामका गहकिला पल्टाउँदै इञ्जन
बोरा बोक्छ, उचाल्छ हात दुइले गाऱ्हो नमानीकन
खानीमा मजदूर बन्छ कहिले रिक्सा र गाडा- गऱ्हा-
ठेल्दै, गर्दछ दुःख- भुक्त विचरा, छाती फुटाई बरा !
ठेला उठ्तछ फुट्तछन् पटपटी, देखिन्छ सारा नसा
छाला जान्छ शरीरको, रगत वा आँसू हुँदा दुर्दशा
लाखौं यत्न गरेर फिर्छ विचरा ! टाढा कुटीमा रुँदै
बित्छन् चाड दशैं- तिहार सब ती सम्झी नसक्ना हुँदै ।
हुन्नन् लाउन खान अन्न घरमा, जम्मा हुने क्यै धन
गर्दै भोलि र पर्सि, वर्ष- महिना बित्छन् उसै जीवन
छैनन् सञ्चित द्रव्य क्यै घरविषे माटो घडेरी कतै



हो संसार विहीन कर्मठ, उही मज्दूर भन्छन् सबै ।
फुल्छन् फूलहरू अनन्त- पहरा ढाकी उसैका खुन
बन्छन् तैपनि भार- इञ्जन ठुला विज्ञानका साधन
हुन्छन् मालिक नै सधैं धनिहरू, गिर्दो छ आफू भने
बाटो छैन उपाय निश्चित कुनै सङ्कष्टमा उम्कने ।
भाई हो बुझ, हेर चक्षु दुइले संसारको गौरब
मान्छे आज कहाँ- कहाँ पुगिसक्यो भत्काउँदै रौरब
लौ आऊ ! मजदूर विश्वभरिका यौटै थलामा जुटौं
मान्छेको हकनिम्ति मानिस भई मान्छ जगाई उठौं !
(बुलेटिन, वार्षिक,२०४४ मई दिवस)

(शार्दूलविक्रीडित छन्द) **मेघालयको चिठी**

प्यारो भाइ तिमी विशाल गिरिका, नेपालबासी जति !
हामी दाजु र भाइ हौं रगतले साख्खै उही सन्तति
यौटै जात तथा परस्पर हुने सम्बन्ध नेपाल हो
उस्तै दुःख र सुख्ख बीच जिउने संस्कार यौटै न हो ।
हाम्रो गान-बजान मादल तथा सङ्गीत हो झ्याउरे
हाम्रो चाड दशैं- तिहारहरु छन् संस्कार उस्तै अरे !
यौटै धर्म र जात, संस्कृति- कला यौटै छ त्यो गौरब
यौटै मानिस हौं परन्तु दुइटा बस्छौं गरी पौरख ।
हाम्रो देह- नसा, विवेक- बल वा हड्डी र छाला उही
हाम्रो वर्ण, मुहार- बान्कि जिउको अग्लो र होचो उही
उस्तै ध्येय- विचार, वर्कत उही, सेवाविषे तत्पर
यौटै हो इतिहास- जीवन दिने सद्भावनाखातिर ।
नेपाली- जन मूलका पनि थियौं हामी बन्यौं भारती
झोडामा पनि छैन बास अहिले भत्काइए झोपडी
हामीमाथि अघोर वज्र परिगो भू-कम्प आएसरी
टेक्ने ठाउँ समेत छैन अहिले रुन्छौं सबै धर्धरी ।
हाम्रो छैन कतै कुनै मुलुक रे ! संसार निःस्सार भो

झोडा भारतका कुरेर रहँदै बाँच्नू त बेकार भो
यस्तो घोर विपत्तिमा उनिहरू दिन्छन् ठुला यातना
बोल्दैनौ किन भाइ ? दाजुहरुकै यस्तो हुँदा सासना !
नेपाली खुन पोखिंदा सडकमा आँसू बन्यो पोखरी
बग्दा झन् पसिना भई तर-तरी झोडा भिज्यो आखिरी
हाम्रो जीवन- तन्तु छैन ठिकमा आधार बाँच्ने गयो
यो मेघालय पर्वतीय स्थलमा दुर्दान्त हाम्रो भयो ।
हामी देशविहीन भै समरमा रोई रहेछौं यहाँ
आफैं आँसु झिकेर घाउ मनको धोइ रहेछौं जहाँ
ज्ञानी छौ यदि भाइ सज्जन भने खोली कुरा बोल हे !
हामीलाइ नमार आज जिउँदै छाती बरू खोल हे !
पापी भारतको कडा विष दिने बाटो छ साम्राज्यको
उल्टो शासन देशभित्र दुइटै उस्तै छ अन्यायको
कल्ले हेर्दछ ? दुःख, पीर, घटना हामी मरेको कथा !
बुझ्दैनौ किन भाइ दाजुहरुको पाकी रहेको व्यथा ?
रेखा देश- देशान्तरादिहरुको सीमा बन्यो बाधक
मानौं यन्त्रहरू भए दमनको पाशा बने घातक
मान्छेमा पनि फूट, झूठ हुन गो स्वार्थी हुँदा शासन
जाने आज कहाँ ? कतैतिर कुनै मिल्दैन आश्वासन ।
फर्कन्छौं परिवार देशभरिका यौटै बनाई बरु
आशीर्वाद मिलोस् रहूँ मिलिजुली नेपालको आबरु ।

(नेपालभूमि सा. २०४४)



(शार्दूलविक्रीडित छन्द)

## हाम्रो भयो दुर्दशा

हाम्रो देश विशाल- विश्वभरिको यौटै थियो वीर रे !
हाम्रो आँगन विश्व-शान्ति पथको लिन्थ्यो सधैं पक्ष रे !
हाम्रो भूमि रहेन, तीव्र- गतिमा साँचो कुरा गैसक्यो
हामी नै अरुबाट शोषित हुने जस्तो अवस्था भयो ।
पुर्खाका पसिना बगेर पहिले नाला- खलङ्गा तऱ्यौं
किल्ला गाउँ,कुमाउ,गढ्तिर हुँदै मेची र काली झऱ्यौं
टिष्टाको अनि काँगडा विजयको सत्गर्व सारा गयो
सुस्ता शेष हुँदा महेशपुर जो बाँकी अरुकै भयो ।
हाम्रो गर्व तुहेर “वीर” भनिने “दर्बान” बस्दै गयो
“कुल्ली”मील चलाउने पछि उहीं लड्ने “सिपाही भयो
“चौकीदार” कतै बनेर “भरिया” भेडा र बाखासरी
अर्काको हितखातिरै मरिदिने बिग्रचो जुनी के गरी ?
हाम्रो घाट- जँघार, पानि- पइनी, खोला अरुकै भयो
हाम्रो जङ्गल, खोंच-फाँट हरिया झाडी निकासी गयो
भाषा- भेष, कलासमेत धनको साहित्य सड्दै छ यो
हाम्रो बौद्धिकता मरेर किन हो पाशो परे झैं भयो ।
हाम्रो आर्थिक नीति प्रष्ट नभई स्वाधीन गुम्दैछ रे !
सानो राष्ट्र समुच्च पीर अहिले बोकेर हिंड्दैछ रे !
मात्रै शोषणका कथा घरभरी उल्झन्छ- उल्झन्छ रे !
ठूलै चोट परेर आज जनता आँसू झिकी रुन्छ रे !
पस्दैछन् घनघोर दुःख, दुनियाँ नाना- थरीका दशा
डस्दैछन् मनभित्र त्रास, छलले पारी यहाँ दुर्दशा
पीडा- ताप, धराप जीवनभरी खप्दै मरे झैं भयौं
नेपाली भइ वीरता पनि कसैलाई जडौरी दियौं ।
पाखा- पर्वतमा समेत अरुको बढ्दैछ रे ! हैकम
नेपाली खुन छैन झैं हुनगयो स्वाधीन भै जोखिम
बेंसी- लेक, हिमाल माथि चुचुरा चढ्छन् अरू नै सबै

हामी मौन रहेर  वैभव गयो, फर्किन्न  जो  त्यो कबै ।
हाम्रो यो  घरभित्र  फूट दुनियाँ  साम्राज्य गर्दैछ रे !
हाम्रो वैभवमा छ  लूट अरुको घम्सा  र घम्सी अरे !
लाखौं  अस्त्र  निमेषमै  गुटुटुटू  बर्सन्छ- बर्सन्छ रे !
यो देखी जनता  फुटी हृदय नै  तर्सन्छ- तर्सन्छ रे !
यस्तो कष्ट  सहेर  बस्नु ननिको भो यो  मरेकै जुनी
भोली पिर्दछ  सन्तति  स्थिर नभै  आएर त्यल्ले ठुँगी
बस्छौं  तर्क- लडाइँ  आफुबिचमै  गर्दै  भने  केवल
नेपाली  घर हुन्छ, बन्छ अरुकै  सङ्ग्राम-योग्य स्थल ।

(हलकारा त्रैमासिक २०४५)

(शिखरिणी छन्द)

## लेखनाथप्रति

सफा- सेता  दाऱ्ही  गुजुमुजु उठेका, अलिकति
मिजासी, वैरागी, फगत  शिवजीका सरी  तिमी
फुलेका  झन्  सेतै  शिरउपरमा  केस  भरिला
मजाका,  बान्कीला, रसमय- धरा काव्य रसिला ।
उज्याला, क्या तेजी, बहुत रसिला, मस्त हँसिला
बडा भाषा- ज्ञाता विविध- थरिका शब्द गठिला
सिपालु त्यस्तै छन्  सरल उपमा राख्न  महिमा
बनाएका राम्रा  कतिपय  नयाँ  पङ्क्तिहरुमा ।-
कुँदेका  शिल्पी भैं नरम- रसले  स्वाद  दिनमा
उडेको  पन्छी  भैं  फरफर गरी  वेग- गतिमा
बहेको   हावा  भैं  सिरसिर  हिमाली  चउरमा
बन्यो  भाषा  अर्कै  कवि  र  कविताको लहरमा ।
यहाँ आयौ, गायौ प्रथम- कविको गान  प्रकृति
कुँदेथ्यौ क्या राम्रो ! तरुण- तपसीको  प्रतिकृति
उठायौ भाषाको  वजन- गरिमा  वृद्धि  हुन गो



चुली चढ्दै लाग्यो  शिखर-शिरको शैल छुन पो !
बने  राम्रा-राम्रा  अनुभव  तथा  जीवन- कला
भए राम्रा  नौला   विषयहरुमा   ज्ञान  पहिला
बढे मान्छे  धेरै,  जुन  विषयमा  खोज  हुन गो
सबैभन्दा  राम्रो  जगतभरि   हाम्रो  विजय  भो ।
सबै आए- गाए  पछि- पछि  नयाँ ज्ञान थपिए
प्रशंसा भो धेरै, कति- कति अरू काव्य  रचिए
घुसे   केही  मान्छे  कलुषित  गरे  भावहरुको
गिरे  केही  आफैं, अलिकति  रहे  गिर्न भवको ।
अहा ! ऐले कस्तो कठिन स्थितिले  आपद  गऱ्यो
रुँदै, छाती फोर्दै जिउन पनि क्या मुस्किल पऱ्यो !
गयो हाम्रो  सारा  अधर- धरको ज्योति  छलियो
उदायो भूठो यो  समय कलि भो  घोर  बलियो ।
शखे ! सारा  ऐले  गडबड असाध्यै  भइसक्यो
मऱ्यो भाषा- सासा सबतिर उपासा  बनिसक्यो
सुके  पानी- गङ्गा  चलमल  नबग्दै  अवनिमा
मरे  भाषा- सेवी  जनहरु  रुँदै जो  तिमिबिना ।
म के लेखूँ ? तिम्रो  चहक- महिमा छैन  अहिले
उपल्ला ब्याधा  छन्  वरिपरि  तिमीबीच अहिले
गरुँ  श्रद्धा  सानो  भनिकन  तथा  शब्द  दुइटा
चढाएँ  तिम्रै  यो  कर- कमलमा  एक  कविता ।

(लेखनाथ जयन्ती, २०४७, लेखनाथ सदनमा वाचित)

(मुक्तक)

## यो देश हाम्रो भनी

खाऊँ, मोज गरूँ लुटेर, जनता रोई- कराई रहुन्
आफू मात्र ठुलो बनूँ जगतमा, लाटा भुसुक्कै मरुन्
पारौं भ्रष्ट हुने समाज अहिले यो देश बिग्रोस्  पनि
नेता भैकन गिद्ध भैं लुछिरहूँ, "यो देश हाम्रो भनी"

(शिखरिणी छन्द)

## महाकविको बिदाइ......

मलाई ब्रह्माको अनुग्रह हुँदा जन्म पहिले
परीक्षा गर्दैमा जुनि बितिगयो ब्यर्थ अहिले
गरूँ भाषा-सेवा भनिकन रह्यो ध्येय कविको
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

हिमाली यो माटो पुलकित तथा उर्वर हुँदा
पिएँ पानी नौलौ सुखसित रमें ज्ञान नहुँदा
यसो हाँस्दै- खेल्दै गरिकन उसै जीवन गयो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

पढें, धरै लेखें विविध- थरिका ज्ञान नहुँदा
हिंडें बाटो त्यस्तै कठिन- स्थितिको लक्ष्य नहुँदा
पलायो, आयो त्यो जब- जब ममा ज्ञान थपियो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

म जान्ने- सुन्ने हूँ भनिकन थियो गर्व पहिले
हटे झैं हल्का भो तुजुक मनको भित्र अहिले
चिताको आगो झैं पलक- भरमै खेल सकियो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

छ यो पृथ्वी भन्थे फगत महिमा- गोलसरिको
समस्याले चेप्टो परिकन रह्यो काल- कलिको
सबैभन्दा लाग्थ्यो मकन दिलमा धर्म बलियो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

समानै हुन् प्राणी जगतभरिका मानिस धरी
दयाले- मायाले अरुकन कुनै भेद नगरी
बनाऊँ झैं लाग्थ्यो सुर-पुर यहीं विश्वभरिको
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

हटाऊँ यो मैलो कलुषित पखालीकन, नयाँ-
सपारूँ मान्छेको मगज पनि होस् सुन्दरमना
भनी आएँ, गाएँ प्रथम कविको गान रसिलो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।



चराको चीं चींमा चलमल चली चाल रविको
धराको गानामा धरधर खुली छाल कविको
जवानी उड्दो भो गगन निशिमा शब्द-कुहिरो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

नजानुन् मान्छेले भनिकन रहें गुप्त- वनमा
नदेखुन् लाग्दो यो अलिकति कुनै दाग मनमा
मधानी झैं चल्दै फिरफिर गरी मस्त घुमियो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

म जन्में नेपाली विपुल- धरती, शान्त- स्थलमा
बढें, हुर्कें, खेलें तल-तल डुबें स्वच्छ जलमा
हराएँ आफैं नै तह- तह परी भाव गहिरो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

बिदाको यो बेला बरबर गुडुन् आँसु भवमा !
टिकै होस् माटोको शुभ- दिन घडा मर्त्यभरमा
बजोस् बाजा साथै शुभ-जल मिलोस् माथ भरिलो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

बिदा देऊन् आमा ! घर-घर बजोस् मङ्गल-ध्वनि
सबै हाँसुन्, खेलुन् मनप्रिय बनुन् भव्य अवनि
जपुन् यो बेलामा, शिव- शिव सुनूँ कान बहिरो
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

प्रतिज्ञा बाँकी छन् जति पनि अझै पूर्ण हुनमा
फिरूँला फेरी यो जगत रहँदा जन्म लिनमा
सलामी टक्र्याएँ जन- जनविषे अन्तिम अहो !
गएँ आमा ! मेरो धरणि- तलमा भोग सकियो ।

(२०६२ को देवकोटा जयन्ती, नेपाल सांस्कृतिक संघमा वाचित)

(शिखरिणी छन्द)

## पैसा

भयो पैसा कस्तो विषमस्थितिको रोग मनको
सधैं मान्छेलाई डसिकन रह्यो डाँस वनको
कतै माथ्लो, तल्लो गरिकन कठै ! भेदहरुमा
लडायो, मान्छको मगज पनि पाऱ्यो विकटमा ।
कतै भारी- तारी घरभरि भकारी पनि हुने
अभावैमा सारा मनुजहरु छन् रोई रहने
कुदेका कैयौं छन् पछि-पछि अझै व्यग्र गतिमा
न भेट्छन् वा देख्छन् वरिपरि कतै मन्द मतिमा ।
कतै सुन्का थाली, सुन- महलमा, रास सुनको,
जडेका छन् राम्रा जलप भुइँमा खास जनको
कतै खाली जस्तो बहुत गरिबी देखिन गयो
नराम्रो राम्रो भो सकल जगतै विस्मय भयो ।
ठडिन्छन् अग्ला ती भवन- वनमा खेत हरिया
हुँदा पैसा बन्छन् लखपति, नभै बन्छ भरिया
हुने खान्छन् मीठो, कतिपय भने भोक सहने
मरेका छन् उल्टै अधिक जनता शोषित हुने ।
यही पैसा बन्छन् चटक अथवा राम- रमिता
यही पैसा दिन्छन् जनकन ठुलै दुःख- दमिता
भए झण्डा- डण्डा कतिपय लफङ्गा पनि ठुला
लडाए, मर्काए, अरु- अरु गराईकन लुला ।
म ठान्छू पैसा हो गृह- कलहको मुख्य जडता
म मान्छू पैसा हो सकल मनको माद-शठता
घमण्डी मण्डी भै हरदिन हिंड्यो मानिस भने
बिगार्ला, थोरैले सुख- सयल होला नत बने ।

सबैका साझा हुन् धरणि- तलका वैभवहरू
सबैका उस्तै हुन् रगत- पसिना जीवन- तरु
नसोच्ता मान्छेले धन पनि बन्यो धाक- बलियो



लगाए व्यर्थैमा, कलुषित गरे द्वन्द्व थपियो ।
हुँदा पैसा गर्नू अरुकन भलाई जगतमा
ठुला-साना छैनन् भनिकन लिउन् यो मगजमा
छ पैसा कालो यो जहरसरिको काल- महिमा
र लागुन् मान्छे ती अमर मनको उच्च- पथमा ।
(२०४६ फागुन, केही संशोधन सहित)

(मन्दाक्रान्त छन्द)

## गाउँको सम्झनामा

सेता, लामा, धवल- गिरिका फेदमा एक ठाउँ
वाना भन्छन्, अलिकति उँधो फैलिएको छ गाउँ
हेंग्वा खोला, नजिक छ यता खेकुवा औ सभा छन्
यस्लाई नै जनहरु त्यहाँ “खप्टुवा” गाउँ भन्छन् ।
पारी “होक्से” तर छ बिचमा “बाहुनी” एक खोलो
“तित्रे बेंसी” मुटु छ यसको धान फल्ने भिरालो
“सिस्ने खोला” रन- वन कुदी टुङ्गिने “खेकुवा”मा
“फापुङ् डाँडो” अलिकति उँभो पर्छ पूर्वी- सिमाना ।
त्यस्कै भित्री तट अलिकता टार “भुल्के” छ बारी
“गाढा- पानी” नजिक जसको हेलिने साल- घारी
रातो माटो तरुल- उखुको मुख्य खेती त्यहाँको
बासिन्दा हूँ म पनि पहिले जन्मिई हुर्किएको ।
फल्छन् धेरै कटहर जहाँ आँपका छन् बगैंचा
बन्सो- बारी अझ ति हरिया घाँसका छन् गलैंचा
खेल्छन् फुल्दै तरुल- लहरा बाँसका झाँगमाथि
पूर्णे डुल्दा झलमल हुँदै हाँस्दछन् फूल- पाती ।

हावा छर्छन् सरसर गरी वृक्षका पातबाट
पानी झर्छन् हरहर जहाँ व्योमका गर्भबाट

तारा लाग्छन् वरपर नयाँ, ओर्लिई अंशुमाली
तोरी हाँस्छन् शरद- ऋतुमा घामको ताप हाली ।
पाठा चर्छन् वरपर घुमी फाँटमा उफ्रिएर
मान्छे झर्छन् मिरमिर हुँदा खेतमा ब्यूँझिएर
नाला कुद्छन् छरछर अहा ! स्निग्ध पानी लिएर
आभा खुल्छन् प्रथम- वयको जिन्दगी सिद्धिएर ।
चाँदी खुल्छन् शिखर-चुलिमा टल्किंदा घाम-ज्योति
खस्छन् राती रह- चहकिला शीतका बिम्ब- मोती
उठ्छन् गाना हरित- रँगमा पालुवा बैंस खोजी
यस्तो प्यारो मनप्रिय थलो दूर भो क्या मदेखि !
जस्तै टाढा रहूँ यदि अहा ! सम्झिंदा फाट्छ छाती
मेरै दुःखी हृदय- पटमा भावना कात्छ बाती
जाऊँ ऐले अलि- नजिकमा टेक्न नै ठाउँ छैन
बिर्सौं भन्ने कलुषित ममा भावना जन्मिदैन ।
गाना गाऊँ यदि रहरले देशमा देखिंदैन
पोखूँ गाथा अमर उसको जिन्दगी लेखिंदैन
छोडूँ भारी भनुँ यदि भने भार नै जिन्दगी हो
मर्ने- बाँच्ने समय जसको सार नै जिन्दगी हो ।
जन्मेको हो मुलुक यहि नै मर्नु मैले कहाँ छ ?
बाँचुञ्जेली अथक- दुखको अग्निमा होमिनै छ
कोही छैनन् यस समयमा दुःखको साथ साथी
आगो बाल्छन् बरु विपतले काल आई ममाथि ।
बैरी छैनन् तर पनि उँभो बढ्नलाई दिंदैनन्
अग्लो डाँडा, गिरि-शिखरमा चढ्नलाई दिंदैनन्
छोरी हिंड्छन् विरह गह ली जस्तरी गाउँबाट
त्यस्तै मेरो गति हुनगयो छैन हा ! ठाउँ आज !
टाढा बस्ता पनि हर- हवा छुन्छ आई चसक्क
काँढा बिझ्छन् नजर- भरिला चित्त कुँड्दा कटक्क



निर्धो मेरो कलम- बबुरो एक मात्रै सहारा
छैनन् तिर्ने मकन उसको प्राणको पूर्ण- भारा ।
चौतारीमा बर- पिपलको नाच्छ छाया अगाडि
सम्झी रुन्छन् विरह वनमा कोयलीतुल्य छाती
यस्तै गर्दै जुनि बितिगयो फर्कने छैन चोला
देखे मेरै विपत यदि ऊ फर्किई रुन्छ होला ।
**(मदन परस्कार गुठीको रातो बंगला स्कूलद्वारा कोर्समा सम्मिलित)**

## (मन्दाक्रान्त छन्द) नयाँ वर्ष २

कालो- मैलो शिशिर ऋतु वा चैतलाई पखाली
आँधी, हुस्सू कठिन- तहका मेघ- माला अफाली
चढ्दै लाली रवि- किरणमा कन्दरा खुल्न थाले
आभा पर्दा शिखरभरि लौ पालुवा फुल्न लागे ।
भागे रित्ता- कलुषित अहा ! जीर्ण बन्दै पुराना
झुल्के तारा रवि- शशि नयाँ बोल्न लागे धरामा
वारी- पारी वन- लहरमा जेलिए कल्प- वृक्ष
मान्छे लागे प्रगति- पथको गाउँदै मस्त गीत ।
वर्षा झर्दा झलमल हुँदै शैलमा टाकुराले
लाए जालो हरित- वनका बीचमा माकुराले
बर्खा लाग्यो कुहुकुहु गरी कोयली बास्न थाले
नौला- राम्रा कुसुम वनमा पालुवा- हाँस्न लागे ।
चर्की- मर्कीकन सब खसे पात मैला- पुराना
फैले नौला किरण रविका खोंच खोल्सा सिमाना
ढाकी आयो रन- वन सबै वर्ष वैशाख- मास
ल्यायो बोकी रहर मनका भित्र ज्योति- प्रकाश ।

जागे मान्छे, हरदिन नयाँ कल्पना गर्न थाले
ब्युँझ्यो धर्ती, जुरुजुरु भई स्वर्गका तर्फ लागे

यी डाँडाका बिच-बिच बसी गीत नौलो म गाऊँ
नेपाली भै जुग- जुग यहीं जन्मिई मर्न पाऊँ !

(कान्तिपुर दैनिक, रचना २०४२ चैत्र २३)

(मन्दाक्रान्त छन्द)

## भरिया

थाप्लो चेप्टो भर- दिन भरिया, बोकि डोको कमाई
खान्छन् च्याँख्ला, मकमक मकै, साफ ठेट्ना चपाई
गर्मी- जाडो, हिउँद नभनी काममा जोतिएर
बोक्छन् भारी हर- दिन जहाँ जिन्दगी घोट्टिएर ।
कैल्हे खोला अरुण अथवा भीरमा त्यो तमोर
कैल्हे हिंड्छन् अकर- पहराबीचमा त्यो अघोर
चौतारीमा, वन- नजिकमा, खोंचमा छन् निवास
गर्छन् धेरै कठिन- तहका दुःखमाथि प्रयास ।
बर्खा- बाढी, हिउँद- कुहिरो, लेक- बेंसी, तराई
धाँजा फाट्छन् जिउ थिलथिलो, रक्त- आँसू बगाई
देख्ता भन्छन् सबतिर अहा ! "कर्म-खोटी, अभागी"
नाम्लो ज्यादा कसिइ गहिरो बन्दछन् छाप- दागी ।
खाजा हुन्छन् अलिकति मकै साथमा भट्टमास
खट्टे, खोले सितन जलमा, गुन्द्रुकै हुन्छ खास
भोटो, गञ्जी, उरभरि अहा ! ढाकिने छैन बस्त्र
टोपी, जुत्ता, शिर, पद दुवै ह्वाङ्ग हुन्छन् प्रशस्त ।
छोरा- छोरी घरभरि कठै ! भोकले दाबिएर
बस्छिन् पत्नी सकससित त्यो रीनले च्यापिएर
जग्गा हुन्नन् अलिकति कतै बास बस्ने घडेरी
झेल्छन् धेरै दिन र महिना लाग्छ कालो खडेरी ।
नेपाली हुन् प्रथम युगको पूर्वका आदिबासी
रोप्ने गाना विजय- पथमा विश्वका शान्तिकामी



पुर्खाका हुन् रगत- पसिना वंश हुन् देशबासी
यौटै नाता तर पनि भयो भेद कस्तो नजाती !
दुःखी बन्दा सकल- जन, यो दुःखले पोल्छ छाती
डोकै बोकुन् तर पनि अझै वीरता बोल्छ काफी
यौटै हामी भइकन सबै भेदको भाव फालौं
आऊ मान्छे श्रमिक- भरिया पाइताला उचालौं ।

(परोपकार, वार्षिक मुखपत्र २०३५, संशोधनसहित)

(वसन्ततिलका छन्द)

## लक्ष्मीप्रसाद देवकोटा

बत्ती धपक्क उनको मुखमा बलेको
चौडा निधार, पसिना चिउँडो झरेको
छाती र काँध बलिया अथवा सुबाहु
सर्लक्क बान्कि असली दुइ हात- पाउ ।
लामा र कोश रसिला अलि चङ्ख आँखा
हेर्ने निकै परतिरै गमि भाव लाँखा
सल्के चुरोटसरि भै डढि काप औंला
गाम्भीर्य बाह्य- प्रतीति रुप देवकोटा ।
भित्री भने रुप सधैं हँसिलो- उज्यालो
नेपालमाथि कहिल्यै ननिभ्ने दियालो
विद्या- कला, सकलले परिपूर्ण बन्दा
देशै धनी भइदियो जन- काव्य लेख्दा ।
उन्कासरी न त भए प्रतिभा विराट
जन्मेन फेरि यतिका जन देश- भक्त
सेवी अझै यति थिए भनिसाध्य हुन्न
उन्को बयान जनता नगरी रहन्न ।
काव्यास्त्र- पाणि रसमा बहु-मोड ल्याए
नेपालको क्षितिजमा कवि झल्मलाए

साहित्यको जग दऱ्हो बनि- प्रेरणाले-
सम्वृद्धयुक्त हुन गो उनि जन्मनाले।
मातो रहन्छ पृथिवी जबसम्म देश
बन्दैन काल कहिल्यै उनको विशेष
जाँदैन त्यो यश उडी तनको प्रकाश
लक्ष्मीप्रसाद सबको हृदयी सुवास।

(हिन्दू साप्ताहिक, २०४५।८।१)

(वसन्ततिलका छन्द)

## गरीब

बस्र्यो जहाँ शरदको ठिहिमा तुषारो
ओर्ल्यो र भेल खहरेसरि जोड जाडो
सारा नसा फनफनी जिउ ढक्क पाऱ्यो
थाङ्ग्रे लुगा थिलथिलो भइ आंग तान्यो।
खस्रो शरीर त्यसमा पनि शुष्क- चर्म
बाङ्गो बनाइ नुहिँदै शिर काँधसम्म
काखीमुनी बलसितै दुइ हात हाली
हिंड्थ्यो गरीब विचरा! दुइ पाउ चाली।
स्यू- स्यू हुँदा बल गरीकन दन्त काँपे
नाङ्गो शरीर रहँदा अति भोक जागे
तिर्खा पऱ्यो समयको विरीत आई
उठ्यो गऱ्हौं मन गरी अघि जानलाई।
छक्कालमै गरमको उठी बाफ चर्को
आँधी- तुफान सहँदै श्रममा खटेको
सारा अभाव जिउँदा त्यसमा पहाड
उल्टेसरी हुनगयो उसमा अथाहा।
पाउन्न ओत, तबलासरि बज्छ ओंठ
आउन्न चाड खुसको सहि लाख चोट
सुन्दैन मानिस कुनै करुणा- पुकार!
निःस्सारमा गरिबको जुनि भो विकार।



छिः छिः गरी, मनभरी, धनका भकारी
खान्छन् अरूकन लुटी पसिना डकारी
गर्ने श्रमाधिक त्यसै दुखसाथ भारी
पर्छन् गरीब जनता हरदम् पछाडि।
लत्रेर हिंड्छ विचरा! अति नम्र बन्दै
ज्यू- ज्यू हजूर! करले दुइ हात जोड्दै
जोताउँछन् अरुहरू गरि ठाँट- बाँट
प्यूँछन् धनाढ्हरुले पसिना उबाट।
टोक्छन् सधैं कृमिहरू भुसुना र माखा
सेता हिमालबिचमा दुइ गुप्त आँखा
छोटो, लुलो कद छ त्यो हलुका हवा झैं
दौडन्छ नित्य पृथिवी मनमा चले झैं।
थोरै भए पुगिगयो दुइ गाँस ढिंडो
आधा भए पनि हुने जलसाथ पिठो
पाउन्न तैपनि उही सब आस मारी
बन्दो छ हाय! भरिया, धरती पुजारी।
दिन्छन् ठुला जन हुने उपदेश राम्रो
देखिन्छ भित्र तिनको व्यवहार चाम्रो
यो यो गरें, दुख परें, अझ भन्छ साहु
क्या छाँट- काँटसित त्यो बनिदिन्छ राहु।
पढ्छन् अरे! महलमा गणितीय वेद
लाग्छन् पुराण घरमा मलमासभित्र
लाग्दैन हेर! दुनियाँ पसिना पुराण
उल्टै गरीब विचरा! थिचिंदो छ प्राण।
आगो बले सबजना मिलि लाख ताप्ने
निभ्दा कुनातिर पसी मुखमै नहेर्ने
सारा हुने धन हुँदा, नहुँदा छ खाली
यस्तो विचार सबले अब देउ फाली।

(२०४४ वैशाख १३ बालाज्यू)

(वसन्ततिलका छन्द)
## पैसा अनमोल !

पैसा भयो जगतमा अनमोल रत्न !
सक्तैन मानिस कुनै यसलाइ जित्न ?
लागी रहेछ दुनियाँ धनको पछाडि
ताकी रहेछ जनका, तलबार छाती ।

छन् गूट, फूट अथवा यतिबिघ्न लूट
धन्को प्रभाव परि बन्दछ विश्व झूठ
मान्छे भई हृदयको पनलाइ डस्ने
बस्छन् सधैं महलमा सुखमात्र खोज्ने ।

ठूला र साना जनको बिच पार्छ द्वन्द्व
बाटो खुलाउँछ र गर्दछ फेरि बन्द
जातीय, लिङ्ग अथवा गरि वर्ण- भेद
पैसा लडाउँछ जहाँ हर- रोज युद्ध ।

पैसा जुटाउँछ जुनै पनि शत्रुलाई
पैसा फुटाउँछ कुनै पनि मित्रलाई
पैसा हटाउँछ सबै दुख- पीर, बाधा
पैसा दिलाउँछ खुशी मनबीच ताजा ।

पैसा बनाउँछ नयाँ, हर-चीज बासी
निर्माण गर्छ दिनहूँ जगतै विलासी
उड्छन् अनेक नभमा दिन- रात यान
बन्छन् हरेक छिनमा कति लौ विमान ।

पैसा भए घरहरू झलमल्ल बन्छन्
पाएर सौख्य जन ती अलमल्ल हुन्छन्
तारीफ चल्छ वर वा परको छिमेक
लाग्छन् धनी अघि- पछी, दुनियाँ उदेक !

व्यापार- बन्द अथवा कृषिको विकास



विज्ञान- ज्ञान- तहमा, मनको प्रकाश
झन् भौतिकी जगतमा यहि हुन्छ खाँचो
पैसा छ यो बनिदिने अनमोल साँचो ।

पैसा हुँदा जगत नै रमणीय बन्छ
त्यो जोश- जाँगर नयाँ मनभित्र हुन्छ
निस्कन्छ, बाहु- बलमा पुरुषार्थ जम्छ
निःस्सार हुन्छ, नभए मरुतुल्य बन्छ ।

(२०४७ माघ, २०५१ मा नेराप्रप्र को कविता महोत्सवमा अस्वीकृत)

(भुजङ्गप्रयात छन्द)
## कवि देवकोटा

थिए देवकोटा कवि क्रान्तिकारी
भए काव्यमा झन् बढी ओजशाली
नयाँ भाव-शैली, नयाँ रङ्ग सारा
नयाँ जिन्दगानी खुले झैं हजाराँ ।

फुले फूल जस्ता भई देवकोटा
झुले वासना भै अनेकौं बगैंचा
भनौं देशलाई उँचामा पुऱ्याए
ठुलो कष्ट पाए, पसीना बगाए ।

महादुःख झेले तथा दर्द खेले
व्यथा जिन्दगीका कथा- गीत लेखे
भयो बाँच्नलाई महाकष्ट घोर
गयो जिन्दगानी अभावैमा खेर ।

चरा भै धरामा नयाँ गीत गाए
नयाँ घाम बोकी उषामा चियाए
र पो देश ब्युँझ्यो सुनौलो प्रभात
भयो आज नौलो विकासे समाज ।

बढे काव्य नाना-थरी बन्न थाले

नयाँ प्रेरणा भो उनी जन्मनाले
उठ्यो देश- देशान्तरै फैलिएर
उँचा गर्व हाम्रो भयो अग्लिएर ।
अनेकौं कलामा नयाँ राग आए
अनेकौं गलाले बनी मुग्ध गाए
सबै देशबासी- प्रवासी रमाए
कलाकारले गर्वको ठाउँ पाए ।
कवि श्रेष्ठ हाम्रा बने देवकोटा
रहे पूज्यतामा सरी आज द्यौता
गरें वन्दना माथले, सम्झनामा
बढोस् कीर्ति हाम्रो यसै प्रेरणामा ।
(राष्ट्रपुकार साप्ताहिक, २०५२ कार्तिक २)

(तोटक छन्द)

## पराजय

जलमा भवका भल- आँसु खसे
मनमा अति नै दिकदार बसे
म उठूँसरि भो कि बसूँसरि भो
मनसाथ पराजय पो भइयो ।
गतिमा कतिका अवरोध भए
कति शोध भए कति खोज भए
जति नै यसमा बहस्याइँ भए
त्यसको फल हो उठिबास भएँ ।
(२०४४ भाद्र, ललितपुर)

(भुजङ्गप्रयात छन्द)

## नयाँ वर्ष आयो !

नयाँ वर्ष आयो नयाँ रङ्ग ल्यायो
नयाँ कामनामा पुरानो हरायो
अहा ! चित्र राम्रा नयाँ वर्षभित्र
सबै भो नयाँ झैं विचित्रै- विचित्र ।



बने रूप- शैली नयाँ जिन्दगानी
भयो क्रान्तिकारी तथा यो जवानी-
हलक्कै- सलक्कै भई सल्बलाई
उठ्यो वेगले कन्दरा खल्बलाई ।
नदी वेग मारी कतै हामफाल्दी
अनौठा हिमाली-शिला- शैल चाल्दी
कुदी फाँट-बस्ती झिली-मिल्ल पारी
फुल्यो पालुवाको नयाँ रङ्ग थाली ।
चरा चिर्बिराए, धरा मिर्मिराए
नयाँ ज्योतिमा नेत्र नै तिर्मिराए
भयो खल्बली देश अर्कै बनायो
मही झल्मलाई नयाँ नै नयाँ भो ।
नयाँ बोल बोली जसै कण्ठ खोली
हिंडेतुल्य राम्रो लगाएर चोली
यसै मादताले जगायो मलाई
नयाँ वर्ष गाओस् सबैको भलाई !
(२०५२ वैशाख ५, हिन्दू साप्ताहिक)

(भुजङ्गप्रयात छन्द)

## देश छोड्नेको कथा

नसोधे कसैले, यसै देश छाडें
बगाई पसीना सबै मूल्य त्यागें
जसोरी बन्यो यो मनैसम्म बाँझो
कराएँ, भएनन् दुखीलाइ बाटो ।
नमागें कसैको परी सामु भीख
नराखें कसैमा गरी धेर ईख
नझुक्ता- नझुक्तै व्यथा लेखिहालें
विरानो सरी भै कतै जान लागें ।
न ता खेत- बारी भए अन्नदार
न ता जागिरै, बाँच्नुको अर्थ-सार
न ता सुक्ख पाएँ, न बढ्यो जवानी
अहा ! व्यर्थ मेरो गयो जिन्दगानी ।
जलें पूस ठण्डी, डढें जेठ घाम
भएँ यत्न- मार्गी गरें खूब काम
जता जान चाहें, त्यतै लाग्छ चोट
बसौं वा हिंडौं भो नपाएर ओत ।
यताबाट जाँदा उता गोत्त खाएँ
कता हो कता यो निशाभित्र छाएँ
जता जाउँ मेरा कुनै रूप छैनन्
जलेको हियोमा कुनै आश छैनन् ।
कुटे झैं कसैले सदा देह दुख्छ
फुटे झैं कलेजो दुई फ्याक बन्छ
तथा दुख्छ छाती छुटी लाख हिंक्का
भयो जिन्दगी क्या ! विनारङ्ग फिक्का ।

सबै साथ खेल्थें, सबै साथ मिल्थें



सँगातीहरूका बिचैबीच हिल्थें
सबैबाट पाएँ तिरस्कार आज
भयो रात मात्रै परेतुल्य साँझ ।
यता सुक्खलाई कडा वज्र ठोकें
उता दुःख नाना- थरी कष्ट भोगें
जता सुक्ख फाटे, त्यतै दुःख टालें
सबैसामु माग्दै बिदा देश छाडें ।
कि ता मर्नुपर्थ्यो भई गर्भ- पात
कि ता बाँच्नु पर्थ्यो जिई घाँस-पात
कसो भो, कसो भो ! फुट्यो अश्रु-धारो
बुझें बल्ल ऐले धनै रै'छ प्यारो ।
चिरी दिन्छ छाती जसै दुःख आई
बसी दिन्छ पासो गला यो समाई
उडी जाउँ पन्छी पखेटा भएनन्
बसूँ बास काहीं- कसैले बुझेनन् ।
छ यो जिन्दगानी यसै मूल्यहीन
विदेशी भएँ क्या ! उसै देशहीन
सबै भाउ- ताऊ धनैभित्र हुन्छन्
मजस्ता अभागी सदाकाल रुन्छन् ।
(२०४४ भाद्र ३० गते)

(मुक्तक)

## "देश यो सप्रने छ"

हामी बिग्रे युग- युग सबै देश यो बिग्रने छ
हामी भत्के जन- हृदयको जिन्दगी भत्कने छ
हाम्रो सानो मत- विमतले राष्ट्र यो टुक्रने छ
हातेमालो गरिकन बढे "देश यो सप्रने छ" ।
(समस्यापूर्ति २०४८, लेखनाथ सदन)

(उपजाति छन्द) **साहित्यमा विसंगति**

जो ज्ञानले हीन छ, बन्छ बाठो
ज्ञानी- विवेकी हुनुपर्छ लाटो
मर्दै गए निख्खर भावना झन्
मूर्खादि लागे हुनलाइ विद्वान् ।
चोरेर राख्तै अरुको भनाई
खूबै छु जान्नेसरि पार्नलाई
थाले चकारी- चुकली गरेर
साहित्यको सर्जक झैं बनेर ।
रेटे गलामा प्रतिभा हुनेको
चर्चा भयो क्यै नहुनेहरूको
न खोपडी, बुद्धि-विवेक- ज्ञान
तिन्कै छ सारा जनबीच शान ।
न छन्द- साहित्य, कला- पराग,
न चट्ट मीठो, रसिलो छ राग,
न पङ्क्ति राम्रो लयबद्ध पार्ने
हुन्छन् तिनै झन् अरुलाइ झार्ने ।
न भोक मर्ने, न त प्यास टर्ने
न देशभक्ति त्यसबाट मिल्ने
पाइन्न भित्री खँदिलो विचार
झन् गाउने छैन, गला- विकार ।
बुनेर जालो सरी माकुराले
बेअर्थका शब्द तथा कुराले
मारेर सोझा, कवि नै रुवाई
लेखाउँछन् ती कविता- सवाई ।



कैल्हे उता गै "प्रभु" दास बन्छन्
आए यता ती जनपक्ष भन्छन्
युरोप हाँक्ने लखनौ र दिल्ली
भेटिन्छ तिन्कै व्यवहार सिल्ली ।
अभ्यास छैनन्, न त लोक- दृष्टि
न गर्न सक्छन् जलतुल्य वृष्टि
पाइन्न भाषा- क्षमता र शक्ति
गर्दो छ नाना- थरि हेर भक्ति !
गर्छन् उपल्ला तहको भलाई
मार्छन् सधैं संस्कृति यो गलाई
स्वीकार गर्दै दुइ नेत्र चिम्ली
"तथास्तु" भन्छन् कर-पाउ जोडी ।
ती भारदारी शठता पुजारी
प्राचीन सामन्त तथा भिखारी
तिन्कै कथा हुन् कथनी गरेको
जोबाट मान्छे जनता मरेको ।
सोझो छ मर्ने तर सोझिएर
बाङ्गो यहाँ सर्दछ झाँगिएर
लेख्ने ठगिन्छन् अघि बढ्छ छाप्ने
हुन्छन् ठुला झन् अरुको उतार्ने ।
यस्तो दशाले मन पोल्छ मेरो
साहित्यको जीवन भो अँधेरो
विरोधले फुल्दछ ढक्क छाती
सङ्घर्ष बाहेक अरु छैन बाँकी ।
(२०४५ त्रिरत्न साहित्यिक मुखपत्र)

(उपजाति छन्द) **"म शून्यमा शून्य भई विलाएँ"**

(महाकवि देवकोटाले आर्यघाटमा रहँदा अन्तिम बेलामा लेखेको "म शून्यमा...) लाई पुष्टि गर्न मैले उस्तै भाकामा चित्रण गरी लेखेको थिएँ । यसलाई नराख्ता अन्याय पनि हुनसक्ने छ । - लेखक) ।

संसार मैलो नभबीच कालो
जन्में कवि क्वै रवि झैं उज्यालो
तड्पेर मर्दो तर आज पाएँ
"म शून्यमा शून्य भई विलाएँ ।"
संसारको सुन्दर देशभित्र
आएर खेल्दो वनमा विचित्र
आँसू र हाँसो पसिना बगाएँ
"म शून्यमा शून्य भई विलाएँ ।"
लाग्थ्यो मलाई यहि देश रानो
संसारकै सुन्दर एक छानो
ब्रह्माण्ड फैलेसरि गीत गाएँ
"म शून्यमा शून्य भई विलाएँ ।"
बोलौं त बोली पनि निस्किंदैन
घाऊ फुटेको कहिं देखिंदैन
निस्प्राण मुर्दा भइ जान आएँ
संसार मैलो पनि यो गुमाएँ ।"
बोल्दैन छाती मन सुस्त बोल्छ
सासै रुके झैं तनभित्र पोल्छ
आगो बल्यो यो मरुमा हराएँ
क्या ! दुःख भो, जीवन नै गमाएँ ।
रहेछ पापी जगतै समान
पीडा जलेको नगरुँ बयान
छाडेर इच्छा अरुमा हराएँ



फुल्दा- नफुल्दै धरती बिलाएँ ।
कुद्दो म काँढाहरुबीच खाली
फुल्दो गुलाफी कण एक थाली
वैलेर झर्दो त्यहि आज पाएँ
"म शून्यमा शून्य भई बिलाएँ ।"
फुल्दा हजारौं थरि फूल ऐले
पाईनँ यौटै पनि शेष मैले
बल्दो चितामा जब जान आएँ
संसार मैलो पनि यो गुमाएँ ।
जाने कहाँ हो ? अब बास छैन
फर्कन्छु भन्ने पनि आस छैन
संसार हेरूँ म कहाँ अटाएँ ?
चिम्लेर आँखा म त्यसै हराएँ ।
हत्या भयो क्या ! वनको कुनामा
बोल्दो र लेख्दो कविता मुनामा
धिक्कार ! कस्तो कवि भै म आएँ
पिल्सेर खाकै भइ लौ बिलाएँ ।
गाऱ्हो भयो क्या ! अब सास जान
जल्दो छ काशी तनलाइ लान
यो घाट- शैयान्तरमा हराएँ
"म शून्यमा शून्य भई बिलाएँ ।"
**(२०५१ मङ्सिर १३ युग सम्वाद साप्तहिक)**

**(मुक्तक)** "अति वरद होस् राष्ट्रभरमा"

निचोरी आमाका स्तनहरु दुवै मांससहित
बनाऊँ सारा यो मुलुक धन वा मानरहित
टिकोस् सत्ता मेरो जनकन नहोस् शान्ति घरमा
पुगोस् मेरो ईच्छा "अतिवरद होस् राष्ट्रभरमा" ।

(उपेन्द्रवज्रा छन्द)

## किसान-चोला

न खान पाएँ, तर चित्त लाएँ
यिनै धरामा जुनि यो बिताएँ
फुलें- फलें सुन्दर खेत- बारी
झुलें म बाला रस दिव्य हाली ।
छ घाम- पानी, असिना र मेघ
हिलो- धुलो उड्दछ डङ्ग- डङ्ग
उडेर कालो कुहिरो स्वरुप
हिमाल खस्छन् जलका समीप ।
उत्पात कालो, अनिकाल, जाल
छ गाउँमा रोग- वियोग नाल
कुना- कुनामा बसि शोक डस्छ
पला- पलामा मन शुष्क पोल्छ ।
चर्कैर बल्दो रवि ज्येष्ठ- मास
हवा- हुरी चल्दछ चैत- मास
झरी तुषारो, जली पुस- माघ
खपेर नाना- थरिका धराप ।
थुम्का- गऱ्हामा जल खोंचबाट
कुलो लगी सिञ्चन खेत- फाँट
पहाड फोरूँ अथवा तराई
किसानले जीवन धान्नलाई ।
सहेर पीडा फल- फूल बाली
सिंगार गर्दै घर- खेत- बारी
मंसीर लाग्दा जब अन्न पाक्छ
म बन्छु रित्तो तब दुःख लाग्छ ।

ठुला र अल्छीहरु पेट भर्छन्



गरीबको जीवन सख्त रेट्छन्
लगाइ चुस्की जब रक्त- आँसू
गलाउँछन् शोषणबाट मासु ।
किसानको जीवन बाँच्न गाऱ्हो
रहेछ संसार सबै अँध्यारो
प्रवृत्ति हेप्ने अब यो सहन्नँ
उठें भने क्यै पनि यो रहन्न ।
म देश- भक्ति मनभित्र धर्छु
र विश्व- भ्रातृत्वपना सहेर्छु
पढाउँदै हिंड्दछु मुक्ति- गाथा
भगाउँदै लड्छु ठुला समस्या ।

(आन्दोलनका कविता २०४७)

(उपेन्द्रवज्रा छन्द)

## दिन मात्र गन्छौं ?

न पालवाको रुप- रङ्ग चढ्दो
न बैंसले यौवन मस्त बढ्दो
सुखा सधैं छन् घर- खेत- बारी
बढेर जाँदो अनिकाल भारी ।
छ बीच मान्छेकन धेर चिन्ता
र पोल्छ ज्यादा मनभित्र सुर्ता
रुँदै बिरामीसरि भै कुनामा
तड्पेर मर्छन् परि बाध्यतामा ।
न डुल्छ पन्छी हरिया छहारी
न खुल्छ फाटी तम, पूर्व- पारी
सधैं छ रित्तो घर, गोठ, खेत
न फल्छ थोरै पनि अन्न- पात ।

न देख्छु काहीं हँसिलो मुहार

छ आँसुको जीवन बार- बार
उल्का पसे झैं भइ काल डस्छन्
र वारि- पारी निमिट्यान्न पार्छन् ।
तरू- लता वा फल- फूल खेती
मरेर जान्छन् जल नै नदेखी
बलेर सारा रुख- पात, माटो
उजाड लाग्छन् घर- गाउँ- बाटो ।
नयाँ बनेनन् परिवर्त्य वर्ष
न शान्ति मिल्दो अथवा न हर्ष,
छ चाल यस्तो नव- वर्ष भन्छौं
विकास भन्दै दिन एक थप्छौं ।

(नेपालभूमि सा. २०४५ वैशाख ७)

(इन्द्रवज्रा छन्द)

## कटु यथार्थता !

सच्चा यहाँ सड्दछ, बन्छ मूर्ख
ठग्ने कुराले जन त्यै छ धूर्त,
व्यक्तित्व खन्छन् चपरी चलाई
बस्छन् कुनामा अति दुःख पाई ।
ऐश्वर्य भोग्ने, सुख- शान्ति मिल्ने
भोगी र ढोंगी भरिपूर्ण बन्ने
ब्यापार तिन्कै सबथोक जुट्छ
कब्जा अनेकौं गरि रत्न लुट्छ ।
जे जे कुरा छन् अधिकार भन्ने
तिन्कै दयाको भर पर्नु- पर्ने
दिन्छन् र खोस्छन् अरु छैन बाटो
बाँकी सबैले हुनुपर्छ लाटो ।
कङ्गाल पारी सबथोक गर्ने



बोकेर कानून सधैं निचोर्ने
जाली कुराले अझ दोष छोप्ने
निर्दोष- छाती तलबार रोप्ने ।
अन्याय लादी, छल- छाम गर्ने
रित्तो गराईकन पेट भर्ने
अड्डा तिनैको घुस खाइ उड्ने
बोल्दै- न बोल्ने तर आइ ठुड्ने ।
हुन्छन् तिनैका मन- मस्ति, मोज
लाग्छन् हजारौंथरि रोज भोज
टोल्- टोल पार्ने झगडा- लडाई
काट्ने धनैले पनि ऐनलाई ।
आत्मा अहो ! मानव- शून्यताको
उस्कै छ सारा धन-मान्यता जो
चर्चा चलाइ अरुबाट आफ्नो
विद्वान् बने क्या ! तर बुद्धि सानो ।
साहित्य जस्तो गरिमा पवित्र
पारेर गन्धा उसमा विचित्र
मारेर सोझा निमुखाहरूको
खाँदो छ मान्छे धन- सम्पति जो ।
देखेर यस्तो मनमा उदेक
मान्दैन मेरो सहनै विवेक
हेरौं निशामन्न छ वारि- पारि
सङ्घर्षको पूर्व हुँदा तयारी ।

(त्रि-रत्न, वार्षिक मुखपत्र २०४७)

(इन्द्रवज्रा छन्द)

## म जान्छु टाढा......

एक्लै म आएँ, धरती रुवाएँ,
पीडा अनेकौं घनघोर पाएँ
मातृत्व- वात्सल्य अहा ! गुमाएँ
अभावमै यौवन यो बिताएँ ।
प्यूँदै बडा दुःख र दर्द- आँसू
काटेर आफ्नै मुटुभित्र मासु
रूँदै जिएँ जीवन घाम- छाया
पुग्ने थियो लक्ष्य कहाँ म कहाँ ?
विश्वासमा घात भएर बाँचें
निःस्वार्थमा जीवन व्यर्थ साँचें
सारा गयो जिन्दगी भो खरानी
उड्यो धुवाँ- बादलतुल्य पानी ।
आफैं गुमेको, कविता बनाएँ
संसारको सुन्दर गीत गाएँ
त्यो गीतमा जीवन- मीत लाएँ
छिट्टै म ऐले कसरी हराएँ ?
त्यो बोल बोलीकन कण्ठ खोली
मान्छेविषे चेतन- बिम्ब घोली
लेखें र छापें जति शब्द- शब्द
त्यो शब्दमा डुब्नगयो समस्त ।
लागौं कहाँ म स्थलयोग्य भोग ?
बित्ला कहाँ जीवन यो विशेष ?
टेकौं कहाँ खै ? सब जान्छ पैन्हो
यो देहमा दुख्तछ घाउ गैन्हो ।



टाढा म जान्छु, अब दूर टाढा
झन् दूर पूर्वीतटको किनारा
मान्छे नदेखुन् कहिल्यै मलाई
फाटेर जाऊँ, धरती बिलाई !
कोही नछापुन् कविता र लेख
हुन् सिर्जना यी मनका विचित्र
शब्दै नलेखूँ गरि छाँट- काँट
बेकार बन्छन् जुन यी पराग ।
निःसारमा जन्मिइ दुःख भोगें
बेअर्थमा जीवन कष्ट रोजें
जे भो भयो, भन्नु छ व्यर्थ सारा
लाग्दैछु टाढा वनको किनारा ।

(२०४८ फागुन, सुन्दरीजल)

(इन्द्रवज्रा छन्द)

## बद्रीविक्रम थापाप्रति

पच्चीस त्यो आश्विनको बिहान
खिंच्दै थियो काल पसी परान
तारा निभेको मरुमा निशा भो
संसार उल्टेसरिको दशा भो ।
कोही थिए सज्जन जान लाग्दै
मागेर माफी दुइ हात जोड्दै
साथी र भाई सब बन्धुलाई
छाडी गए अन्तिमको बिदाई ।
त्यागी उनै विक्रम बद्रि थापा
गर्थे भलाई जन- राष्ट्र- सेवा
दानी र ज्ञानी तर स्वाभिमानी
पार्थे सधैं प्रेरित जिन्दगानी ।

माता- पिताको बिनु स्नेह हुर्की
खेल्थे तराई, वन- फाँट फुर्की
खाएर गोता दुनियाँ उठाए
नेपाल वक्ष- स्थलमा अटाए।
केही पढेथे जब दुःखमाझ
राम्रै बुझेथे तब यो समाज
सर्वस्व सुम्पीकन क्रान्तिकारी
योद्धा बनेथे जनका पुजारी।
ठूलो र सानो जन- कोहि छैन
नारी- पुरूषै पनि भेद हैन
को हो भिखारी ? कुन साहुकार ?
गर्थे सबैमा परमोपकार।
योद्धाहरू जन्मन हुन्छ गाऱ्हो
झन् हुन्छ बाँच्न असबाफ साऱ्हो
लाखौंजनामा पनि एक त्यागी-
पाइन्न संसारविषे विरागी।
हाम्रो भयो आँगन शून्य आज
योद्धा गए खै कुन लोकमाझ ?
सम्झेर मात्रै नहुँदो रहेछ
क्या घाम- छाया दुनियाँ भएछ !
श्रद्धा गरौं खै कसरी सुनाऊँ ?
मैलो बनेको धरती उठाऊँ !
पोखें व्यथा यो कविता बनाई
अर्पेर तिम्रै स्थलमा- समाधि।
(युग सम्वाद सा., २०५२ कार्तिक, शोकसभामा वाचित)



(इन्द्रवज्रा छन्द)

## घामै छ प्यारो.....

घामै मलाई अति लाग्छ प्यारो
झुल्कन्छ फारीकन जो अँध्यारो
बोल्दा चराले वन- चिर्बिराई
आनन्दले लाग्दछ घाम आई।
सद्‌कल्पनामा मन रम्छ मेरो
देखिन्न संसार कतै अँधेरो
खुल्छन् अँध्याराबिच ज्ञान- चक्षु
उद्यानमा गैकन ध्यान बस्छु।
फुर्छन् कथा यी कविता कुनामा
सिद्धान्त नौलो रहँदा मुनामा
सोच्तै म लेख्दैकन ताप्छु घाम
मुस्कान भर्दो रसिलो तमाम।
स्वप्ना उज्याला खुलिआउनाले
बिर्सन्छु पीडा खुस छाउनाले
भर्दै कला- कौशल सुस्त- सुस्त
घुम्दो छु, मानौं जगतै समस्त।
मेरो छ उम्दा पृथिवी उज्यालो
छाया छ साथी रविको कलिलो
हेर्दै र डुल्दै जगतै रमाई
गाना अनेकौं थरि मस्त गाई।
फुल्छन् पहाडी घरमा वसन्त
पैल्हो पलामा दिलको अनन्त
तन्काउँदै आंग सबै तनक्क
पृथ्वी अहो ! घुम्दछ रे ! फनक्क।

आँखा म लाखौं अब बन्न खोज्छु

डाँडा- चखेवा भइ उड्न खोज्छु
चम्केर बल्ने रवितुल्य ज्योति
छातीभरी हुन् अविकार मोती ।
(२०४४ फागुन २१ बालाज्यू)

(मालिनी छन्द)

## छोरीको बिदाइ

कुन दिन भइ गल्ती हाय ! भो आज यस्तो ?
वन- सघन विरानो, आँगनै शून्यजस्तो
वचन पनि कसोरी काट्न सक्छू र मैले ?
पर घर गइ साँच्चै ज्युन सक्छू र ऐले ?
कति दिन, कति मैन्हा गर्भमा प्राण बोक्यौ ?
सुख- दुख सहि लाखौं जिन्दगी पूर्ण अर्प्यौ
कर- कमल कलाले क्यान आमा सजायौ !
किन अति कलिलैमा आज टाढा पठायौ ?
घर- वन पनि लाग्छन् आफुजस्तै मलाई
तर पनि घर छाडी बन्नु पर्ने पराई ?
पलक- पल- पलामा नाच्छ छाया मभित्र
सकल मन चिरिन्छन्, दुख्छ छाती विचित्र !
फरफर गरि चल्दो मेघ- माला हलुङ्गो
ढलपल भइ ढल्ने जिन्दगी भो गऱ्हुङ्गो
वरिपरि सजिएको फूलले आँगनीमा
भरभर बलिराख्ती यज्ञ हो वा चितामा ?
अरुसँग मिलि खेल्ने फाँट राम्रा चऊर
रहर पनि असाध्यै बन्न लाग्थ्यो मयूर
भरखर सुकुमारी चौध मात्रै पुगेकी
लहलह लहराई शैलमा पुग्न खोज्दी ।



पवन- पथिक टाढा आज छैनन् डुलेका
गगन- निशि, उज्याला चन्द्र छैनन् खुलेका
तरतर शखि रुन्छन् “भूलमा भो बिदाई”
सकस किन दिलायौ छोरिको जातलाई ?
कलकल गरि पानी बग्छ धारा- पँधेरो
“जनम- जनम” मेरो जिन्दगी भो अँधेरो
चिरबिर चिं चिं बोल्छे गौंथली पालुवामा
मकन त किन पाऱ्यौ मत्स्य झैं बालुवामा ?
वर- पर यति लाग्छन् बादलै तुल्य घेरो
मनप्रिय स्थल लाग्थ्यो माइतीकै पियारो
तर यति किन बाबा प्राण मेरो सतायौ ?
जलकणसरि खोलो आँसु बग्ने बनायौ !
जब- जब शशिलाई सम्झिंदै रुन्छु घुँक्क
अटल मन नबन्दा सास हुन्छन् हिरिक्क
सुख- दुखहरु पर्छन् प्राणको प्राणीलाई
तर किन यति ठूलो दुःख भो छोरिलाई ?
वचन अति कडा छन् सासुको भन्ने सुन्छु
मन- कलुष बनेकी नन्द छन् लाख गुन्छु
खसम पनि ति साऱ्है वृद्ध केसै फुलेका
म त अति कलिली छु, बैंसको पूर्व बेला ।
जहर पिउनु जस्तो झोल होला नराम्रो
शिशुहरु जब पर्छन् पाशमा झन् नराम्रो
रवि- शशि पनि हेरी लाजले देह छोप्लान्
वरकन घर जल्लान्, छोरिले श्राप देलान् !
नियम नियति बन्लान्, दुःख होला सबैमा
समय पछि विकारी बन्न जाला जगत्मा
चलन अब त छोडुन् बालिका गर्न दान
मनुजहरु बढाउन् सभ्यताभित्र मान ।

(मालिनी छन्द) 

## लेखनाथप्रति-२

जगतभरि जमेका सृष्टिका मूल- तारा
गगन- पथ छिचोल्ने काव्यका स्रोत सारा
ऋषि- मुनिजन जस्तै उच्च आस्था लिएका
रवि- किरण उदाए तुल्य आभा दिएका ।
"रविसरि कवि पौंचे" भन्दथे पूर्व पुर्खा
सरलपन हवा झैं खेल्दथे खूब चर्खा
नव-युग छचल्काई पालुवा फुल्न लागे
चिरबिर चिडियाले शैल- पङ्खा उचाले ।
गिरि- वनभरि छाए पुष्पका भार हार
जन- मनकन गाए कण्ठ खोली उदार
उप- वन त्यहि बन्दो पिन्जडाको सुगा झैं
तरुण-तपसि जस्तो काव्य झुल्क्यो मुगा झैं ।
तर पनि यति छिट्टै कालको भो रजाईं
सकल युग निखन्ने काव्यका स्रोतलाई
तलतिर किन झारे चित्त मैले लगाएँ
कर दुइकन जोडी बाध्यताले उठाएँ ।
गुरुकन गरि श्रद्धा लेख्छु शैली पुरानो
जनहरू कति बुझ्लान् छन्द बन्दा बिरानो
मकन छ यति गाऱ्हो शब्दले दिन्छ धोका
तर पनि बनुँ जस्तो लाग्छ आफैं म ढोका ।
सरलपन सिकायौ, शब्दका शिल्पकार
पद- ललित फुलायौ काव्यमा बार- बार
फल-सहित फलुन् ती पङ्क्ति हुन् दिव्यवाणी
यति भनि म त लागें लेख्न तिम्रै प्रशस्ति ।

(२०४५ पुस)



(स्रग्धरा छन्द) 

## हामी गोरखाली

हामी ह्वौं गोरखाली परिचित रहने विश्वकै वीर जाति
नेपाली शान राख्ने रविकिरण झैं ज्योति बल्ने प्रभाती
रातो यो रक्त-धारा ढुक ढुक गर्दै बज्छ छाती उफारी
पुर्खाको वीरताले जगत अझसमन् काँप्छ बन्दै बिमारी ।
छोरा ह्वौं देशका यो प्रवर-गिरिमुनी बस्ति नौलो, हिमाल-
चुम्छौं हामी युवाले शिखर-तल चुली देश यौटै विशाल
हामी छौं फूलजस्तै हरहर बहने बागमा त्यो सुगन्धी
तेजी छौं, पौरखी छौं, तरुण-वय तथा श्रेष्ठ मान्छे प्रजाति ।

(मातृभूमि सेवक संघको ध्येय चिन्तन २०४५)

(शार्दूलविक्रीडित छन्द) 

## वैशाखको कामना !

खुल्दै रक्तिम पूर्वबाट पहिलो झुल्का पऱ्यो घामको
थाले उड्न चरा लिएर बचरा पङ्खा छुँदै यानको
ओर्ल्यो स्वर्णिम छाल लाल रँगमा सोल्लास बर्साउँदै
आयो लौ नव- वर्ष ! हर्ष मनमा छातीविषे पो छुँदै ।
भागे कष्ट कडा, खडा र तगडा आँधी र ब्याधी रुँदै
जागे मानिस रातको समयको निद्रा छुटी ब्यूँझँदै
गाना जीवनका गुँजे सरसिला वासन्तका धूनमा
बाजा लाख बजे, भयो झिलिमिली आनन्द औ हर्षमा ।
फारी पल्लवले पराग तरुका हल्केर हाँगा-जरा
धोयो गाजल मेघले सगरका खोली उज्यालो धरा
खोपे पर्वतले शिला रहरिला संसार टल्काउँदै
आयो लौ ! नव-वर्ष हर्ष मनमा आनन्द झल्काउँदै ।

(कान्तिपुर दैनिक, २०५६ जेठ)

# आफ्नै चिनारी

नाम- कवि एवं ज्योतिर्विद् रत्ननिधि रेग्मी "शुक्राचार्य"

पिता- स्व. कुलप्रसाद उपाध्याय रेग्मी, (२०२६ पुसमा निधन)

माता- स्व. कुन्तमाया उपाध्याय रेग्मी, (२०२२ माघमा निधन)

जन्म- संखुवा-सभा जिल्ला, वाना-७, खप्टुवा, नेपाल

हाल- ११ वर्षको उमेरदेखि काठमाडौंमा अस्थायी बसोबास ।

दाजु- भाइ तथा दिदी- बहिनी १९ जना -हाल एक्लै)

शिक्षा- प्राइमरी उत्तीर्ण, पत्रकारिता, साहित्य, ज्योतिष (स्वाध्यायन), आयुर्वेद,
पश्चिमी ज्योतिर्विज्ञान, हस्तविज्ञान शास्त्र तथा अन्य विविध ।

भ्रमण- नेपालका ४९ जिल्ला, १० अञ्चल र भारतको वनारस र सिक्कम आदि ।

भाषा ज्ञान- नेपाली साहित्य र व्याकरण तथा हिन्दी, संस्कृत र अङ्ग्रेजी आदि ।

पेशा- तीन वर्ष अध्यापन, निमित्त प्र.अ. (ढुङ्गाना गाउँ, नुवाकोट २०३९-४०) सात वर्ष विभिन्न प्रेसहरूमा भाषासम्बन्धी काम ( प्रूफरिडिङ, सम्पादनसम्बन्धी), सामाजिक सेवा (नेपाल मानव अधिकार संगठनको प्रकाशनसम्बन्धी कार्य), करीब १० वर्षतक विभिन्न पत्रिकाहरूमा स्तम्भकारको रुपमा काम गरेको, प्रवक्ता साप्ताहिक (सम्पादन सहायक), चित्रण साप्ताहिक (बागमती अञ्चल विशेष प्रतिनिधि), हिन्दू दैनिक (नेपाल अधिराज्य प्रतिनिधि), नेपालीपत्र, विमर्श र ह्यूरन आदिमा सम्पादन सहयोगी, २०४९, पछि पूर्णतः बेरोजगार, २०५७ कार्तिकदेखि २०६१ वैशाखसम्म स्पेस टाइम, दैनिकमा ज्योतिष स्तम्भकार, हाल ज्योतिष, स्वतन्त्र लेखन एवं कविता लेखनबाट गुजारा ।

प्रथमलेखन-२०३१ देखि, प्रथम प्रकाशन २०३५ देखि, प्रथम पुस्तिका २०४७ मा ।



प्रथम पुरस्कारहरू- जिल्लास्तरीय कवि सम्मेलन दिंग्ला-भोजपुर- २०३२, मा. वि., स्तरीय कविगोष्ठी २०३७ नुवाकोट, क्षत्रपाल मा.वि., शहीद दिवस (टङ्कार कविता उत्सव)- २०४३ काठमाडौं, प्रतिभा-प्रवाह २०४७ काठमाडौं, राष्ट्रिय कविता उत्सव, जोरपाटी २०४८ काठमाडौं, राष्ट्रिय युवा दिवस २०५४ काठमाडौं, युवराजा दीपेन्द्रको २५ औं शुभ-जन्मोत्सव २०५३ काठमाडौं ।

द्वितीय पुरस्कारहरू- अन्तर मा. वि स्तरीय कवि गोष्ठी वाना मा. वि संखुवा-सभा २०३३, साहित्य- सन्ध्याको वार्षिकोत्सव २०४४ काठमाडौं, युवराजा दीपेन्द्रको १९ औं शुभ- जन्मोत्सव २०४६ जावलाखेल ललितपुर ।

सान्त्वना पुरस्कारहरू-क्षेत्रीय कवि सम्मेलन आरुबारी, जोरपाटी, काठमाडौं २०४२, पुष्पलाल स्मृति दिवस २०५४ काठमाडौं ।

सम्मान-पुरस्कारहरू-सुनकोशी साहित्य प्रतिष्ठानद्वारा २०५१-२०५३ सम्म "देवकोटा विद्वत्वृत्ति", भूपालमान सिंह युवा पुरस्कार (साहित्य) र रङ्ग मञ्च पाक्षिक द्वारा सर्वश्रेष्ठ युवा घोषणा २०५२ काठमाडौं इत्यादि ।

सम्मान तथा सम्मान पत्रहरू- साहित्य- सन्ध्या २०४२ काठमाडौं, इन्हुरेड इण्टरनेसनल कविगोष्ठी २०४९, काठमाडौं महानगरपालिका कविगोष्ठी २०५१, राष्ट्रिय कवि सम्मेलन दमौली, तनहूँ २०५३, राष्ट्रिय ज्योतिष विज्ञान समिति २०५८ काठमाडौं, त्रिशूली प्रवाहको वार्षिकी सम्मान २०६० नुवाकोट, राष्ट्रिय मञ्च २०५२ काठमाडौं इत्यादि ।

अन्य विविध- नारीवादी लेखक तथा दक्षिण एशियाइ कविका रुपमा अमेरिकन स्टीभ ९क्तभबखभ० द्वारा विद्यावारिधिमा रचना समावेश २०५२, कपिल अधिकारीद्वारा ताइवानबाट "साहित्य डट नेटफर्म्स डट कम" मा समावेश २०५९ ।

सदस्यता- हाल नेपाल पत्रकार महासंघ काठमाडौं शाखा, प्रगतिशील लेखक संघ (२०४४-२०४९), सदस्य- सचिव नेपाली छन्द समिति, साहित्यिक पत्रकार संघ, क्रियाशील सदस्य नेपाल मानव अधिकार संगठन (२०४७- २०५२), राष्ट्रिय निर्वाचन पर्यवेक्षक

२०४८ काठमाडौं, जिल्ला र स्थानीय निर्वाचन पर्यवेक्षक २०४९ दोलखा, सदस्य अमेरिकन लाइब्रेरी २०४७- २०५३ काठमाडौं, सदस्य राष्ट्रिय ज्योतिष विज्ञान सेवा समिति २०५८ काठमाडौं इत्यादि ।

संगठक- तत्कालीन कम्युनिष्ट पार्टी र जनवर्गीय संगठनहरू तर २०४९ देखि स्वतन्त्र पत्रकार, स्वतन्त्र लेखक, संस्थापक देवकोटा-गेटे-शेक्सपियर ज्योतिष केन्द्र, संस्थापक महाकवि देवकोटा आश्रम, संयोजक महाकवि देवकोटा साहित्य प्रतिष्ठान, महाकवि देवकोटाको परम्भक्त इत्यादि ।

संलग्नता- ५०० भन्दा बढी गोष्ठीहरू (कवि सम्मेलन, मानव अधिकार तथा पत्रकारिता सम्बन्धी) मा सक्रिय भाग लिएको ।

प्रकाशित रचना- २०३५ मा परोपकारबाट शुरु, हालसम्म २४ सय फुटकर तथा प्रकाशन हुन एक हजार बाँकी, आन्दोलन कविता भाग १ र २ र माटोको कथा २०४७ पुस्तिकाहरू प्रकाशित ।

विषय- कविता, निबन्ध, समालोचना, समीक्षा, जीवनी, अन्तर्वार्ता, समसामयिक लेख, छिटफुट कथा, ज्योतिष, भाषा तथा पर्यटकीय स्थलहरू सम्बन्धी लेखहरू ।

ठेगाना- नेपाल अधिराज्यमै जग्गा- जमीन, घरबास नभएको,

मोबाइल नं. ९८४१२८४६३८ र

भ( ५बर्ष ब्ममचभकक- उयभतकजगपचबअजबचथब२थबजयय।अफ

प्रभाव परेका लेखक तथा कविहरू- नेपालीमा महाकवि देवकोटा, लेखनाथ पौड्याल, धरणीधर कोइराला, वी.पी., पारिजात, भानुभक्त आदि । विदेशीहरूमा- शेक्सपियर, गोर्की,टोल्स्टोय, वर्डस्वर्थ, कीट्स्, दाँते, पुस्किन, डिक्किन्सन, टैगोर, बायरन, हाइने, सिल्भिया प्लयाथ,मार्क ट्वेन, कोलरिज, इमर्सन, गेटे, बर्नार्ड शा, ह्विटमेन, कालीदास, माघ, भारवि, अमरसिंह, पाणिनी, चाणक्य, कौटिल्य, मिल्टन, मालियर, होमर, चेखव इत्यादि ।

दार्शनिकहरूमा- गौतम बुद्ध, महात्मा गान्धी, कार्ल मार्क्स, अव्राहम लिंकन, मदर टेरेसा, अल्बर्ट आइन्स्टाइन, चर्चिल, लेनिन, लुथर किंग, साई बाबा, माओत्सेतुङ् आदि ।




| | |
|---|---|
| प्रकाशक : | **महाकवि देवकोटा प्रकाशनमाला–४** |
| प्रकाशन मितिः | २०६२ चैत्र |
| छापिएको प्रतिः | नौ सय उनान्सय मात्र |
| लेखक : | **ज्यो. रत्ननिधि रेग्मी, “शुक्रचार्य”** |
| सर्वाधिकार : | लेखकमा सुरक्षित |
| कम्प्यूटर : | आफै |
| डिजाइन : | **अर्जुनप्रसाद ढुंगेल** |
| मुद्रण : | **ए.पि.एस. प्रिन्टिङ्ग प्रेस**<br>अनामनगर, फोन नं. ४२१८५६७ |
| मूल्य : | **रु. ४९।९९ पैसा मात्र ।** |

# आफ्नै कुरा

हिमालयमा पुत्रकामनाले तपस्या गरी बसेकी सरस्वतीले ब्रह्मालाई रिझाइन् । ब्रह्माको वरदानले सरस्वतीबाट काव्यपुरुषका रुपमा एक पुत्र जन्मिए । जन्मनेबित्तिकै काव्य पुरुषले "यदेतद्वाङ्मयम् विश्वमर्थमूर्त्या निवर्तते । सोऽस्मि काव्यपुमानम्ब पादौ बन्देय तावकौ ।" छन्दोबद्ध पङ्क्ति वाचन गरेर आमा- लाई दण्डवत् गरे । सरस्वती खुसी भएर पुत्रलाई काव्य रचना गर्नसक्ने वरदान दिइन् । यस्ता बालक एक दिन सरस्वती ब्रह्मलोक गएको बेला महर्षि उशना अर्थात् शुक्राचार्यले अलपत्र देखेर आफ्नै आश्रममा ल्याए । काव्यपुरुषको सामीप्यले शुक्राचार्यमा पनि कवित्वको बोध हुन गयो । भनिन्छ महर्षि शुक्राचार्य नै पृथ्वीका प्रथम कवि थिए भने पछि महर्षि बाल्मीकिले-"मा निषाद ! प्रतिष्ठांत्वमगमः शाश्वतीः समाः । यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ।" भन्ने छन्दोबद्ध पङ्क्ति रचना गरे । यसलाई नै विश्वकाव्य जगत्को पहिलो कविता मानिएको छ । पछि काव्यपुरुषको साहित्यविद्यासित विवाह भई दुवैले पद्यमा नाना रस, अलङ्कार, ध्वनि आदि प्रयोग गरे भन्ने कविसम्राट् राजशेखर याने यायावरले आफ्नो कृति "काव्य मीमांसा" मा उल्लेख गरेका छन् । यसरी हेर्दा कविलाई सरस्वतीको पुत्र सारस्वत भनेको सार्थक ठहर्न आउँछ र महर्षि बाल्मीकिलाई आदिकवि भनेर मानिएको पनि यसैकारणले हुनसक्छ । जे होस् कविसम्राट् राजशेखरको उक्ति यहाँ मननयोग्य देखिन्छ ।

संस्कृत साहित्यमा राजशेखरको महत्व अधिक छ । उनी भन्छन्- कवृ धातुबाट कवि भएको हो । कवृको अर्थ हो रचना गर्नु, त्यही कवृमा इ प्रत्यय लाग्दा कवि भएको हो । उनले स्पष्ट लेखेका छन् "कवृ वर्णने" कविता रच्नु या छन्द निर्माण गर्नु । त्यसो त भर्तृहरिको पङ्क्ति यहाँ सान्दर्भिक देखिन आउँछ, "साहित्य- संगीत- कलाविहीनः । साक्षात्पशुः पुच्छ विषाणहीनः ।" राजशेखर पुनः लेख्छन्- "काव्यशास्त्रम् विनोदेन कालो गच्छति धीमताम् ।" हुन त वाग्भट धाराका भानुभक्त, कुन्तक, जगन्नाथ-हरू "काव्यम् कुर्वीत कीर्तये" अर्थात् कविता कीर्तिका लागि लेखिन्छ, भन्छन् । जे भए पनि कविको अर्थ रचना गर्ने सामर्थ्य भएको भन्ने भनाइमा मतैक्यता पाइन्छ । त्यसो भए पनि कविताका विषयमा अनेकानेक मतहरू नभएका भने होइनन् । वामनका मतमा कवित्वका निम्ति कविप्रतिभा चाहिन्छ । महाकवि क्षेमेन्द्र भन्छन्- चमत्काररहित कवित्व कविता ठहर्दैन । उद्भटका विचारमा कविचारित रसमयपङ्क्ति कविता

ठहर्छ । आचार्य भरत, उद्‌भट, रुद्रट, रुय्यकले अलङ्कार पद्धतिलाई स्वीकार गर्छन् भने वामनले रीतिलाई काव्यको आत्मा मानेका छन् । आनन्दवर्द्धनले शब्दार्थ र ध्वनिलाई, कुन्तकले वक्रोक्तिलाई, हेमचन्द्र र भामहले गुण र अलङ्कारलाई, जयदेव र भोजले रीति, गुण, रस र अलङ्कारलाई, शौद्धोदनिक र पण्डित जगन्नाथले- "अलङ्कारस्तु शोभायै रस आत्मा परम् मत" लाई कवि या काव्य मानेका छन् । हाम्रै अग्निपुराणको ३३७७ श्लोकमा लेखिएको छ-"काव्यम् स्फुरदलम्कारम् गुणावद्दोष वर्जितम् ।" "अदोषौ सगुणौ सालंकारौ च शब्दार्थ काव्यम्" इत्यादि । यी सबैको सार हो गुणले युक्त र दोषले रहित, मन रमाउने पङ्क्ति रचना गर्नु नै कविता हो भन्ने बुझिन्छ । प्रसादको भाषामा"आत्माको संकल्पात्मक अनुभूति कविता हो" भने सुमित्रानन्दन पन्तको विचारमा "परिपूर्ण क्षणको वाणी" कविता हो । धनञ्जय, धनिक, कविकण्ठाभरणले पनि रसमय वाक्यलाई कविता मानेका छन् । महाकवि देवकोटा भने- "दर्शन भ्रम हो र कविता सत्य हो" भन्छन् । अझ समले त के सम्म भनेका छन् भने- "जब मानिस केही गर्न सक्तैन, फेरि केही नगरी बस्न सक्तैन, तब ऊ कविता गर्छ ।" रवीन्द्रनाथ ठाकुरले- "आत्माभिव्यक्ति नै कविता" मानेका छन् । कवितामा पश्चिमी मान्यता अलि बेग्लो भेटिन्छ । शुकरातले- दैवी प्रेरणालाई, अरस्तूले- प्रकृतिको अनुकरणलाई, ड्राइड्रेनले- सुस्पष्ट संगीतलाई, मिल्टनले पद्यमय प्रबन्धलाई, क्रोचे, हीगल र गेटे-हरूले- आत्माभिव्यक्तिलाई, कार्लाइलले- छन्दोबद्ध गेय संगीतलाई, वर्डस्वर्थले- प्रबल अनुभूतिको सहज उद्रेकलाई, प्लेटोले- अनुकरणको पनि अनुकरणलाई, हेज्लिटले- कल्पना र भावको भाषालाई, जोन्सनले- कल्पनाद्वारा सत्यलाई समन्वित गर्ने कलालाई, रस्किनले- कल्पना र भावना को व्यञ्जना गर्ने कलालाई, सिड्नीले- बोल्ने चित्रलाई, कलरिजले- निवद्ध सर्वोत्तम शब्दलाई र शेलीले-करुण उत्पन्न गर्ने मिठो संगीतलाई नै कविता मानेका छन् ।

प्रस्तुत सङ्ग्रह कति प्रतिशत कविता भए वा भएनन् ? जाँच्ने कसी समयको जिम्मा छाडिदिऊँ । म त्यस्तो बिरलाकोटिको कविचाहिं निश्चय नै होइन । एक त पुराना कविता, त्यसमा पनि जानी- नजानी छन्दको आस्वाद भर्न खोजेको सिकारु पाराका कविता भए होलान् । यसले पाठकवर्गमा त्यति रस उत्पन्न गर्न पक्कै सकोइन । न त यिनमा प्रकृतिको पर्याप्त चित्रण नै गर्न सकिएको छ । सामाजिकरुपमा पनि यसले त्यति ठूलो



स्थान पाउन सक्छजस्तो मलाई लाग्दैन । हुन त रचना गर्नु भनेको मामुली विषय होइन । त्यसकारण रचनाकारलाई ब्रह्माको उपाधि दिनु मुनासिब हुन्छ । तर यसमा त्यस्तो "विपुल" रचना छैन र हुन सक्ने विषय पनि होइन । वास्तवमा कविशब्दको सुशोभन कि त कालिदासलाई कि त देवकोटालाई सुहाउला ! यसर्थ मैले आफूलाई भर्खरको सिकारु वा "कच्चा कवि" का रुपमा मात्र मूल्याङ्कन गरेको छु । फेरि विचार र कलाको सम्मिश्रणलाई रचना भन्ने आजको युगमा विचार पक्षले किचेको आरोप पनि नलाग्ला भन्न सकिन्न । यिनमा अलङ्कार पटक्कै छैन भने हुन्छ, गूढ अर्थ बोक्ने वा बोकेको पनि पाइँदैन । केही कविताहरू "स्तुतिपरक छन्" भन्ने लाञ्छना पनि लाग्न सक्छ । तर चाकरी चाहिं होइन । यसो गर्नुमा राष्ट्रिय कारण पनि हुनसक्छ । यिनमा त्यति परिष्कार हुनपाएन, समय पनि त्यस्तै भयो । यो एउटा खोटी पक्ष भएको छ । जे भए पनि, कमजोरीप्रति पाठक वा विद्वत्‌वर्गले क्षमा दिनुहुने कुरामा म विश्वस्त छु ।

कवि बन्ने तीव्रचाहना मलाई नभएको चाहिं पटक्कै होइन । बहुत प्रयत्न गरें । त्यसकै लागि घरबार परिवार केही जोडिएन । बन्द- व्यापार पनि गरिएन । जागिर खाइएन । अर्थोपार्जन हुने केही काम गरिएन । यसैका लागि राजनीति पनि छाडें । तर दुर्भाग्य ! त्यही "कवि कर्म" गर्नचाहिं पाइएन । परिस्थितिको बाध्यताले अनेक प्रकारका लेख लेखेर बाँच्नुपर्‍यो । तीप्रति म आफैं असन्तुष्ट छु । हुन त महाकवि देवकोटाले मुना- मदनको प्राक्कथनमा "पेशाले बिग्र्‍यो कविको धर्म.......।" लेखेका छन् । पहिले किन त्यसो भनेको होला भन्थें, अहिले मै त्यो पङ्क्तिको शिकार भइरहेको छु । जसको कारण राम्रो गर्न सकिएन । हुन त साहित्य शब्दको परिभाषा खोज्दा स- हित शब्दको वृद्धि हुन गई साहित्य भएको देखिन्छ । स- हित भन्नु नै हितले सहित अथवा सबैको कल्याण गर्ने भन्ने हो । यदि रचनाले लोकको कल्याण गर्दैन भने त्यो साहित्यको श्रेणीभित्र पर्न सक्दैन भन्ने मान्यतालाई आत्मसात गर्दा यी कविताहरू साहित्यको श्रेणीमा पर्न गाह्रो छ । कविलाई भाषा, संस्कृति, परिवेश र विश्वको आर्थिक संरचनाबारे पर्याप्त ज्ञान हुनु आवश्यक छ । यसमा तिनको अभाव टड्कारो देखिन्छ । चाहेर पनि सबैको हित चिताउन सकिएन । त्यसकारण यो नपोलेको ईंटाले बनाएको कच्ची घरजस्तो मात्र भएको छ । यिनमा रंग- रोंगन गर्नु वा खुस्बुदार पालिस गर्नु त असम्भवै भयो । फेरि कसैलाई भूमिका वा समालोचना गर्न दुइ कर जोडिएन । यदि त्यसो गरिएको भए त्रुटि केलाउन

सजिलो हुने थियो । अझ छन्दजस्तो दुरुह विषयलाई अंगीकार गर्दा धेरै असजिलो पनि भयो । त्यसले केही शब्दहरू परिवर्तन गर्दा पहिलेको भाव तल- माथि पनि पर्न गएका छन् । पत्रिकामा छापिंदासमेत ह्रस्व- दीर्घ बिग्रिएर छन्द भंग भएका थिए । काव्यमा दोष देखियो भने कुरुप र भद्दा हुन जाँदो रहेछ । यसमा पनि त्यस्तै भएको छ । शायद छन्दका मर्मज्ञ कमल दीक्षितले यसलाई "अलिनो तरकारी" को रुपमा ब्याख्या गर्नुहोला भन्ने मलाई डर छ । अरु त अरु यति धेरै विद्वान् भएको देशमा यो संग्रहको गति हेरेर ममाथि आलोचनाको वाण- वर्षा नहोला भन्न सकिन्न । जे भए पनि खप्नैपर्ने धर्तीको नियति भएकाले मैदानमा उत्रने जमर्को गरेको छु । कुनै बेला म आफैंले-"गाऱ्हो हो कवि बन्नु तैपनि यहाँ सम्झन्छ कल्ले रवि ? मानौं निर्जनतुल्य भै सडकमा रुन्छन् अभागी कवि ।" भनेर लेखेको थिएँ । शायद अहिले पनि सबैको हालत त्यस्तै रहिरहेको होला ।

यस संग्रहभित्रका कतिपय कविताहरू खण्डकाव्यका लागि आरम्भ गरिएका थिए । तर, गाँस- बास र कपासको समस्याले तिनले वृहताकार हुन पाएनन् । बेरोजगारीको समस्या मलाई यति चर्को पऱ्यो कि कतिपल्ट त यिनलाई जलाइदिऊँ झैं लाग्यो । "देवकोटा महाकाव्य" का लागि आठ वर्षजति त डेरा खोज्दैमा गयो । तर अझै पाउन सकिएन । शायद कविका लागि नेपाल विरानो मुलुक रहेछ क्यारे ! त्यसमा पनि ज्योतिष र आयुर्वेद पढेपछि दशतिरको झ्याउलाले झन् लेखनमा बाधा पुग्यो । आखिरमा घुम्दै-फिर्दै रुम्जाटार भने झैं पुनः लेखनलाई नै आत्मसात गर्न बाध्य भएँ । ज्योतिषमा खगोलविद् बन्ने मेरो चाहना अधुरै रह्यो । त्यसो त पहिले सत्र वर्षजति कम्युनिष्ट धारामा हिंडियो । धेरै गोता पनि खाइयो । घरबासै रहेन । राजकाज मुद्दा र अन्य झन्झटले सताउनु सतायो । २०४९ देखि सबै छोडियो, तर कुनै दलमा पनि गइएन । त्यसबेला आँखाको कारणले मैले केही गर्नसक्ने अवस्था थिएन । यसलाई ध्यानमा राखेर सुनकोसी साहित्य प्रतिष्ठानले २०५१ देखि २०५३ सम्मका लागि "देवकोटा विद्वत्वृत्ति" प्रदान गऱ्यो । र २०५६ वैशाखमा भूपालमान सिंह प्रतिष्ठानले "युवा साहित्य पुरस्कार" दियो । यी दुवैको रकम २०५४ मा बिरामी पर्दा अस्पताल र औषधिमै सकियो । यसले गर्दा स- सानो पुस्तक बनाउन पनि सकिने अवस्था रहेन । फेरि हाम्रो मुलुकमा निर्धाको रचना प्रकाशित गरि दिने संस्था पनि थिएनन् । कविको मनोदशा बुझिदिने मान्छे पनि हुन्छन्



र ! भन्ने लबज लाई परिवर्तन गर्नसकिएको भए काव्यहरूको लेखनमा लाग्न पाइने थियो । शायद मेरो पनि यसमा दोष त पक्कै छ होला । किन कि राजनीतिमा पनि मेरो राम्रै ठाउँ नभएको होइन । तर जेमा पनि विद्रोह देख्ने मेरो बानीले निर्माणमा भन्दा विध्वंशमा आत्मकेन्द्रित गऱ्यो । त्यसले सिर्जनामा प्रशस्त दोष देखायो । यसलाई मैले अक्षम्य गल्तीका रुपमा लिएको छु । यहीकारण रचनामा विपुलता वा सिर्जनाधर्म निर्वाह हुनपाएको देखिंदैन । पक्कै हो मलाई ढाढस दिने प्राज्ञ आनन्ददेव भट्ट, मदन रेग्मी, कमल दीक्षितजस्ता व्यक्तित्वलाई मैले नसम्झँदा अन्याय हुनजान्छ । सहयोग गर्नेहरूको सूची निकै लामो हुन सक्छ । तर दुर्भाग्य ! तिनको प्रकाशनमा कुनै पहुँच छैन । जसका छन् उनीहरूसित मेरो सम्बन्धनै छैन । यदि त्यसो नहुन्थ्यो भने लेखन शुरु गरेको ३१ वर्ष तथा छापिन थालेको २७ वर्ष हुँदा पनि एउटा पुस्तकाकार पाउन सकेनन् ती रचनाले । शायद राम्रो नभएर पनि होला । राम्रा भएकाले अतिरञ्जित प्रचार नपाएर पनि होला । जे भए पनि "सुनकोसी साहित्य प्रतिष्ठान", "भूपालमानसिंह प्रज्ञाप्रतिष्ठान" वसन्तकुमार चौधरी लगायतका संघ-संस्थाहरूलाई पनि धन्यवाद नदिई रहन सक्दिनँ,जस्ले मलाई"आत्म-हत्या" वा "पलायन" वा "प्रवासी" हुनबाट रोके । शायद त्यस्तो मार्गमा लागिएको भए स्थिति अर्कै हुने थियो होला ।

मेरा रचनामा प्रशस्त त्रुटिहरू छन् । वृहत्काव्यको पूर्वमा परीक्षणजस्तो मात्र हो यो । फेरि झ्याउरे र गद्य कवितालाई यहाँ अटाउन सकिएन । झ्याउरे महाकवि देवकोटाको प्रिय छन्द हो । गद्यमा पनि देवकोटाले उहिल्यै महाकाव्य नलेखेका होइनन् । मलाई लाग्छ आफूबाहेक कसैले नबुझ्ने गद्य कवितामा दिनहूँ यौटा खण्डकाव्य तयार गर्न सकिन्छ । त्यसमा तगण मगण मिलाइरहनु पर्दैन । मलाई लाग्छ छन्दमा लेखिएको कविता सिंगारयुक्त तरुणी र गद्यमा लेखिएको कविता लुगा लाउन नजान्ने षोडशी भनेमा अत्युक्ति हुने छैन । साँच्चिकै बाजी पऱ्यो भने छन्दमै पनि हरेक हप्ता खण्डकाव्य तयार गर्न सकिंदो हो । मैले केही समय हाई स्कूलमा नेपाली पढाउँदा जति ब्याकरणको तयारी गरेको थिएँ, त्यही नै आजतक काफी छ । यसमा अब अलिकति मिहिनेत गर्ने हो भने ओजपूर्ण महाकाव्य लेख्न सहजै सकिन्थ्यो कि ! यहाँ भन्नैपर्ने अर्को कुरा पनि छ, त्यो के भने कविताहरू ज्यादा लामा भए । ठाडो र घिनलाग्दो भाषामा लेख्ने र पढ्ने बानी परेको मानिसहरूलाई भने यो त्यति पाच्य नहुन सक्छ । वास्तवमा छन्दको आफ्नै महत्व छ । भनुँ भने छन्द कविताको मुटु हो ।

संस्कृत साहित्यमाजस्तो गद्य कविता आजतक अन्य भाषामा लेखिएका छैनन् भने हुन्छ । तर सूक्ति र उक्ति बाहेक कुनै पनि जीवित रहेनन् । पश्चिमी साहित्यमा पनि छन्दको उत्तिकै महत्व रहेको पाइयो । मैले अमेरिकन र वृटिश लाइब्रेरीमा अंग्रेजी साहित्यको अध्ययन गर्ने मौका पाएको थिएँ । त्यहाँ पनि छन्दलाई नै बढी महत्व दिइएको पाइयो । मिल्टन, दाँते, शेक्सपियरहरू पनि छन्दमै बाँचेका छन् । यसकारण गद्यकवितालाई आधुनिक भनिएको होइन रहेछ, विचारपक्षलाई भनिएको रहेछ भन्ने अंग्रेजी साहित्यको अध्ययनबाट मात्र थाहा पाएँ । त्यसरी छन्द, अलंकार उत्पन्न गर्नसक्ने व्यक्तिलाई मनीषि, कवि आदि भनिएको रहेछ । यहाँनिर भर्तृहरिको एउटा पंक्ति "कविर्मनीषी परिभू: स्वयम्भू:" लाई उल्लेख नगरी रहन सक्दिनँ । आफैं, सहजरुपमा व्यक्त हुने छन्द कवितालाई कुनै कसी लगाइरहनु पर्दैन । छन्दको महत्व दीर्घकालीन हुन्छ र गद्यको अल्पकालीन । मैले २२।२५ भन्दा बढी छन्द खेलाउन सकेको छैन । जो आफैंमा पूर्णता भने होइन । त्यसकारण यति कन्नुपरेको हो । भाषिकरुपमा पनि प्रशस्त त्रुटिहरू छन् । अरु संस्करणहरूमा सच्याउन सकिने ठाउँ मौजूद छ । आफैंले टाइप गरे पनि पेज डिजाइन गरिदिने अर्जुनप्रसाद ढुंगेललाई र मुद्रण गरिदिने ए.पि.एस.प्रेस अनामनगरलाई पनि हृदयदेखि नै धन्यवाद टक्र्याउँछु । पढिदिने पाठक, बुझिदिने सज्जन, सुझाब दिने आलोचक पत्र-पत्रिकाहरू तथा सञ्चारलगायत सबैका सबै धन्यवादका पात्र छन् । यसपल्टलाई यत्ति नै । अन्तमा आफ्नै पङ्क्ति-

"फुल्छन् गुलाफ पनि ती रुखबीच काँढा
झाँगिन्छ वृक्ष हरियो लिइ रङ्ग गाढा
अल्छी भए जगत नै मरुतुल्य बन्छ
गर्दा प्रयास नहुने कुन चीज हुन्छ ?"

सहित अहिलेलाई बिट मार्ने अनुमति माग्छु । जय देश ! जय नेपाली भाषा-साहित्य ! एवमस्तु ।

**-महाकवि देवकोटा आश्रम (हालः बेघर)**
मोबाइल ९८४१२८४६३८
भ(ञबर्ष ब्ममचभकक- उयभतकजगपचबअजबचथब२थबजयया।अफ



# अनुक्रमणिका


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १) | गङ्गालाल | १ |
| २) | ढाक्रे | २ |
| ३) | महाकविप्रति | ४ |
| ४) | नारायणगोपालप्रति | ६ |
| ५) | प्रण-वाचा सधैं गर | ७ |
| ६) | पारिजातप्रति | ९ |
| ७) | समप्रति | १० |
| ८) | पुष्पलालप्रति | १२ |
| ९) | एक मजदूरको कथा | १३ |
| १०) | बेइमानी नेता | १५ |
| ११) | नारी-१ | १६ |
| १२) | छोरी | १८ |
| १३) | आमा | १९ |
| १४) | नारी दिवस | २० |
| १५) | आमा-२ | २१ |
| १६) | युवा | २२ |
| १७) | मण्डेला | २४ |
| १८) | अन्तर्राष्ट्रिय शान्ति वर्ष | २४ |
| १९) | नयाँ वर्ष | २५ |
| २०) | गणेशमानसिंहप्रति | २७ |
| २१) | मान्छे | २८ |
| २२) | बाँझो नचिर्नु किन ? | ३० |
| २३) | वर्षा | ३० |

# अनुक्रमणिका


| क.सं. | विषय | पृष्ठ |
|---|---|---|
| २४) | नेपाल यो दुख्तछ | ३१ |
| २५) | देश | ३३ |
| २६) | कामना | ३४ |
| २७) | गाउँलाई सम्फँदा | ३५ |
| २८) | नयाँ वर्ष-२ | ३७ |
| २९) | वि.पी. लाई चिठी | ३८ |
| ३०) | हाम्रो आर्षभूमि | ३९ |
| ३१) | बिर्स्यौ मलाई किन ? | ४१ |
| ३२) | हे देवकोटा तिमी ! | ४३ |
| ३३) | मोतीराम भट्टप्रति | ४४ |
| ३४) | शहीद | ४६ |
| ३५) | नारी-१ | ४६ |
| ३६) | नारी-२ | ४८ |
| ३७) | शहीद-२ | ४९ |
| ३८) | भूकम्पले ताडित | ५० |
| ३९) | भानुभक्तलाई चिठी | ५२ |
| ४०) | खै के भो कविता ? | ५४ |
| ४१) | मजदूर | ५५ |
| ४२) | मेघालयको चिठी | ५६ |
| ४३) | हाम्रो भयो दुर्दशा | ५८ |
| ४४) | लेखनाथप्रति | ५९ |
| ४५) | महाकविको बिदाइ | ६१ |
| ४६) | पैसा | ६३ |
| ४७) | गाउँको सम्फनामा | ६४ |
| ४८) | नयाँ वर्ष-२ | ६६ |




# अनुक्रमणिका


| क.सं. | विषय | पृष्ठ |
|---|---|---|
| ४९) | भरिया | ६७ |
| ५०) | लक्ष्मीप्रसाद देवकोटा | ६८ |
| ५१) | गरीब | ६९ |
| ५२) | पैसा अनमोल ! | ७१ |
| ५३) | कवि देवकोटा | ७२ |
| ५४) | पराजय | ७३ |
| ५५) | नयाँ वर्ष आयो | ७४ |
| ५६) | देश छोड्नेको कथा | ७५ |
| ५७) | साहित्यमा विसंगति | ७७ |
| ५८) | म शून्यमा शून्य........ | ७९ |
| ५९) | किसान-चोला | ८१ |
| ६०) | दिनमात्र गन्छौं ? | ८२ |
| ६१) | कटु यथार्थता | ८३ |
| ६२) | म जान्छु टाढा | ८५ |
| ६३) | बद्रीविक्रम थापाप्रति | ८६ |
| ६४) | घामै छ प्यारो..... | ८८ |
| ६५) | छोरीको बिदाई | ८९ |
| ६६) | लेखनाथप्रति | ९१ |
| ६७) | हामी गोरखाली | ९२ |
| ६८) | वैशाखको कामना | ९२ |

# कविता-कुसुम

कवि एवं ज्योतिर्विद्

रत्ननिधि रेग्मी, "शुक्राचार्य "



## महाकवि देवकोटा साहित्य प्रतिष्ठानको सूचना

केही समय देखि स्थगित रहेको महाकवि देवकोटा साहित्य प्रतिष्ठान पुनःसंरचना गर्नु पर्ने भएकाले नेपाली वाङ्मय सेवीहरुबाट समिति बनाउन आवश्यक सहयोग गरिदिनु हुने छ। प्रतिष्ठानको सदस्यता निम्ति बढीमा रु १०००।- र आजीवन सदस्यताका लागि बढीमा रु १०,०००।-र समितिको संचालकमा रहनका लागि घटीमा पनि एउटा साहित्यिक कृति छापिएको हुनु पर्ने छ।

संयोजक

**रत्ननिधि रेग्मी "शुक्राचार्य"**

मोवाइलः ९८४१२८४६३८